# स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना २०८०

## हिमाली गाउँपालिका, धुलाचौर, बाजुरा




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016


प्रकाशक :

**हिमाली गाउँपालिकाको कार्यालय, धुलाचौर बाजुरा**
**स्थानिय विपद् व्यवस्थापन समिति, हिमाली गाउँपालिका**

INTERNATIONAL NEPAL FELLOWSHIP

प्राविधिक सहयोग
आई.एन.एफ. बाजुरा शाखा

# दस्ताबेजको नाम : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना
## Document Name: Local Disaster and Climate Resilience Plan (LDCRP)

## तयार गरिएको वर्ष : २०८०

## तयार गर्ने : हिमाली गाउँपालिकाको कार्यालय, धुलाचौर बाजुरा, सुदुर पश्चिम प्रदेश


- हिमाली गाउँपालिकाको कार्यालय
- धुलाचौर
- फोन नं ९८५८०२१४२१, ९८६६८११५१
- इमेल ito.himalirulmun@gmail.com
- Email: ito.himalirulmun@gmail.com


## आवरण चित्र : हिमाली गाउँपालिकाको श्रोत नक्सा

## प्राविधिक सहयोग : आई.एन.एफ. बाजुरा शाखा

**धन्यवाद ज्ञापन ।**

# विषयसूची

**खण्ड १ परिचय तथा पृष्ठभूमि (७ -१२)**
पृष्ठभूमि ..... ४
गाँऊपालिकाको भौगोलिक तथा सामाजिक अवस्था ..... ५
योजनाको उद्देश्य ..... ९
योजनाको आवश्यकता तथा महत्व ..... १०
योजनाका सीमा ..... १०
योजना निर्माण प्रक्रिया विधि ..... ११
योजना कार्यान्वयन रणनीति ..... १२
योजनाको अनुगमन, मुल्याङ्कन तथा पुनरावलोकन ..... १२
**खण्ड २ प्रकोप, संकटासन्नता, क्षमता र जोखिमको विश्लेषण (१४- ३७)**
प्रकोपको पहिचान तथा स्तरीकरण ..... १४
प्रकोप विश्लेषण ..... १५
सङ्कटासन्नता स्तरीकरण ..... १८
वडा तथा बस्तीहरुको संकटासन्न अवस्था ..... २०
गाउँपालिकाको क्षमता विश्लेषण ..... २२
जोखिम पहिचान तथा विश्लेषण ..... २६
वडा तथा टोलगत समस्या तथा जोखिमको अवस्था ..... २७
जोखिम न्यूनिकरण तथा प्रतिकार्यका लागि पूर्वतयारी आवश्यक उपायहरु ..... २९
गाँऊपालिकाको संस्थागत विश्लेषण ..... ३१
तापक्रम र वर्षाको विश्लेषण ..... ३५
लक्षित समूह छलफलका निर्ष्कष ..... ३६
समुदायको विपद् सामानाको अपायहरु ..... ३७
**खण्ड ३ दिर्घकालिन सोंच, परिदृश्य, लक्ष्य, नीति तथा रणनीति (३९-४१)** ३९-४०
गाँऊपालिकाको जनसंख्या विवरण, अपाङ्गता विवराण र वडा सम्पन्न्ता विवराण ..... ४१
**खण्ड ४ स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना (४२-६५)**
जनचेतना तथा क्षमता अभिवृद्धि सम्वन्धि योजना ..... ४२
जोखिम न्यूनिकरण योजना ..... ४५
आपत्कालिन पूर्वतयारी योजना ..... ४९
विपद् पश्चात्का पुर्नलाभ अर्न्तगत पुर्नस्थापना र पुर्ननिर्माणका क्रियाकलापहरू ..... ५२
स्थानिय विपद् तथा जलवायु उत्थानशिल समिति र योजना तर्जुमा उप समितिको स्वरुप ..... ५३
विपद् तथा जलवायु उत्थानशील समितिको काम, कर्तव्य र अधिकार ..... ५४
विषयगत कार्यदलहरुको स्वरुप ..... ५५
विषयगत कार्यदलहरुको काम कर्तब्य तथा अधिकार ..... ५७
गाँऊपालिकाको विपद् प्रतिकार्य योजना ..... ६०
सन्दर्भ सामाग्री ..... ६५
अनुसुचीहरु ..... ८१

# खण्ड - १ : परिचय

## १.१ पृष्ठभूमि :

नेपाल विभिन्न प्रकारका प्राकृतिक तथा मानव सिर्जित प्रकोपहरुबाट प्रभावित छ । ८० प्रतिशत भन्दा बढी जनसंख्या बाढी, पहिरो, हावाहुरी, असिना, आगलागी, भूकम्प र हिमताल विष्फोटन जस्ता प्रकोपहरुको जोखिममा छन् । नेपाल विश्वमा २० औं विपद् संकटासन्न राष्ट्र भित्र पर्दछ । यस्तै गरेर भौगर्भिक रुपले उच्च जोखिममा रहेको कारण जुनसुकै बेला जान सक्ने प्रलयकारी भूकम्पको समेत उच्च जोखिममा रहेको छ । विश्वब्यापी रुपमा भूकम्पीय जोखिमका दृष्टिले नेपाल ११ औ तथा जलवायु परिर्वतनका जोखिमको दृष्टिले चौथो स्थानमा रहेको छ । गृह मन्त्रालयको तथ्यांक अनुसार विगत दुई वर्षमा मात्र १३ प्रकारका प्रकोपहरु अन्तर्गत जम्मा २९४० विपद्का घटनाहरु घटेको देखिन्छ । यस अवधिमा मात्र ९७०८ जनाको मृत्यु भएको देखिन्छ भने २०७२ मा गएको विनाशकारी भूकम्पका कारण मात्र ८९७० जनाको ज्यान गएको थियो । यस तथ्यांकले नेपालका प्राय सबै भूभाग बहुप्रकोपको जोखिममा रहेको पुष्टि गर्दछ ।

हिमाली गाँउपालिका पनि विभिन्न बहुप्रकोपको जोखिममा रहेको समथर तथा उर्वर कृषि क्षेत्र भएको गाँउपालिका हो । यस गाँउपालिका पहिरो, बाढी, आगलागी, सुख्खा खडेरी ,स्वास्थ्य समस्या (झाडापखला, प्रजनन स्वास्थ्य, आँखा संक्रमण, निमोनिया, श्वासप्रश्वास र दिर्घ रोग, पाठेघरको समस्या, असुरक्षित गर्भपतन), सडक दुर्घटना, असिना, हावाहुरी र जलवायु परिवर्तनको प्रभाव जस्ता प्रकोपहरुको उच्च जोखिममा रहेको छ । यस सन्दर्भमा नेपाल सरकारबाट स्वीकृत “विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०,” विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापान ऐन २०७४ (प्रथम संशोधन २०७५), विपद् जोखिम न्यूनिकरण तथा ब्वस्थापन निति २०७५, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ तथा यसको परिमार्जन मस्यौदा निर्देशिका २०७४ मा व्यवस्था भए बमोजिम विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनको क्षेत्रमा पूर्वतयारी, रोकथाम, अल्पिकरण, प्रतिकार्य, पुनस्थापना र पुर्ननिर्माण तथा अनुकुलनको कार्यलाई विशेष महत्व दिइएको छ । विपद् उत्थानशील समाज निर्माणका लागि विकास योजनामा विपद् तथा जलवायु उत्थानशिलताको सवाललाई एकीकृत रुपमा मूलप्रवाहीकरण गर्न जिम्मेवार निकायले पहल लिन आवश्यक भइसकेको छ ।

यस सन्दर्भमा विपद् तथा जलवायु उत्थानशिलतालाई केन्द्र देखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा मूलपव्राहीकरण गर्नुपर्ने यथार्थतालाई आत्मसात गरी दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न प्रभावित सबै वर्ग, समुदाय एवं क्षेत्रको पहुँच र स्वामित्व स्थापित हुने गरी स्थानीय श्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालन गर्नुपर्ने आजको आवश्यकता हो । यस योजना निर्माण प्रक्रियालाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन२०७४ (प्रथम संशोधन २०७५, विपद् जोखिम व्यवस्थापन राष्ट्रिय निति २०७५, विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति कार्ययोजना २०१८-२०३०,को मूल भावना तथा मर्मलाई आत्मसात गर्दै विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापान ऐन २०७४ परिच्छेद ७, दफा १७ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा १(न) ले दिइएको अधिकार प्रयोग गरी समावेशी र जलवायू उत्थानशीलताका विषयहरु समेत समावेश गर्दै हिमाली गाँउपालिकामा आई.एन.एफ.हिमाली शाखाको प्राविधिक सहयोगमा यस स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना, २०८० निर्माण गरी लागु गरिएको छ ।

## १.२ हिमाली गाँउपालिकाको भौगोलिक तथा सामाजिक अवस्था

हिमाली गाउँपालिका नेपालको संविधानको धारा २९५ उपधारा ३ बमोजिम कायम भएका गाउँपालिका तथा नगरपालिकाहरु मध्येको एक स्थानीय तह हो । बाजुरा जिल्लाको सदरमुकाम मार्तडीबाट करिब ७५ कि मी टाढा उत्तर पुर्वि दिशामा रहेको यस हिमाली गाउँपालिकाको कुल क्षेत्रफल ८३०.३४ वर्ग कि मी रहेको छ । गाउँपालिका भौगोलीक अवस्थितिका हिसावले हेर्दा २९ डिग्री २८ मिनेट ५० सेकेन्ड उत्तरदेखी २९ डीग्री ५७ मिनेट १० सेकेन्ड उत्तरी अक्षांश र ८१ डीग्री २९ मिनेट ४० सेकेन्ड पुर्व देखी ८१ डीग्री ४७ मिनेट ४० सेकेन्ड पुर्वी देशान्तरमा फैलीएको छ । यस गाउँपालिकाको सिमाना पुर्वमा मुगु जिल्ला, पश्चिममा वझांङ जिल्ला, उत्तरमा हुम्ला जिल्ला र दक्षिणमा बुढीनन्दा नगरपालिका रहेको छ ।

( श्रोत : गाउँपालिकाको प्रोफाईल तथा जिल्ला विपद प्रतिकार्य योजना २०७९ )

## १.३ गाँउपालिकाको जनसंख्या विवरण

| क्रस | वडा नं | घरधुरी संख्या | जनसंख्या | | |
|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा |
| १ | १ | २०७ | ६२८ | ५६५ | ११९३ |
| २ | २ | २१३ | ६६१ | ५७३ | १२३४ |
| ३ | ३ | १६४ | ४५६ | ४८८ | ९४४ |
| ४ | ४ | २५२ | ६६२ | ६६३ | १२८५ |
| ५ | ५ | ३६१ | ९२१ | ९५० | १८७१ |
| ६ | ६ | ६२४ | १४७४ | १५८१ | ३०५५ |
| ७ | ७ | १७७ | ३३३ | ३९४ | ७२७ |
| | **जम्मा** | **१९९८** | **५१३५** | **५२१४** | **१०३४९** |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

**१.४ पेशागत विवरण :**
पशुपालन र कृषि यहाँको प्रमुख पेशा हो । यस हिमाली गाउँपालिकामा केन्द्रीय तथ्यांक विभागको तथ्यांक अनुसार सबैभन्दा बढी मानिसहरुले कृषिलाई आफ्नो पेशा बनाएका छन् । पेशागत विवरण हेर्दा यो गाउँपालिकाको ४०५३ को केषि, ४२१ को रोजगारी, २८५ को सरकारी तथा प्राइभेट जागिर, ३३९ विद्यार्थी, २१५ व्यापार व्यवसाय, ६१ ज्यालामजदुरी रहेको छ । जिल्लाको विकट गाउँपालिका हुनाको साथसाथै यहाँ कृषिको प्रचुर सम्भावना भने रहेको छ । उच्च पहाडि भेगमा हुने फलफुल, खेतिपाती, गाइवस्तु पालन यहाँका प्रमुख कृषिजन्य पेशाहरु रहेका छन् ।
१.५ **मुख्य व्यापारिक केन्द्रहरू :**
यस गाउँपालिका क्षेत्रभित्र स्थानीय स्तरमा सञ्चालनमा रहेका साना खुद्रा पसलहरु बाहेक बजारक्षेत्रको रुपमा कुनै पनि क्षेत्रहरु विकसित भइसकेका छैनन्। यद्यपी यहाँका मुख्य व्यापारिक केन्द्र भनेको नै गाउँपालका केन्द्र रहेको स्थान धुलिचौर नै रहेको छ । प्रत्येक वडाका वडाकार्यालय वरिपरि रहेका खुद्रा तथा गाउँघरे किराना, चियानास्ता, फलफुल पसलहरु नै यहाँका मुख्य व्यापारिक केन्द्रहरु रहेका छन् । यहाँका मानिसहरुको लागि दैनिक अत्यावश्यक सरसामान खरिद गर्ने स्थान हुन । यी स्थानीय बजारबाट भेडाबाखा, लत्ताकपडा र जडिबुटीहरुका साथसाथै स्थानीय स्तरमा उत्पादन हुने फलफुलको व्यापार गरिन्छ ।

**१.६ खानेपानी तथा सरसफाई :**
हिमाली गाउँपालिकामा खानेपानीको मुख्यस्रोतका रुपमा पाइपको धारा नै रहेको छ । तथापि विभिन्न वडाहरुमा एउटै घरले विभिन्न खानेपानीको स्रोतको प्रयोग पनि गर्ने गरेका छन् । यस गाउँपालिकामा पाइपको धारालाई खानेपानीको मुख्य स्रोतको रुपमा लिने घरधुरी ७५२ रहेका छन भने ढाकिएको कुवाप्रयोग गर्ने १ घरधुरी, नढाकिएको कुवा प्रयोग गर्ने १९ घरधुरी, ढुङ्गेधारा अथवा मुलको प्रयोग गर्ने ८५५ र खोला वा खोल्सालाई खानेपानीको मुख्य स्रोतको रुपमा लिने घरधुरी ६७ घरधुरी रहेका रन् । १२६ घरधुरीसँग पक्की फल्स शौचालयको व्यवस्था छ । त्यसै गरी कच्ची शौचालयहुने घरधुरीहरु २७९ रहेका छन् । पक्की सौचालयमा सिमेन्ट र प्यानको प्रयोग गरिएको छ भने कच्ची सौचालयलाई, काठको फल्याक, खर, पराल वा प्लाष्टिकले घेरेर बचिमा खाल्डो खनि प्रयोग गर्ने गरिएको छ ।
**१.७ स्वास्थ्य :**
राजनीतिक रुपमा ७ वडामा विभाजित यो गाउँपालकामा ३ वटा स्वास्थ्य संस्थाहरु रहेका छन् जसमा विच्छिया स्वास्थ्य चौकी, रुगिन स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य केन्द्र धिम रहेका छन् । यो गाउँपालिकामा सामान्य खालको उपचार हुने, कुनै पनि अलि जटिल रोग लागेको खण्डमा जिल्ला सदरमुकाम, नेपालगञ्ज, भारत वा काठमाडौँ जानुपर्ने वाध्यता यहाँको रहेको छ ।

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

**१.८ अपाङ्गता भएका व्यक्तिहरुको विवरण :**

| वडा नं | रातो कार्ड | निलो कार्ड | पहेलो कार्ड | सेतो कार्ड | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | १ | १५ | १० | १ | १७ | १० | २७ |
| २ | ० | १० | १८ | १५ | २८ | १५ | ४३ |
| ३ | ० | १५ | ६ | १० | १६ | १६ | ३१ |
| ४ | ५ | ७ | ० | १९ | २२ | ९ | ३१ |
| ५ | ३ | १२ | ११ | १७ | २३ | २० | ४३ |
| ६ | १२ | ३५ | २० | १७ | ४७ | ३७ | ८४ |
| ७ | १ | ७ | ८ | ६ | १६ | ६ | २२ |
| **जम्मा** | **२२** | **१०१** | **७३** | **८५** | **१६९** | **११२** | **२८१** |

*स्रोत : INF, Bajura*

**१.९ संकटासन्न उमेर समुहको जनसंख्या विवरण :**

| क्रस | उमेर समुह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ० देखि ५ वर्ष | ८१५ | ७७३ | १५८८ |
| २ | ६ देखि १४ वर्ष | १३३८ | १२३७ | २५७५ |
| ३ | ७० वर्ष भन्दा माथी | १९३ | २१३ | ४०६ |
| | **जम्मा** | २३४६ | २२२३ | ४५६९ |

स्रोत :घरपरिवार सर्वेक्षण २०७५

**१.१० कृषि उत्पादनमा आत्मनिर्भरताको अवस्था**

| वडा नम्बर | ३ महिनासम्म खान पुग्ने | ४ देखि ६ महिनासम्म खान पुग्ने | ७ देखि ९ महिनासम्म खान पुग्ने | ९ महिनादेखि वर्ष दिन खान पुग्ने | जम्मा |
|---|---|---|---|---|---|
| १ | ३१ | ६८ | १४ | ८९ | २०२ |
| २ | ९५ | ८१ | ११ | १ | १८८ |
| ३ | १११ | ४७ | १ | ० | १५९ |
| ४ | ७१ | १५१ | १५ | ३ | २४० |
| ५ | १०५ | १५० | ४८ | ३० | ३३३ |
| ६ | ३२५ | २३३ | ३६ | ६ | ६०० |
| ७ | ९७ | २४ | २८ | २२ | १७१ |
| **जम्मा** | **८३५** | **७५४** | **१५३** | **१५१** | **१८९३** |

स्रोतः घरपरिवार सर्वेक्षण, २०७५

**१.११ सामुदायिक बनहरुको विवरण :**

| क्रसं | सामुदायिक बन | ठेगाना | समेटेको घरधुरी | क्षेत्रफल हेक्टर |
|---|---|---|---|---|
| १ | गोर्खाली | वडा नं १ | ४० | ४० |
| २ | देवी डाँडा | वडा नं १ | ३० | ९०० |
| ३ | जिल्ला बन | वडा नं २ | १५० | ६८ |
| ४ | रातोमाटी | वडा नं २ | ५० | ५० |
| ५ | वान विन | वडा नं २ | १०० | ४५ |
| ६ | कोरली | वडा नं ३ | ६० | ७०० |
| ७ | पानी नाउला | वडा नं ३ | ५० | ३०० |
| ८ | सिम्क फुल सैन | वडा नं ३ | ४० | ४०० |
| ९ | चक्लो गासो | वडा नं ३ | ४० | ८०० |
| १० | देवी धारा | वडा नं ४ | १५० | ८० |
| ११ | डाडा ढुङ्गा | वडा नं ४ | ११० | १६०० |
| १२ | बयल डाँडा | वडा नं ४ | १०० | २०० |
| १३ | मुडा छाड्ना | वडा नं ४ | ५० | १५० |
| १४ | मास्टा माडु | वडा नं ४ | ११० | २५० |
| १५ | कालिका | वडा नं ४ | ५० | १०० |
| १६ | खापर | वडा नं ५ | ५५ | ९७ |
| १७ | नाउला धारी | वडा नं ६ | ३० | ८१ |
| १८ | नया रानी | वडा नं ६ | ६० | १०० |
| १९ | सल्ला रुख | वडा नं ६ | ५० | ५९ |
| २० | धिमासेरा | वडा नं ६ | १६० | ४० |
| २१ | मिरी सल्यानी | वडा नं ७ | ५० | ११०० |
| २२ | हाउडी | वडा नं ७ | ५० | ६०० |

स्रोतः घरपरिवार सर्वेक्षण, २०७५

### १.२ योजनाको उद्देश्य :

नेपालको भौगोलिक, सामाजिक, आर्थिक र प्राविधिक अवस्थाका कारण वर्षेनी ११०० जना भन्दा बढीको विभिन्न विपद्‌बाट मृत्यु हुने गरेको छ भने हजारौ संख्यामा घाइते तथा अपाङ्गता भईरहेको छ। विपद्‌का घटनाले नियमित विकासलाई समेत प्रत्यक्ष असर गरेको छ भने वार्षिक करौडको आर्थिक क्षती हुने गरेको छ । विभिन्न विपद्‌का घटनाहरुबाट भएको सार्वजनिक भौतिक संरचनाको क्षतीले सेवा पहुँचमा समेत असर गर्ने गरेको छ। विश्व विपद् जोखिमको अवस्था हेर्दा नेपाल भूकम्पिय जोखिमबाट ११ औं स्थान, बाढीको जोखिमबाट ३० औ स्थान, जलवायु परिर्वतनको असरबाट ४ औ स्थानमा रहेको छ। उल्लेखित तथ्थाङ्क आधारमा नेपाल बहुप्रकोपको जोखिममा रहेको छ, जहाँ कूनैपनि भौगालिक क्षेत्रहरुलाई कम जोखिमको हिसावले आंकलन गर्न सकिदैन। वर्तमान नेपालको संघिय शासन संरचना अनुसार स्थानिय तह देखि नै विपद् व्यवस्थापनलाई प्राथमिकताको क्षेत्रमा राखि कार्य गर्न विभिन्न नीति नियम तथा कानूनले निर्देशित गरेको छ । यसै अनुरुप हिमाली गाँउपालिकाका सम्भावित विपद् तथा जलवायुजन्य परिवर्तनको जोखिम न्यूनिकरण तथा पूर्व तयारीका कार्य गर्न, विपद्‌को प्रभावकारी प्रतिकार्य गर्न र विपद् पश्चात् पुनःस्थापन तथा पुनर्निर्माणका लागि दिशानिर्देश गर्न योजनाबद्ध कार्यक्रम तर्जूमा गरी, कार्यजिम्मेवारी तथा बजेट सहितको ढाँचा तयार गर्नु नै यस स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजनाको मुख्य उद्देश्य हो, जसले :

- हिमाली गाँउपालिका भित्रका स्थानीय निकाय, समुदाय र सरोकारवालाको प्रत्यक्ष, समावेशी, र सक्रिय सहभागिताको प्रत्याभूति गरी विपद् व्यवस्थापन चक्र अनुसारका कार्य गर्नेछ।
- हिमाली गाँउपालिका भित्र विपद् तथा जलवायु परिवर्तनद्वारा मानवीय, आर्थिक, सामाजिक, भौतिक तथा प्राकृतिक श्रोतमा पर्न सक्ने प्रतिकूल प्रभावको विश्लेषण गरेको छ।
- हिमाली गाँउपालिकामा समावेशी र सहभागीतामूलक विधिको प्रयोग मार्फत् समुदायमा रहेको सङ्कटासन्नताको पहिचान, स्तरीकरण तथा क्षमता विश्लेषण गर्दै जोखिम न्यूनीकरण, पूर्व तयारी, प्रतिकार्य र पुर्नलाभका कार्यहरु गर्न तथा जलवायु परिवर्तन अनुकुलनका लागि स्थानीय श्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालनमा जोड दिइएको छ।
- आवश्यकता अनुसार विकास प्रक्रियामा विपद् तथा जलवायु उत्थानशिलतालाई मूलप्रवाहीकरण गर्दै विपद् पूर्व, विपद्‌को समयमा र विपद् पछि गर्नु पर्ने कार्यलाई प्राथमिकीकरण गरेको छ।
- विपद् जोखिम न्यूनीकरण कार्यक्रमलाई स्थानीय तहमा नै संस्थागत गरी आत्मनिर्भर बनाउन र स्थानीय समुदायको साझेदारीमा वृद्धि गर्ने अवधारणा प्रस्तुत गरेको छ।
- हिमाली गाँउपालिकाका समुदायहरुलाई विपद जोखिमबारे ज्ञानको अभिवृद्धी गरी विपद्‌को समयमा अति संकटासन्न समुदाय तथा परिवारहरुलाई पर्ने असरहरुलाई कम गदै विपद् जोखिम न्यूनीकरणमा सामुदायिक तहको अर्थपुर्ण सहभागिता सूनिश्चित गर्नेछ। आन्तरिक तथा बाह्य स्रोतको माध्यमबाट स्थानिय सबै तहमा पूर्वतयारी, जोखिम न्यूनिकरणका उयापहरुको कार्यान्वयनमा कोशेढुंगाको कार्य गर्दछ।

### १.३ योजनाको आवश्यकता तथा महत्व :

भौतिक, सामाजिक र धारणागत संकटासन्नताको कारक तत्वका कारण भुकम्प, बाढी, पहिरो, आगलागी, खडेरी, हावाहुरी, असिना तथा स्वास्थ्य समस्याबाट समुदायहरु थप जोखिममा रहेका हुन्छन्। वर्तमान विपद् प्रतिकार्यका अभ्यासलाई विश्लेषण गर्दा आवास, स्वच्छ पानी, खाद्य सुरक्षा, स्वास्थ्य तथा सरसफाइका सुविधाहरु, शिक्षा र संरक्षण जस्ता सेवाको सिमितता तथा उपयुक्त व्यवस्थापनको अभावले विपद् प्रभावित समुदायहरु थप समस्याहरु रहने गरेको छ भने प्रभावित परिवारहरुसँग त्यसको सामना गर्ने क्षमता समेत निकै कमजोर रहेको हुन्छ। तसर्थ यस्ता समस्याहरुलाई सम्वोधन गर्न स्थानिय प्रकोप, क्षमता र संकटासन्नताको पहिचान र आन्तरिक तथा बाह्य क्षमता वा स्रोत माध्यमबाट समुदायलाई सशक्तीकरण गर्ने र प्रभावकारी समन्वयको संयन्त्र बनाउने निर्णय गर्नु अत्यन्त जरुरी छ।

विपदको अवस्थामा प्रभावकारी मानवीय सहायता उपलब्ध गराउन तथा सम्भावित विपदको जोखिम कम गर्नका लागि विपद् जोखिम न्युनिकरण योजना आवश्यक पर्दछ । विशेष गरी मानवीय सहायता शुनिश्चित गराउन, विपद् जोखिम न्युनीकरणमा समुदायको सहभागितामा सहयोग गर्न, सामाजिक, सांस्कृतिक मर्यादा कायम राखी प्रतिकार्यमा प्रभावितहरुको समान पहुँच शुनिश्चित गर्न र विपद् पश्चात प्रभावितहरुको उचित व्यवस्थापन गर्न, यस योजनाले मार्गनिर्देश गर्नेछ । त्यसका साथै स्थानिय तहलाई श्रोतको सहि पहिचान तथा परिचालन गर्न जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउन पनि यस योजनाले सहयोग गर्नेछ । यसै आवश्यकतालाई महशुस गर्दै यस हिमाली गाँउपालिकामा विपद्बाट हुने क्षतिलाई कम गर्न तथा विपद् पछिको मानवीय सहयोगलाई व्यवस्थित तथा प्रभावकारी बनाउन पुर्वतयारी दस्तावेजका रुपमा यो विपद् तथा जलवायू उत्थानशिल योजना तयार पारिएको हो । हिमाली गाउपालिकाद्धारा गाँऊपालिकाका अध्यक्षको अध्यक्षतामा गाँउपालिका स्तरीय विपद् तथा जलवायू उत्थानशिल समीत (Local Disaster and Climate Resilience Committee - LDCRC) गठन गरी उक्त समितीले कार्यपालिका, स्थानीय निर्वाचित जनप्रतिनिधी, स्थानिय सामाजिक अगुवा, विभिन्न विषयगत कार्यलयका प्रमुख तथा प्रतिनिधी, बालवालिका, महिला, स्थानिय स्तरका संघ संस्था, आदिवाशी जनजाती, दलित अपाङ्ग, शिक्षक, लगायत सँग समन्वय गर्दै स्थानीय समुदायको प्रत्यक्ष सहभागितामा यो योजना निर्माण गरिएको छ ।

**१.४ योजनाका सीमा :**

हिमाली गाँउपालिकाको विपद तथा जलवायु उत्थानशिल योजना निर्माणको लागि यस गाँउपालिकामा गठन भएको योजना निर्माण समितीका संयोजक तथा सवै सदस्यहरु, हिमाली गाँउपालिका, गाँउपालिकाका विपद् व्यवस्थापन शाखा प्रमुख, आई.एन.एफ. नेपालको अगुवाइमा विपद् व्यवस्थापन समितीका संयोजक तथा सदस्यहरु, राजनितीक पार्टिका प्रतिनिधीहरु, सामाजिक संघ संस्थाका प्रतिनिधीहरु, स्थानिय स्तरका सरकारी कार्यालयका प्रतिनिधहिरु, दलित, अपाङ्ग, संघ संस्थाहरुबाट प्रतिनिधी, महिला लगायत सम्पूर्ण क्षेत्रको सहभागिता प्रकोप, संकटासन्नता तथा क्षमताको पहिचान तथा विश्लेषण (Vulnerability and Capacity Assessment) विभिन्न औजारहरुको प्रयोग गरीएको छ । हिमाली गाँउपालिकाको विपद् व्यवस्थापन योजना तर्जुमा गर्दा पुर्ण रुपमा सहभागितामूलक प्रकृयाका माध्यामबाट गरिएको छ । यस योजना तर्जुमा गर्दा निम्न नीति, निर्देशिका तथा ऐन का सीमाहरुमा रहेर गरिएको छ ।

- नेपाल सरकारबाट स्वीकृत "विपद् जोखिम व्यवस्थापन राष्ट्रिय नीति, २०७५" "विपद् जोखिम व्यवस्थापन कार्ययोजना २०१८-२०३०" विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापान ऐन २०७४ (प्रथम संशोधन २०७५), स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ तथा यसको परिमार्जन मसौदा निर्देशिका २०७४, हिमाली गाँउपालिका विपद् जोखिम व्यवस्थापन ऐन २०७५ (निमार्णको प्रक्रियामा रहेको) मा व्यवस्था भए अनुसारको प्रकृयाबाट योजना निर्माण गरिएको छ । समुदायका सरोकारवालाहरु संग भएको अन्तरक्रिया, विगतमा भएको क्षति र भविष्यमा हुन सक्ने क्षतिलाई आधार मानेर जोखिम स्तरीकरण गरिएको छ ।
- विपद् जोखिम व्यवस्थापनको योजना अन्तरगत बनाएका गतिविधीहरुको कार्यन्वयनका लागि सम्बन्धित गतिविधी स्थानिय तहका सरकारी निकायहरु, जिल्ला समन्वय समिती तथा दातृ संस्थाहरुबाट समेत सहयोग मिल्ने आशा गरिएको छ ।
- योजना निर्माण गर्दा यस हिमाली गाँउपालिकामा स्थानिय विपद तथा जलवायु उत्थानशिल समितिको को उपस्थीतमायोजना तर्जुमा कार्यशाला गोष्ठी, विभिन्न विषयगत शाखाहरुसंगको बैठक, तथा अन्तरक्रिया र संकटासन्नता तथा क्षमता लेखाजोखाको औजारको प्रयोग, लक्षीत वर्ग छलफल गरिएको र उक्त कार्यशालाबाट आएका राय सुझाव, सबै वडामा गरेको जोखिम, संकटासननता तथा क्षमताको बिश्लेशण गाँउपालिकामा भएको तथ्याङ्ग, सामाजिक स्रोत नक्सा तथा गाँउपालिकाका सवै वडामा आई. एन. एफ नेपालले गरिएको संकटासन्नता तथा क्षमताको आंकलन प्रतिवेदनलाई समेत आधार मानी तयार गरिएको छ ।

## १.५ योजना निर्माण प्रक्रिया विधि :

स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजना तर्जुमा निर्देशिकाले निर्देशित गरे अनुसारका ५ वटा तहलाई क्रमानुसार मध्यजनर गरी यो योजना निर्माण प्रक्रिया सम्पन्न गरिएको छ । योजना निर्माण प्रक्रिया अनुसार तह १, २ र ३ लाई पूर्ण रुपमा यस योजनाले समेटेको छ भने तह ४ र ५ का लागि निर्देशित मार्ग प्रशस्त गरेको छ, जहाँ हिमाली गाँउपालिकाले प्रक्रिया अगाडी बढाउनुपर्ने हुन्छ । यस योजना निर्माण क्रममा नियमीत गाँउपालिका सँगको बैठक तथा अन्तरक्रिया, योजना उपसमितिको सहभागिता र सहयोग, वडा विपद् व्यवस्थापन समितिको बैठक र अन्तरक्रिया, संकटासन्नता तथा क्षमता विश्लेण तालिम प्राप्त व्यक्तित्वहरुको परिचालन र सुचना संकलन, वडा तथा समुदायमा गरिएको लक्ष्यीत वर्ग क्षलफल, गाँउपालिका स्थानिय विपद् व्यवस्थापन समितिसँग गरिएको कार्यशाला सुचना माथीको पृष्ठपोषण र प्रथम तथा द्धितिय नमूना योजना खाँका प्राप्त पृष्ठपोषणहरु यस योजना निर्माणमा अपनाईएको प्रक्रियाहरु हुन् । योजना तर्जुमा गर्दा हिमाली गाँउपालिकाको सवै क्षेत्रबाट प्रतिनिधित्व हुने गरी सवै सरोकारवालाको सहभागितालाई सुनिश्चित गरिएको छ । विगतका वर्षहरुको विपद्को अवस्थाहरुको वारेमा विश्लेषण गरीएको छ । हिमाली गाँउपालिकाको सामाजिक आर्थिक तथा धार्मिक अवस्थाको विश्लेषण गरिएको छ । हिमाली गाँउपालिकाको सम्पुर्ण वडाहरुको प्रतिनिधित्व गराई तथ्याङ्क संकलन गरिएको छ । कार्य योजनामा मुख्यतया भूकम्प, बाढी, पहिरो, आगलागी, स्वास्थ्य समस्या, हिमपात, सडक दुर्घटना, हावाहुरी, चट्याङ्ग, आदि प्रकोपहरुलाई अधारमानी विपद् पुर्व, विपदको समय, र विपद् पश्चात गर्नुपर्ने पूर्वतयारी, विपद् जोखिम न्यूनिकरण, विपद् प्रतिकार्य तथा पुर्नलाभका गतिविधिहरु, तौर तरिका, जिम्मेवारी र कार्य प्रक्रियालाई समेटेर यो योजना निर्माण गरिएको छ ।



## १.६ योजना कार्यान्वयन रणनीति :

नेपाल सरकारको विपद् व्यवस्थापन ऐन २०७४ (प्रथम संशोधन २०७५), अन्य सम्वन्धि कानून, नीति तथा निर्देशिकाले निर्देशित गरे अनुरुप तथा गाँउपालिकाको विकास योजना अनुसार विकासका गतिविधिहरु संचाललनका क्रममा विपद् जोखिम न्यूनिकरणलाई मूल प्रवाहिकरण गरी दिगो विकासका माध्यमबाट यस योजनाको कार्यन्वयन गर्ने मूल रणनीति रहनेछ । आन्तरिक तथा बाह्य स्रोतको पहिचान र परिचालनका माध्यमबाट प्राथमिकता प्राप्त न्यूनिकरणका योजना, आवश्यक दक्ष जनशक्तिको तयारी सामाग्रीगत तयारी र आर्थिक व्यवस्थापनका मूख्य क्षेत्रलाई प्राथमिकता र आवश्यकताका आधारमा संचालन गर्ने योजना कार्यान्वयनको मूल रणनीति रहनेछ । यसका अलवा दिर्घकालिन योजनाहरुका लागि आवश्यकता अनुसार छुट्टै कार्यसंचालन रणनीति तर्जुमा गरी योजनाको मुल उद्देश्यलाई प्राप्त गरिने रणनीति लिइनेछ । यस योजनालाई मूर्तरुप दिन निम्नानुसारका तत्कालिन नीति अंगिकार गरिएको छ ।

- योजनालाई हिमाली गाँउपालिकाको सभाबाट अनुमोदन गराई वैधानिकता प्राप्त गरी कार्यान्वयन गरिनेछ ।
- शिक्षा तथा सचेतना विना विपद् न्यूनिकरण तथा दिगो विकास सम्भव छैन भन्ने मान्यतालाई अंगिकार गरी, विपद् व्यवस्थापनका सबै तहरुमा सुचना, शिक्षा तथा संचारको विकास र विस्तारमा जोड दिईनेछ ।
- गाँउपालिका तथा वडास्तरमा आवश्कयता अनुसारका दक्ष जनशक्तिको विकास, तालिम तथा क्षमता अभिबृद्धिका लागि विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा कार्यरत सरोकारवाला राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ/संस्थाहरुको सहभागिता र सहकार्यमा जोड दिइने छ ।
- विपद् जोखिम न्यूनिकरण र पूर्वतयारीलाई प्राथमिकता र आवश्यकताका आधारमा वडा तथा समुदाय तहसम्म विकेन्द्रकृत गरी संचालन गरिनेछ ।
- जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानिय वडा विपद् तथा जलवायु उत्थानशिल समितिहरुको प्रत्यक्ष समन्वय तथा सहकार्यमा विपद्को समयमा तालिम प्राप्त दक्ष जनशक्तिहरुलाई परिचालन गरिनेछ ।
- योजना कार्यान्वयनको लागि गाँउपालिकाको आन्तिरिक वजेट व्यवस्थापन, सरकारी कार्यालय, जिल्ला समन्वय समिती, प्रदेश सरकार, जिल्लाका मन्त्री तथा सांसदहरु तथा अन्य दातृ निकायसँग समन्वय गरिने छ ।
- स्थानीय ज्ञान, शिप, प्रविधी र श्रोत तथा साधनको अधिकत्तम उपयोग गरी विपद् जोखिम व्यवस्थापनको योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।

## १.७ योजनाको अनुगमन, मुल्याङ्कन तथा पुनरावलोकन :

योजनाको प्रभावकारी कार्यान्वय तथा लक्ष्य प्राप्तीका लागि गाँउपालिकाको सहयोग र स्थानिय विपद् तथा जलवायु उत्थानशिल समितिको सहकार्यमा विभिन्न्न तह तथा निकायहरुबाट नियमित अनुगमन तथा सुपरिवेक्षण, पूनरावलोकन तथा समिक्षा र मूल्याङ्कन गरिनेछ भने स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजना तर्जूमा निर्देशिकाको भाग २ को चरण ५ मा उल्लेख भए अनुसार प्रत्येक २ वर्षको अवधिमा पुनरावलोकन तथा परिमार्जन गरिनेछ ।

- योजनाको कार्यान्वयन भए नभएको स्थानीय विपद् तथा जलवायू उत्थानशिल समिति, गाँउपालिका, जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति तथा अन्य साझेदार निकायहरुबाट नियमित अनुगमन तथा सुपरीवेक्षण र समिक्षा गरिनेछ ।
- हिमाली गाँउपालिकाबाट बार्षिक नीति तथा कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्दा स्थानीय विपद् जोखिम व्यवस्थापन योजना कार्यान्वयनको समेत नियमित अनुगमन तथा मुल्याङ्कन गरिनेछ ।
- हिमाली गाँउपालिका तथा स्थानीय विपद् व्यवस्थापन समितिले स्थानीय विपद् जोखिम व्यवस्थापन योजनाको कार्यान्वयनको नियमित अनुगमन तथा मुल्याङ्कन गरिनेछ ।

- विपद् जोखिम व्यवस्थापन योजना कार्यान्वयन गर्ने संस्थाहरुले आफ्नो अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन सम्बन्धित निकाय, स्थानीय निकायमा पेश गरिने छ ।
- योजनाको बार्षिक रुपमा आवश्यकता अनुसार अध्यावधिक तथा परिमार्जन गरिने छ ।
- प्रत्येक बर्ष हिमाली गाँउपालिकाको आयोजनामा एक समीक्षा गोष्ठीको आयोजना गरी योजना अनुगमनमा देखिएका कमी कमजोरीको सुधार गरिने छ । अनुगमन मुल्याङ्कन गर्दा स्थानीय वडा तथा समुदायको राय सुझावलाई आधार मानिने छ ।
- योजनाको प्रभावकारीताको अध्ययनको लागि हरेका वर्ष हिमाली गाँउपालिका स्तरमा एक कृतिम घटना अभ्यास संचालन गरिनेछ ।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ यस ऐन अनुसार स्थानीय तहलाई विपद् व्यवस्थापन सम्बन्धी देहाय बमोजिमको विभिन्न जिम्मेवारी निर्धारण गरेको छ :**

- विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति कानून मापदण्ड योजनाको कार्यान्वयन अनुगमन र नियमन गर्ने
- स्थानीय स्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना पूर्व सूचना प्रणाली खोज तथा उद्धार राहत सामाग्रीको पूर्व भण्डारण, वितरण र समन्वय गर्ने ।
- स्थानीय तटवन्धन नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन गर्ने ।
- विपद् जोखिम क्षेत्रको नक्सांकन तथा वस्तीहरुको पहिचान र स्थानान्तरण गर्ने ।
- विपद् व्यवस्थापनमा संघ प्रदेश र स्थानीय समुदाय संघ संस्था तथा निजी क्षेत्रसंगको सहयोग, समन्वय र सहकार्य गर्ने ।
- विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन गर्ने ।
- विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीय स्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने ।
- विपद् पश्चात स्थानीय स्तरको पुनर्स्थापना र पुनर्निर्माण गर्ने ।
- स्थानीय स्तरको विपद्सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान गर्ने ।
- स्थानीय आपतकालीन कार्य सञ्चालन गर्ने ।
- समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको सञ्चालन लगायत विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने ।

# खण्ड - २ : प्रकोप, सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषण

## २.१ प्रकोपको पहिचान तथा स्तरीकरण :

प्रकोप संकटासन्नता तथा क्षमताको विश्लेषण अन्तर्गतको महत्वपूर्ण औजार प्रकोप पहिचान तथा स्तरिकरण अनुसार हिमाली गाँउपालिकाको भौगोलिक अवस्था, उपलब्ध क्षमता र संकटासन्ताका आधारमा प्राय सवै वडा तथा समुदायका प्रकोपहरु मिल्दा जुल्दा छन् । वडाहरुको संकटासन्नता तथा क्षमता विश्लेषणको समयमा गरिएको समुदायसंगको छलफल तथा सूचना र सोही अवसरमा तयार गरिएको वडाको जोखिम नक्सांकनको आधारमा ७ वटै वडाको प्रकोप स्तरीकरणलाई हिमाली गाँउपालिकाको योजना तर्जुमा कार्यशालामा सहभागी समुदायका प्रतिनिधिहरुको समेत छलफलबाट समग्र गाँउपालिकाको प्रकोपलाई निम्नानुसार स्तरीकरण गरिएको छ । हिमाली गाँउपालिकाको विपद्को ऐतिहासिक विवरण, समुदायको अनुभव, वर्तमान जोखिमको अवस्था र संकटासन्नताको आधार, प्रकोप तथा यसका जोखिमहरु र जलवायू परिवर्तनको प्रभावलाई विश्लेषण गर्दा मुख्य रुपमा भूकम्प, बाढी, पहिरो, खडेरी, रोगकिराको महामारी, आगलागी, हावाहुरी, स्वास्थ्य समस्या, चट्याङ, असिना, हिमपात जस्ता प्रकोपको जोखिम बढी रहेको पाइन्छ भने विभिन्न वाली तथा पशुरोगहरु समेतले जनजिवन प्रभावित गर्ने रहेको छ । यस विश्लेषणले गाँउपालिकामा मुख्यतया ८ वटा विभिन्न प्रकोपहरु रहेको र सोको जोखिम फरक फरक वडाहरु तथा समुदायमा फरक रहेको पाईन्छ तथापि यो योजनाले समग्र गाँउपालिकालाई सम्वोधन गर्ने भएकाले मुख्य मुख्य ८ वटा प्रकोपलाई स्तरिकरण गरिएको छ । यस अन्तर्गत भुकम्पलाई प्रमुख प्रकोपको रुपमा देखिएको छ, भने विगतका घटाना र भविष्यमा हुन सक्ने जोखिमताको आधारमा पहिरो दोस्रो जोखिमका रुपमा लिइएको छ भने बाढी लाई तेस्रो समस्याका रुपमा स्तरिकरण भएको छ । आगलागीलाई चौथो जोखिमको रुपमा स्तरिकरण भएको छ । विभिन्न रोगजन्य माहामारीलाई पाचौ प्रकोपको रुपमा स्तरिकरण भएको छ  यसरी नै हावाहुरी लाई छैटौ प्रकोपको रुपमा स्तरिकरण भएको छ । चट्याङको समस्यालाई सातौ जोखिमको रुपमा स्तरिकरण भएको छ भने सडक दुर्घटना आठौ प्रकोपको रुपामा स्तारिकरण भएको छ । पालिका का केहि वडाहरु हिमपातको जोखिममा रहेका छन । नेपालको भौगोलिक अवस्थिती, नेपालको विगतको अनुभव र भविश्यमा हुन सक्ने सम्भावनाको आंकलन र नेपाल सरकारको नीतिगत ब्यवस्था अनुसार भूकम्पको जोखिमलाई स्तरिकरणमा नराखिएता पनि यस जोखिमलाई पहिलो जोखिमको रुपमा लिइएको छ ।

### १. भुकम्प :

भुकम्पीय जोखमका दृष्टिकोणबाट नेपालको समग्र भौगोलिक क्षेत्र उच्च जोखिममा रहेको छ भने यस गाउँपालिकामा मा पनि विगत २० वर्ष देखि लगाातार रुपमा भुकम्पको पराकम्पनहरु आईरहने गरेको राष्ट्रिय भुकम्प मापन केन्द्र ले अभिलेखन गरेको पाईन्छ । यस गाउँपालिकाका करिब १८५० घरहरु ढुंगा माटोले बनेका छन जसले गर्दा पुराना र कच्ची घरहरु भएका कारण भुकम्पको जोखम उच्च रहेको छ । वडा नं १ को क्युडी, वडा नं ६ को बोल्डीक समुदायका करिब ३०० घरधुरीहरु जोखिममा रहेका छन । भुकम्प तथा पहिरो बहु प्रकोपको जोखिममा सो वस्तीहरु रहेको हुदाँ स्थानिय तह लगायत तिनै तहबाट कार्य योजना तयार गरि केही वस्तीहरु सुरक्षित स्थानमा स्थान्तरण गर्नु पर्ने देखिन्छ । समय समयमा आएको साना ठुला भुकम्पहरुको पराकम्पनहरुका कारण केही घरधुरीहरु चर्केको अवस्था रहेको छ भने जोखिममा रहेका घरहरुको पहिचान गरि तिनै तहको सरकार तथा स्थानिय स्तरमा कार्य गर्ने गैह्र सरकारी निकाहरु आई.एन.एफ लगायतबाट नयाँ घरहरु निमार्ण कार्य भएका छन । भवन आचारसंहिता पूर्णरुपमा लागु नभएको कारण भुकम्प प्रतिरोधात्मक भवन बनाईने परिपाटी नभएको अवस्था रहेको छ भने विद्यालयहरु, स्वास्थ्य संस्थाहरु, वडा कार्यालयहरु पनि भुकम्पको जोखिममा रहेका छन । गाउँपालिका क्षेत्रमा पक्की भवनहरु बन्ने क्रम बढिरहेको देखिएता पनि भवन आचार संहिताको पालन पूर्ण रुपमा नभएको, पुराना तथा ढुंगा माटोले बनेका घरहरु हुनु, भुकम्पीय जोखिम न्यूनीकरणमा निर्माणमा दक्ष ज्यामीको कमी हुँदा साथै गाउँपालिका क्षेत्रमा भुकम्पीय जोखिम न्यूनीकरणका लागी आवश्यक जनचेतना तथा आवश्यक पूर्वतयारीको कमीका कारण यस गाउँपालिकामा भुकम्पको उच्च जोखिम रहेको देखिन्छ ।

### २. बाढी :

गाउँपालिकामा विशेषत कर्णाली नदी, कवाडी खोला, विद्या खोला, नाति खोला, निरे खोला,सिउडेनी खोला लगायतका अन्य साना खोला/खोल्सा आसपासका भुभागहरू बर्षेनी बाढीबाट क्षति पुर्‍याइरहेको छ । बर्षेनी धेरै संख्यामा खेतियोगय जमिन तथा बाली बिरुवाहरु बाढी तथा भुक्षयबाट प्रभावित भइरहेको पाईन्छन् । साथै विपद् जोखिम

न्यूनिकरणका लागी पूर्वतयारीका कार्यहरुको कमी, जनचेतनामा कमी, नदी, खोला किनार तथा जोखिमयुक्त स्थानहरुमा संकटासन्न समुदायहरुको बसोबास, जोखिम बढाउने किसिमका अव्यवस्थित बिकास निर्माणका कार्यहरु तथा आवश्यक पूर्वतयारीको कमीका कारण यस पालिकामा बाढीको जोखिम उच्च रहेको पाईन्छ ।

**हिमाली गाउँपालिकामा रहेका नदी तथा खोलाको विवरण :**

| क्र. सं. | नदी, खोलाको नाम | नदी तथा खोलाले छोएका वस्तीहरु |
|---|---|---|
| १ | कवाडी खोला | बौडी,सुप, युना बगर, गिउच्छा, गोली, बिउरी, रिठ्ठा, चौडिला, कवडाी बजार, गुम्बा, फुलै |
| २ | विच्छया खोला | विच्छया, सिमपानी, कुमाला, बाम, तरिखोला, |
| ३ | कर्णाली नदी | कवाडी बजार, तिथि बजार, लेबडी बजार, साका बजार, तुषारपानी, धुलाचौर, बाधु बगर, झुगला बजार |
| ४ | नाति खोला | नाति खोला, सिउडेनी |
| ५ | धल्ला खोला | सुप |
| ६ | दहछाल , चुलीगाड खोला | बाधु बगर, चिसापानी, ओग्रनी |
| ७ | तुसारे खोला | बोल्डीक |

**३. पहिरो :**

हिमाली गाउँपालिकामा रहेका नदी तथा खोला किनारका भागहरु पहिरो दृष्टिकोणले संवेदनशील क्षेत्रमा पर्दछ । गाउँपालिका क्षेत्रमा परिरहेको बन विनासको चाप, नयाँ बाटो निर्माणका लागि प्रयोग गरिने यन्त्रहरु, भौगोलक बनौट अनुसारको बलौटे माटो, भिरालो सतह कारण समुदाहरु पहिरोको उच्च जोखिम रहेको छन । अनियन्त्रित डढेलो, चरीचरन, अव्यवस्थित ढंगले ढुंगा तथा नदीजन्य वस्तुको निकासीका कारणले खोलाको सतह गहिरिदैं जाँदा आसपासका क्षेत्रहरुमा कटान तथा भूक्षयको सम्भावना बढ्दो देखिन्छ । मूलतः गाउँपालिकाका खोलाहरूको वरिपरी नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले र पशुचौपायाहरूको चापले यो संवेदनशील क्षेत्रमा भूक्षयको दृष्टिकोणले प्रतिकूल प्रभाव पारेको छ ।

**४. सडक दुर्घटना :**

हिमाली गाउँपालिका भएर हुम्ला लगायत विभिन्न वडाका समुदायहरु जाने सडक संजाल तथा यस गाउँपालिका भित्र रहेका कच्ची तथा पक्की सडकका कारण सडक दुर्घटनाहरुको जोखिम उच्च रहेको पाइन्छ । बर्षायाममा बाटो विग्रने, बाटो साघुरो हुनु, लापरवाही पुर्वक सबारी साधनहरु चलाउने कारणले गर्दा सडक दुर्घटनाको जोखिम रहेको छ ।

**५. आगलागि :**

गाउँपालिकाको वनजंगल क्षेत्रमा बन डढेलोका कारण बन क्षेत्रसंग जोडिएका बस्तीहरु आगलागीको उच्च जोखिममा रहेका छन । कच्ची घरहरु, ईन्धनमा दाउराको अत्यधिक प्रयोग, अग्नी नियन्त्रण रेखा निर्माण

नगरिनु, वन संग जोडिएका बस्तीहरुमा सचेतना अभाव, खाना पकाउने कोठाका भित्ताहरू माटोले नपोत्नु, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको पाइएको छ ।

**६. महामारी :**

बाढी पश्चात प्रकोपका रुपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, जनचेतनाको कमी, ग्रामिण क्षेत्रमा अझै पनि खानेपानीका लागी ईनारको प्रयाग गरिनु सरसफाईको अभावका कारण झाडापखाला, तथा खानेपानीका मुहानहरु फोहर भएका कारण हैजा जस्ता रोगहरुले महामारीको रुप लिन सक्ने देखिन्छ । हाल संसार भर फैलिएको कोरोनाका कारण यस गाउपालीका पनी जोखिममा रहेको छ यसबाट बच्नको लागी खोपको व्यबस्थापन भइ कोरोना भाइरस संग लड्न सवै समुदाय जुटिरहेको छ । साथै बालीनालीमा लाग्ने रोग किराहरु र पशुरोगको माहामारी पनि बढ्दो रुपमा रहेको छ । पहिलेको तुनामा हिमपात कम हुनु, बढ्दो तापक्रमका कारण माहामारीको जोखिम बढीरहेको पाईन्छ ।

**७. मौसमी सुख्खा/खडेरी :**

बढ्दो तापक्रमको वृद्धि, भएका कारण लामो समय सुख्खा खडेरी हुने गरेको पाईन्छ । जसका कारण बालीनालीहरु नष्ट हुने, सोचेको जस्तो उत्पादन नहुने जस्ता समस्याहरु देखा पर्ने गरेको देखिन्छ । यसै गरि बेला-बेलामा खेतीमा लाग्ने विभिन्न रोग तथा किराहरुको आतंक समेत यस गाउँपालिकाका बासिन्दाहरुले ब्यहोर्नु परिरहेको छ ।

**८. चट्याङ :** समय समयमा यस गाउँपालिकामा चट्याङ्गले गर्दा क्षति भैरहेको पाईन्छ । चट्याङको कारण मानविय क्षति समेत भएको देखिन्छ भने बर्षायाममा चट्यांङ्गको बढी त्रास रहेको पाइन्छ ।

**९. हिमपात तथा हिम पहिरो :**

यस गाउँपालिकामा हिउँद महिनामा हिमपात पर्ने गरेको पाईन्छ । हिमपातबाट विशेष गरि बालबालिकाहरु, महिला, गर्भवती, सुत्करी, अपाङ्गता भएका व्यक्तिहरु बढी जोखिममा रहेका छन् भने यसबाट बाली बिरुवा तथा पशु चौपायाहरुलाई समेत असर गर्ने गरेको छ ।

**प्रकोप विश्लेषण :**

**२.२. ऐतिहासिक समयरेखा (विगत ३० वर्षको विवरण राखिएको छ)**

हिमाली गाउपालीकामा विगतमा कुन प्रकोपबाट कस्तो विपत्ति परेको थियो भन्ने जानकारी लिन विपद्को ऐतिहासिक समयरेखा तयार गरिएको छ । यसबाट प्रकोपको दोहोरिने प्रवृत्ति, त्यसले पुऱ्याउने भौतिक, सामाजिक, आर्थिक, मानवीय वा प्राकृतिक क्षति तथा प्रभावको बारेमा जानकारी एकीकृत गरिएको थियो । ऐतिहासिक समयरेखा तयार गर्दा स्थानीय विपद् तथा जलायु उत्थानशिल समिति समुदायका अग्रज व्यक्तित्व र ज्येष्ठ नागरिकहरुसगँ वडा तथा टोल टोलमा गएर छलफल तथा अन्तर्क्रिया गरिएको थियो ।

**ऐतिहासक विवरण :**

| साल | स्थान | घटना/प्रकोप | असर क्षति | सामनाका उपायहरु |
|---|---|---|---|---|
| २०४८ | वडा नं २ रुम्दी | आगलागी | २५ घर, पशुचौपाया | छिमेकी गाउलेबाट सहयोग |
| २०५० | वडा नं ५ | आगलागि | १२ घर अन्य खाद्यन्न सबै जले | जिल्लाबाट रहात सहयोग उाएको |
| २०७५ | वडा ४ न. बोर्ता | चट्याङ | १ जनाको मृत्यु ४ बाखा २ गोरु | राहत सहयोग पाएका |
| २०६४ | वडा नं ५ कवाडी | हावाहुरी, चट्याङ | ३ जनाको मृत्यु ६ घर क्षति | सबै मिलेर सहयोग गरेको |

| | | | | |
|---|---|---|---|---|
| **२०६१** | वडा नं ६ बोल्डीक | सुख्खा पहिरो | ३० घर उठेको<br>पशु चौपाया ३५ वटा अन्य धनको क्षति | वस्ती स्थानतरण |
| **२०७८** | वडा नं २ कोटीगाउँ | जंगली जनावार आतंक | ३० वटा बाख्रा खाएको | धपाउने सुरक्षित ठाउमा जाने |
| **२०६५** | वडा नं ७ | पहिरो | ४० वटा भेडावाखा क्षति | |
| **२०७७** | वडा नं ३ गुम्बा | भालु आतंक | १ जनाको मृत्यु | धपाउने सुरक्षित ठाउमा जाने |
| **२०५८ रुपमा** | देखि निरन्तर | भुकम्पको निरन्तर धक्का | | बलियोघर निमार्णमा सहयोग<br>संचेतना |
| **२०७७** | वडा नं ६ | रुख ढलेको हावाहुरी | १५ वटा भेडा क्षति | |
| **२०७७** | पीलका | कोभिड महामारी | ३ जनाको मृत्यु | लकडाउन, सावधानी अपनाईएको |
| **२०५८** | वडा नं ६ | झाडापखाला | ५ जनाको मृत्यु | धामीझाक्री, जडीबुटी |
| **२०७८ देखि हरेक वर्ष** | सबै | लम्पी स्कीन | पालिकाका सबै क्षेत्रमा | स्थानिय औषधी प्रयोग,<br>खोप लगाउने |
| **२०७८ देखि हरेक वर्ष** | सबैपालिका | सलह किरा | सबै वडा | |

**विश्लेषण:**

हिमाली गाउंपालीका क्षेत्रको ऐतिहासिक समयरेखा विश्लेषण गर्दा यस क्षेत्रमा विभिन्न प्रकोपहरुले क्षति गरेको पाइन्छ । विभिन्न समयमा भुकम्प, बाढी, हावाहुरी, आगलागी, ,चटयाङ्ग, महामारी, हिमपात यसठाउँका लागि वाढी सवभन्दा ठुलो प्रकोपको रुपमा रहेको छ । बाढीले गाउंपालीकाको ७ वटै वडाका क्षेत्रमा अवस्थित घर परिवारलाई हरेक वर्ष असर गरेको पाइन्छ । सवैभन्दा बढी असर अथवा सवभन्दा बाढी, पहिरोबाट प्रभावित क्षेत्र वडा नं. १,२,३ वडा रहेको छ । त्यस क्षेत्रमा वाढीले वालीनाली नोक्सानी, पशु चौपाया, जमिनमा क्षतिका साथै मानवीय क्षति समेत गरेको पाइन्छ । आगलागिबाट समुदाका धेरै घरधुरीहरुलाई विगतको समयमा क्षति गरेको पाईन्छ । हावाहुरीले खासै मानवीय क्षति नगरेको देखिएता पनि घरको छाना उडाउने, बासस्थानको समस्या, वाली क्षति भएको देखिन्छ । त्यसैगरी आगलागीबाट पनी यस क्षेत्रमा केही समुदायका घरपरिवार प्रभावित भएको देखिन्छ । यसका साथै जंगलका किनार वा नजिक रहेको बस्तीहरुलाई जंगली जनावरको आताङ्क ( भालु, बादर ) हुने साथै हिमपातबाट वालीनाली नोक्सानी गरिदिने, मानवीय जीवनमा पनि असर गरेको पाइन्छ ।

## २.३ प्रकोपको जोडागत स्तरिकरण :

| प्रकोप | भुकम्प | बाढी | पहिरो | माहामारी | खडेरी | आगलागी | चट्याङ | हावाहुरी | चटेयाङ |
|---|---|---|---|---|---|---|---|---|---|
| भुकम्प | | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प |
| बाढी | | | पहिरो | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| पहिरो | | | | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो |
| माहामारी | | | | | खडेरी | माहामारी | माहामारी | माहामारी | चट्याङ |
| खडेरी | | | | | | खडेरी | खडेरी | खडेरी | खडेरी |
| आगलागी | | | | | | | आगलागि | आगलागी | आगलागि |
| हिमपात | | | | | | | | चट्याङ | चट्याङ |
| हावाहुरी | | | | | | | | | हावाहुरी |
| चट्याङ | | | | | | | | | |
| **अंक** | **७** | **५** | **६** | **३** | **४** | **२** | **१** | **०** | **२** |
| **स्तर** | **पहिलो** | **तेश्रो** | **दोश्रो** | **पाचौं** | **चौथो** | **छैठौ** | **आठौ** | **नबौ** | **सातौ** |

## २.४ प्रकोप विश्लेषण :

हिमाली गाँउपालिकामा भएको भौतिक, सामाजिक र धारणागत संकटासन्नता र कमजोर क्षमताका कारण बहुप्रकोपको अवस्थामा रहेको छ। कमजोर घर संरचना तथा अधिकांस घरहरु ढुंगाा तथा माटोले बनेका कारण भुकम्पको जाखिम यस पालिकामा पहिलो स्तरमा रहेको छ। भुकम्प पुर्व तयारी तथा प्रकिार्यका कार्यहरु न्यून हुनु वडा तथा पालिका स्तरमा प्रतिकार्यका लागि दक्ष जनशक्ति नहुनु जस्ता कारणले भुकम्पको जोखिम रहेको पाईन्छ। बाढी, पहिरोको समस्या यस गाउँपालिकाको मुख्य प्रकोप तथा समस्याको रुपमा रहेको छ। तिला नदी तथा अन्य खोलाहरु, अवस्थित गाँउपालिकाको भिरालो भू धरातलका कारण वर्षेनी बाढी तथा कटानको समस्याबाट प्रभावित हुने गरेको छ। वातावरणमा आएको परिवर्तन सँगै बढेको सुख्खा खडेरी, तातोहावा, हावाहुरी यस गाउँपालीकाको बढ्दो समस्याका रुपमा आएको छ। एकातिर वर्षमा हुने अतिवृष्टिले अधिकांश क्षेत्र बाढीले असर गर्ने गरेको देखिन्छ भने हिउदे वर्षामा आएको कमी र सिंचाईको उचित प्रवन्ध नहुँदा सुख्खाले कृषि उत्पादनमा प्रत्यक्ष असर गरेको छ। त्यस्तै मौसममा आएको फेरबदलका कारण सुख्खा समयमा वृद्धि, हिमपातमा कमी, लामखुट्टेको खंब्यमा बृद्धि, सुख्खा हावा चल्ने र बाली तथा पशुपक्षीहरुमा नयाँ रोगहरुको संक्रमण देखिएको छ।

यस विश्लेषणले गाँउपालिकामा मुख्यतया ८ वटा विभिन्न प्रकोपहरु रहेको र सोको जोखिम फरक फरक वडाहरु तथा समुदायमा फरक रहेको पाईन्छ तथापि यो योजनाले समग्र गाँउपालिकालाई सम्वोधन गर्ने भएकाले मुख्य मुख्य ८ वटा प्रकोपलाई स्तरिकरण गरिएको छ। यस अन्तर्गत भुकम्पलाई प्रमुख प्रकोपको रुपमा देखिएको छ, भने विगतका घटाना र भविष्यमा हुन सक्ने जोखिमताको आधारमा पहिरो दोस्रो जोखिमका रुपमा लिइएको छ भने बाढी लाई तेस्रो समस्याका रुपमा स्तरिकरण भएको छ। आगलागीलाई चौथो जोखिमको रुपमा स्तरिकरण भएको

छ । विभिन्न रोगजन्य माहामारीलाई पाचौ प्रकोपको रुपमा स्तरिकरण भएको छ यसरी नै हावाहुरी लाई छैटौ प्रकोपको रुपमा स्तरिकरण भएको छ । चट्याङको समस्यालाई सातौ जोखिमको रुपमा स्तरिकरण भएको छ भने सडक दुर्घटना आठौ प्रकोपको रुपामा स्तारिकरण भएको छ । पालिका का केहि वडाहरु हिमपातको जोखिममा रहेका छन । नेपालको भौगोलिक अवस्थिती, नेपालको विगतको अनुभव र भविश्यमा हुन सक्ने सम्भावनाको आंकलन र नेपाल सरकारको नीतिगत व्यवस्था अनुसार भूकम्पको जोखिमलाई स्तरिकरणमा नराखिएता पनि यस जोखिमलाई पहिलो जोखिमको रुपमा लिइएको छ ।

## २.४ प्रकोप तथा संकटासन्नताको विवरण : वडागत विवरण

| मुख्य प्रकोपहरु | उच्च जोखिम | मध्यम जोखिम | न्यून जोखिम |
|---|---|---|---|
| **भुकम्प** | वडा नं १,२,३सबै घरधुरीहरु ,४,५,६,७ वडा नं ५ क्युडी समुदायका ६० घरधुरी, वडा नं ६ बोल्डीक समुदायका ११० घरधुरी, वडा नं ४ बोर्ता समुदायका ४० घरधुरी | | |
| **बाढी** | वडा नं ५ सुपका ६० घर, गोलीका २५ घर, कवाडीका ४० घर, | वडा नं १ बाम ५० घर, टिनको २० घर र नेटाका ७० घर वडा नं २ नातीखोला किनारका १५ घर वडा नं ३ को १ विद्यालय, गुम्बाका २५ घर, युना खोलाका १० घर, वडा नं ६ बोल्डीका १२५ घर पाडीको ४० रोपनी जग्गा र वडा नं ७ का चुलीगाड २५ घर | वडा नं ४ |
| **पहिरो** | वडा नं १ नेटा ६० घर, वडा नं २ नादीखोलाका ३८ घर, रुम्दीका ७० घर, कोटीगाउँका २५ घर, वडा नं ३ युनाका ७० घर, गुम्बाका २५ घर र बौडी सुमदायका ५० घर, वडा नं ४ फैदी १६० घर, बोर्ताका ११३ घर, वडा नं ५ क्युडी, वडा नं ६ झावाचौर, खानीखोला, खानीवाडा, बोल्डीकका गरेर १२५ घर, वडा न. ७ को कालापहाडको खेतबारी र सडक | वडा नं ४,५ | वडा नं ७ |
| **खडेरी** | वडा नं १,२,३ | वडा नं ४,५,६,७ | |
| **माहामारी** | वडा नं ५,६,७ | वडा न. १,२,३,४ | |
| **आगलागि** | वडा नं ६, ७ | वडा नं १,२,३,३,५ | |
| **हिमपात** | वडा नं १,२,३ | | |
| **हावाहुरी** | वडा नं १,२,३ | वडा नं , ४,५,६,७ | |
| **चट्याङ** | वडा नं १,२,३ | वडा नं , ४,५,६,७ | |

## २.५ प्रकोपको विश्लेषण तालिका :

| समस्या/ प्रकोप | कारण | कारक तत्व | प्रभाव | जोखिम न्यूनीकरणका लागि पहिचान भएका उपाय |
|---|---|---|---|---|
| भूकम्प | सचेतनाको अभाव, कमजोर संरचना निर्माण, पूराना संरचनाहरु, नीति कार्यान्वयनमा समस्या, क्षमताको अभाव, पूर्वतयारीको कमी अव्यवस्थित शहरीकरण | भौगोलिक अवस्थिती भू-धरातलको वनोट परम्परागत मान्यता, अवसरको कमी, नीतिगत अस्थिरता (भौतिक, सामाजिक, धारणगत) | घाईते मृत्यु, भौतिक संरचानाको नष्ट, पशुचौपाया क्षती, प्राकृतिक सम्पदा ध्वस्त, आर्थिक अभाव, खाद्य समस्या, आन्तरिक द्वन्द्ध, महिला हिंसा | सुचना शिक्षा समाग्रीको विकास र वितरण, विद्यालय शिक्षा कक्षा, रेडियो तथा मोवाइल सुचना प्रणालीको विकास, नीति निर्माण, नीति कार्यान्वयन पुर्व तयारी (सिप, साधान र स्रोत) प्राथमिक उपचार, खोज तथा उद्धार तालिम तथा समाग्रीको व्यवस्थापन, आकासिमक कोष व्यवस्थापन, भवन आचार संहिताको पालना, सुरक्षित स्थान पहिचान, प्रवलिकरण तथा भुकम्प प्रतिरोधात्मक नीजि तथा सार्वजनिक संरचनाको निर्माण, सडक विस्तार तथा विकास, कृतिम घटना अभ्यास कार्यक्रम संचालन गर्ने |
| बाढी / पहिरो | नदि किनारमा बस्ती, सचेतनाको अभाव, पूर्व सुचनाको कमी, प्राकृतिक स्रोतको दोहन, वन विनास, पानि निकासमा अवरोध, अतिवृष्टी, परम्परागत खेती प्रणाली अव्यवस्थित बसाई सराई, अविरल वर्षा | कमजोर भु वनोट, समथर जमिन, अवसरको कमी, नीतिगत अस्थिरता (भौतिक, सामाजिक, धारणगत) | घाईते, मृत्यु भौतिक, संरचानाको नष्ट पशुचौपाया क्षती प्राकृति सम्पदा, खेतीयोग्य जमिन क्षती, झाडापखला, छालारोग, खाद्य आभाव, कुपोषण, महिला हिंसा, | वृक्षारोपण तथा वन फडानी रोक्ने सुचना शिक्षा समाग्रीको विकास र वितरण, विद्यालय शिक्षा कक्षा, रेडियो तथा मोवाइल सुचना प्रणालीको विकास, पूर्व सुचना प्रणालीको विकास, अभिवृद्धि, न्यूनिकरणको उपायको स्थापना, सुरक्षित स्थानको पहिचान गर्ने पुर्व तयारी (सिप, साधान र स्रोत) प्राथमिक उपचार, खोज तथा उद्धार तालिम तथा समाग्रीको व्यवस्थापन, आकास्मिक कोष व्यवस्थापन, कृत्रिम घटना अभ्यास, सेवा प्रदायक सम्वन्धि आकास्मिक सम्पर्कको प्रचार प्रसार गर्ने |
| आगलागी | सचेतनाको अभाव, आगोजन्य निर्माण सामाग्रीको प्रयोग, परम्परावादी बसोबास, सुख्खा मौसम, हुरीवतास, लापरवाही, अव्यवस्थित विद्युतिकरण, केटा केटीको पहुँचमा आगजन्य बस्तु राख्नु, परम्परागत सोच, हेलचक्राई, खेतबारीमा डडेलो लगाउने प्रचलन | परम्परागत धारण, , कमजोर आय स्रोत, परम्परागत भौतिक संरचना ( भौतिक, सामाजिक, धारणागत) | जनधनको क्षति, भौतिक संरचनाको नास, विस्थापित, बसाईसराई र आर्थिक क्षती, खाद्य समस्या, मानिस हरु घाइते अपाङ्ग, तथा मृत्यु हुने | आगोजन्य बस्तु राख्नमा होसीयारी, विभिन्न तालिम तथा गोष्ठीबाट दक्ष जनशक्ति तथा जनचेतनामा बृद्धि, पुर्व तयारी, पोखरी तथा ट्यांकीको निर्माण, सुरक्षित बसोवासको व्यवस्था, अग्नी रेखाको निर्माण, दमकलको सेवामा वृद्धि, आगो नियन्त्रण टोली गठन, दक्षता वृद्धि तथा परिचालन गर्ने |
| स्वास्थ्य समस्या | सचेतना आभाव, ढल निकासमा समस्या तथा नहुनु, ठोस तथा तरल फोहोर व्यवस्थापनमा कमी खुला दिसा पिसाव, प्लास्टिक जन्य पर्दार्थको प्रयोग, जंगफुडको प्रयोगमा बृद्धि, ढल निकासमा अवरोध, र वातावरण प्रदुषण, स्वास्थ्य सेवा पहुँचमा कमी, सार्वजनिक शौचालयमा कमी तथा व्यवस्थापन | परम्परागत धारणा, नीतिगत अस्थिरता, स्वास्थ्य सेवाबारे जानकारीको अभाव ( सामाजिक, धारणगत) | मृत्यु पारिवारीक तनाव, आर्थिक व्ययभार, खाद्य आभाव, कुपोषण, बाल तथा मातृ मृत्यु, महिला हिंसा हुने | विभिन्न सरुवा रोगको वारेमा सुचना शिक्षा समाग्रीको विकास र वितरण, विद्यालय शिक्षा कक्षा, रेडियो तथा मोवाइल सुचना प्रणालीको विकास, खानेपानी शुद्धिकरण, पारिवारीक तथा सार्वजनिक शौचालयको व्यवस्था, पुर्व तयारी (दक्ष जनशक्ति, औषधी, प्रजनन स्वास्थ्य सामाग्री) ढल निकासको उचित प्रबन्ध, फोहर संकलन तथा व्यवस्थापनको प्रवन्ध, फोहर संकलन र विसर्जनको स्थानको पहिचान स्थानिय टोल विकास संस्थाको परिचालन र उचित व्यवस्थापन, सेवा प्रदायक सम्वन्धि आकास्मिक सम्पर्कको प्रचार प्रसार गर्ने |

| | | | | |
|---|---|---|---|---|
| | अभाव, विद्यालयमा छात्र छात्राको लागि अलग शौचालयको अभाव, परिवार नियोजनमा गलत अवधारणा, छोरा र छोरीमा असमान व्यवहार, स्वास्थ्य सम्वन्धि परम्परागत धारणा | | | |
| हावाहुरी | वातावरणमा आएको परिवर्तन, आर्थिक कमजोरी, पूर्वतयारीको अभाव | धारणागत सामाजिक र भौतिक | मृत्यु, वालीनाली तथा पशुपक्षीमा प्रभाव, खाद्य अभाव, स्वास्थ्यमा प्रभाव | पूर्वतायरीका उपायहरुको जोहो, मौसमी सुचना प्रणालीको विकास र विस्तार, स्थानिय टोल विकास संस्थाको परिचालनका माध्ययमबाट सचेतना अभियानको संचालन गर्ने |
| सुख्खा, खडेरी | वन जंगलको विनास, उचित सिचाई व्यवस्थापनमा कमी, परम्परागत खेती प्रणाली, बाताबरणमा आएको परिवर्तन, आगलागी, पानीका स्रोतहरु सुक्दै जानु, पानीको सतह घट्दै जानु, प्राकृतिक स्रोतको अनुचित र अत्याधिक प्रयोग | धारणागत, समाजिक र भौतिक | उत्पादनमा कमि खाद्य अभाव खानेपानीको समस्या, झाडापखला, फ्लु, छालारोग, आँखा संक्रमण जस्ता विभिन्न स्वास्थ्य समस्याहरु | बृक्षारोपण, वन जंगलको संरक्षण अभियान, आवश्यकताको पहिचान अनुसार को सिचाई योजना निर्माण र संचालन, बैकल्पिक खेती प्रणालीको विकास र विस्तार,<br>बेमौसमी खेतीमा प्रोत्साहन, पानीका स्रोतहरुको पहिचान र संरक्षण |
| सडक दुर्घटना | सडक सुरक्षा जचेतनामा कमी, सडक मर्मत सम्भारको कमी छाडा पशुचौपाया, बाटो पार गर्ने उचित प्रवन्धको कमी,<br>क्षमता भन्दा बढी भार बोक्नु<br>मादक प्रदार्थ सेवन गरि सवारी चलाउँनु<br>पुराना सवारी साधान र सवारी परिक्षण विना संचालन | भौगोलिक विकटता, साघुँरा तथा कच्ची सडक, नीतिको पालना अभाव, लापरवाही (भौतिक, सामाजिक, धारणागत) | घाईते, अपाङ्गता, मृत्यु, पशुचौपाया क्षती, आर्थिक क्षती | सामुदायिक तथा विद्यालय कक्षा, सुचना शिक्षा समाग्रीको विकास र वितरण, रेडियो तथा मोवाइल सुचना प्रणालीको विकास, नीतिगत कार्यान्वयनमा कडाई, सडक स्तरोन्ती तथा नयाँ निर्माण, सडक सुरक्षा संकेतहरुको मर्मत तथा निर्माण र स्थापना, पुर्व तयारी (सिप, साधान र स्रोत) प्राथमिक उपचार, सेवा प्रदायक सम्वन्धि आकास्मिक सम्पर्कको प्रचार प्रसार गर्ने |

## २.६. प्रकोप, मौषमी तथा बाली पात्रो :

### क) प्रकोप पात्रो :

| क.स. | विवरण | समय तालिका | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भुकम्प | पहिला | X | X | X | X | X | X | X | X | X | X | X | X |
| | | बर्तमान | X | X | X | X | X | X | X | X | X | X | X | X |
| २ | बाढी | पहिला | | | | X | X | | | | | | | |
| | | बर्तमान | | | X | X | X | X | X | | | | | |
| ३. | खडेरी | पहिला | X | | | | | | | | | | | X |
| | | बर्तमान | X | X | | | | | | | | | X | X |
| ४ | आगलागी | पहिला | X | | | | | | | | | | | X |
| | | बर्तमान | X | X | | | | | | | | | X | X |
| ५ | पहिरो | पहिला | | | X | X | X | | | | | | | |
| | | बर्तमान | | | X | X | X | X | | | | | | |
| ६ | हावाहुरी | पहिला | X | | | | | | | | | | | X |
| | | बर्तमान | X | X | | | | | | | | | X | X |
| ७ | माहामारी | पहिला | | | | X | X | | | | | | X | X |
| | | बर्तमान | X | X | X | X | X | X | X | X | X | X | X | X |
| ८ | चट्याङ | पहिला | | | | | | | | | | | | |
| | | बर्तमान | X | X | | | | | | | | | | |
| ९ | असिना | पहिला | X | | | | | | | | | | | X |
| | | बर्तमान | X | X | | | | | | | | | X | X |
| १० | हिउंपहिरो | पहिला | | | | | | | | | | | X | X |
| | | बर्तमान | | | | | | | | | X | X | X | |

हिमाली गाउपालीकाको प्रकोप पात्रो विश्लेषण गर्दा यस गाउँपालीकामा विभिन्न प्रकारको रुपमा रहेको प्रकोपहरुको पहिले र अहिलेको अवस्थामा केही भिन्नता रहेको पाइन्छ। बाढी र हावाहुरी पहिले निश्चित समय अवधिमा आउँथ्यो भने अहिले निश्चित अवधिका साथै फरक समयमा लामो समयसम्म पनि आउने र जनधन पशुपक्षी विरुवालाई क्षति गर्ने गरेको पाइन्छ। आगलागी, जगली जनावरको आक्रमण, माहामारी, सडक दुर्घटना जस्ता प्रकोपको पहिले र अहिलेको समय दुरीमा खासै फरक देखिदैन। १/२ महिनाको मात्र फरक देखिन्छ। गाउपालीका क्षेत्रका मौसम बारे विश्लेषण गर्दा यस क्षेत्रमा मनसुन बर्षा पहिले छिटो सुरु भइ विस्तारै लामो समय सम्म हुन्थ्यो। उक्त वर्षा जेठ महिना देखी सुरु भई कात्तिक सम्म हुन्थ्यो भने अहिले असार देखि असोज सम्म मनसुन वर्षा हुन्छ। कम अवधिमा पानी पर्छ तर जोडले पर्ने गदर्छ। त्यसैगरी हिउँदे बर्षा पहिलेको

तुलनामा अहिले १ महिना अगाडी देखि नै परेको देखिन्छ । गर्मी पहिले र अहिलेको अन्तरालमा एक डेढ महिना मात्र अगाडी पछाडी देखिएता पनि यसमा धेरै फरक रहेको पाइन्छ । पहिले गर्मी याममा काम गर्न सहज हुने, नरम घाम हुने, सहन सक्ने हुन्थ्यो भने अहिले गर्मी एकदमै चर्को लाग्ने मानवीय जीवन र बालीनाली, पशु वोटविरुवामा असर पार्ने गरो महससु गरको देखिन्छ । त्यसै गरी जाडो पहिले ठीक समयमा हुन्थ्यो भने अहिले एक महिना अघिपछि सरेको पाइन्छ । यसैगरी असिना पहिले र अहिले उस्तैउस्तै समयमा रहेको देखिन्छ ।

## ख) मौषमी पात्रो :

| क्र.स. | विवरण | समय तालिका | वैशाख | ज्येष्ठ | असार | साउन | भदौ | असोज | कात्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पानी पर्ने | पहिला | | X | X | X | X | | | | | | | |
| | | बर्तमान | | | X | X | X | | | | | | | |
| २ | हावाहुरी चल्ने | पहिला | X | X | | | | | | | | | X | X |
| | | बर्तमान | X | X | X | | | | | | | | X | X |
| ३ | खडेरी पर्ने | पहिला | X | X | | | | | | | | | X | X |
| | | बर्तमान | X | X | X | | | | | | | | X | X |
| ४ | गर्मी हुने | पहिला | X | X | | | | | | | | | X | X |
| | | बर्तमान | X | X | X | X | X | | | | | | | |
| ५ | असीना | पहिला | | | | | | | | | | | X | X |
| | | बर्तमान | X | X | X | | | | | | | | | |
| ६ | चट्याङ्ग | पहिला | X | X | | | | | | | | | X | X |
| | | बर्तमान | X | X | X | X | | | | | | | X | X |

हिमाली गाउंपालीका बासिन्दाहरुको मुख्य पेशा कृषि रहेको छ । यस गाउंपालिकाका मानीसहरु कृषि अन्तर्गत धान, मकै, गहुँ, स्याउ, फापर आलु जस्ता बालीनाली लगाउने तथा भित्राउने गरेको पाइन्छ । मौसम तथा जलवायु परिवर्तनका कारणले गर्दा पहिले र अहिले लगाउने र भित्राउने बालीनालीको समय अवधिमा केही परिवर्तन आएको देखिन्छ । पहिले त्याहाँका मानीसहरु अकासे पानीमा मात्र निर्भर हुन्थ्यो र वर्षा पनि छिटो सुरु भई लामो समय सम्म हुन्थ्यो, जसले गर्दा बालीनालीहरु छिटो रोप्न सुरु गरी लामो समय सम्म विस्तारै रोप्थे र बाली काट्न पनी ढिला हुने तर एक्कासी पानी जोडले पर्ने हुँदा त्यस क्षेत्रका मानिसहरु मौसममा मात्र भर परी परम्परागत तौर तरिकाबाट वालीनाली लगाउने भित्राउने गरेको पाइन्छ । तसर्थः पहिले जुनसुकै बालीनाली छिटो छर्ने र भित्राउने समय लामो हुने गरेको देखिन्छ भने अहिले बाली ढिला छर्ने भएतापनि भित्राउने समय चाँहि पहिले भन्दा छिटो भएको देखिन्छ ।

### ग) बाली पात्रो :

| क्र.स. | विवरण | समय तालिका | वैशाख | जेष्ठ | असार | साउन | भदौ | असोज | कात्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | धान रोप्ने | पहिला | | | X | | | | | | | | | |
| | | बर्तमान | | X | X | | | | | | | | | |
| | धान भित्राउने | पहिला | | | | | | | X | | | | | |
| | | बर्तमान | | | | | | X | X | | | | | |
| २ | गहु लगाउने | पहिला | | | | | | | X | X | | | | |
| | | बर्तमान | | | | | | | X | X | | | | |
| | गहु भित्राउने | पहिला | | | | | | | | | | | | |
| | | बर्तमान | X | X | X | | | | | | | | | |
| ३ | मकै लगाउने | पहिला | X | | | | | | | | | | | |
| | | बर्तमान | X | X | | | | | | | | | | |
| | मकै भित्राउने | पहिला | | | | | | X | X | | | | | |
| | | बर्तमान | | | | | | X | | | | | | |
| ४ | जौ लगाउने | पहिला | | | | | | | X | X | | | | |
| | | बर्तमान | | | | | | | X | X | | | | |
| | जौं भित्राउने | पहिला | | | | | | | | | | | | |
| | | बर्तमान | X | X | | X | X | | | | | | | |
| ५ | सिबि लगाउने | पहिला | X | X | X | | | | | | | | | |
| | | बर्तमान | X | X | X | | | | | | | | | |
| | सिबि भित्राउने | पहिला | | | | | | X | X | | | | | |
| | | बर्तमान | | | | | | X | X | | | | | |

## २.७ सङ्कटासन्नता स्तरीकरण :

हिमाली गाँउपालिकामा रहेको क्षमताका अभावका कारण विभिन्न वडा, समुदाय तथा बस्तीहरुमा भिन्न भिन्न प्रकारका संकटासन्नताहरु रहेको पाईन्छ। बहुप्रकोपको सम्मुखतामा रहेका विभिन्न वडाहरुमा रहेको संकटासन्नताको तत्वलाई विश्लेषण गर्दा भौतिक, सामाजिक र धारणागत संकटासन्नताहरु रहेको पाईन्छ भने प्रकोपगत संकटासन्नता अनुसार जोखिमको अवस्था पनि फरक फरक रहेको छ । अव्यवस्थित बसोबास, कमजोर भौतिक संरचनाको निर्माण, भवन निर्माण आचार संहिताको पालना नहुँनु, पूर्वतयारीका कार्यहरुमा कमी, सचेतनामा कमी जस्ता कारणले भूकम्पप्रतिको संकटासन्नतामा वृद्धि गराएको छ । यस्तै बसाईसराई, अव्यवस्थित बसोबास, नदि किनारका बस्ती तथा खेतियोग्य जमिन, बाताबरणमा आएको परिवर्ततनका कारण हुने गरेको अतिवृष्टि, प्राकृतिक साधनको दोहन र जोखीम न्यूनिकरण तथा पूर्वतायारी कार्यहरुको कमी र अव्यवस्थित विकास निर्माणका कार्यका कारण गाँऊपालिकाका प्राय सबै वडाहरु बाढी तथा पहिरो संकटासन्बाटन रहेको छ । पहिरोका कारण १,२,३,६ वडाहरु उच्च र ४,५,,७ वडाका वस्तीहरु मध्यम संकटासन्न रहेका छन्। बाताबरणमा आएको परिवर्तन, खानपानमा आएको परिवर्तन, सचेतनाको अभाव, सेवा पहुँचमा अभाव, शुद्ध खानेपानीमा असमान पहुँच खानेपानी परिक्षण तथा शुद्धिकरण अभ्यासको कमी, विद्युतिय संचारहरुको सहज पहुँच, उचित वर्षातको पानकिो निकासीको अभाव, प्लाष्टिकजन्य सामाग्रीको बढी प्रयोग, तरल तथा ठोसजन्य फोहर ब्यवस्थापनको कमी, खुला खाद्य सामाग्रीको बेचविखन तथा प्रयोजन, धार्मिक मान्यता, सार्वजनिक स्थानहरु बाल, किशोरी, अपाङ्ग तथा महिलामैत्री नहुँनु र उनीहरुको विशिष्टकृत आवश्यकता परिपूर्णतामा अभाव जस्ता कारणले स्वास्थ्य समस्याको (झाडापखला, प्रजनन स्वास्थ्य, आँखा तथा श्वासप्रश्वास संक्रमणको संकटासन्नता वृद्धि भएको छ । बिरामी अवस्थामा स्वास्थ्य संस्था भएतापनि ठिक हुन्छ भनेर घरमानै बस्ने, झारफुक तथा धामी झाँक्री विश्वास, ब्यक्तिगत तथा घरायसी सरसफाईमा कमी, अव्यवस्थित पशुपालन, शौचालय प्रयोगमा कमी, उचित सरसफाइृको् अभावका कारण दुर्गन्ध र झिंगा किराहरु फैलने, सरुवा रोग तथा झाडापखाला जस्ता रोगले असर गर्ने, ब्यवस्थित ढल निकासा अभाव जस्ता कारणले स्वास्थ्य तथा सरसफाईमा थप संकटासन्नता बढेको । छ जसले गर्दा समुदायहरुको जोखिम बढ्दै गएको पाईन्छ । उमेर अवस्था, सचेतनाको कमी सेवा पहुँचमा वाधाका कारण बालबालिका वृद्धवृद्धा तथा किशोर किशोरीहरु निमोनिया तथा रुघाखोकी, आँखा तथा छालाजन्य समस्या, झाडापखाला, प्रजनन स्वास्थ्य समस्यामा

बढी संकटासन्न रहका छन् । समुदायमा छाउपडी प्रथाले पनि महिलाहरुको स्वास्थ्य अवस्था जोखिममा रहेको पाईन्छ ।

समुदायमा आगलागी, हावाहुरी र खडेरी जस्ता समस्याले बढि दु:ख दिन थालेको पाईन्छ । अचानक ठुलो हावाहुरी चल्नु, घरको छाना बलियो नहुनु जस्ता कारणले गर्दा हावाहुरीको प्रकोपमा वस्तीहरुमा भौतिक संकटासन्नता बढी देखिन्छ । सिंचाई संयन्त्र प्रभावकारी नहुनु, समयमा पानी नपर्नु, सुख्खा मौषमको अवधि बढ्नु जस्ता कारणले खडेरीको संकटासन्नता थपेको छ भने हिमपातका कारण स्वास्थ्यमा समेत प्रतिकुल असर गरेको छ। यस प्रकारको संकटासन्नताको कारण सबै भन्दा बढि जिविकोपार्जनका माध्यमहरु बढी संकटासन्न रहेको पाईन्छ ।

बाताबरणमा आएको परिवर्तत, मौसम अनुसारको सुचना सम्प्रेषण नहुनु र पूर्वतयारीको कमीले बालबालिका तथा वृद्धवृद्धाहरु बढी संकटासन्न रहेका छन् । जंगलफडानी तथा खाद्य अभावका कारण जंगली जनावर बस्ती तथा शहर तर्फ आउन बालीनालीहरुमा क्षती गर्ने, मानिससँगको बढी सर्म्पक हुँदा घरका खाद्य पदार्थ खाईदिने तथा बालबालिका र अन्य व्यक्ति समेतलाई आक्रमण गर्न सक्ने कारणले वडाहरुको जंगली जनाबरको सकटासन्ता वृद्धि भएको छ । पहिलेको तुलनामा हिमपात कम पर्ने गरेको पाईन्छ जसका कारण तापक्रम वृद्धि हुने, बालीनालीहरु उत्पालनमा कमी हुने गरेको पाईन्छ ।

स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजना तर्जुमा निर्देशिका २०७४ अनुसार मानविय क्षती, प्रभावित परिवार संख्या, घरको क्षती, आर्थिक क्षती, खेतियोग्य भूमि तथा वनक्षेत्रको क्षती, सामाजिक क्षति, विगतमा भएका विपद्का घटनाक्रम, वाली लगाउने वा भित्राउने समयमा आएको परिवर्तन, तापक्रममा आएको परिवर्तन, जोखिमले भविश्यमा पार्नसक्ने असर, संस्थागत क्षमता, जनसंख्याको विश्लेषण, स्थानिय ज्ञान, सिप, क्षमता र प्रविधिलाई सुचक मानी यस हिमाली गाँऊपालिकाको वडागत संकटासन्नता वर्गिकरण गरिएको छ । यस विश्लेषणको आधारमा हिमाली गाँऊपालिका का सबै वडाहरु बहुप्रकोपगत हिसाबले उच्च संकटासन्न रहेको छ ।

| वडा नं | मानविय क्षति | प्रभावित परिवार | घरको क्षति | आर्थिक क्षति | खेतीयोग्य भूमि र वनक्षेत्रको क्षति | सामाजिक क्षति | विगतमा भएका विपद्का घटनाक्रम | वालि लगाउने वा भित्राउने समयमा आएको परिवर्तन | तापक्रममा आएको परिवर्तन | जोखिमले भविश्यमा पार्न सक्ने असर | स्रोतको उपलब्धता तथा पहुँच | संस्थागत क्षमता | जनसंख्याको विश्लेषण | स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधि | जम्मा | संकटासन्नता अवस्था |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ३ | २ | ३ | ३ | ३ | ३ | ३ | ३ | २ | २ | ३ | ३ | ३८ | उच्च |
| २ | २ | ३ | ३ | २ | ३ | ३ | ३ | ३ | ३ | ३ | २ | २ | ३ | ३ | ३८ | उच्च |
| ३ | २ | ३ | ३ | २ | ३ | ३ | ३ | ३ | ३ | ३ | २ | २ | ३ | ३ | ३८ | उच्च |
| ४ | २ | २ | २ | २ | ३ | १ | ३ | ४ | ४ | १ | २ | २ | २ | ४ | २६ | मध्यम |
| ५ | २ | ३ | ३ | २ | ३ | ३ | ३ | ३ | ३ | ३ | २ | २ | ३ | ३ | ३८ | उच्च |
| ६ | २ | ३ | ३ | २ | ३ | ३ | ३ | ३ | ३ | ३ | २ | २ | ३ | ३ | ३८ | उच्च |
| ७ | २ | २ | २ | २ | ३ | १ | ३ | ४ | ४ | १ | २ | २ | २ | ४ | २७ | मध्यम |

**३८ अंकभन्दा माथी उच्च संकटासन्नता, २४ देखि ३८ अंकभार मध्यम संकटासन्नता र २३ भन्दा तलअंकभार न्यून संकटासन्नता**

## २.८. समस्याको बृक्ष विश्लेषण

| क्र.स. | विपद्को अवस्था | विपद्को कारण | असर | समाधानका सम्भावित उपाय |
|---|---|---|---|---|
| १ | वाढी / पहिरो | • अतिवृष्टि, अनावृष्टि<br>• ढुंगा गिट्टी वालुवाको अनिमित निकासी<br>• ढल निकासको व्यवस्था नहुनु<br>• वन जंगलको विनास<br>• बस्तीको वृद्धि<br>• बेमौषमी बर्ष<br>• सुख्खा डाडाकाडाँ | • धनजनको क्षती<br>• वाटो विनास<br>• माटो कटान, पटान<br>• चौपाया नष्ट<br>• विद्यालयको पठनपाठन अवरुद्ध<br>• खानेपानी तथा स्वास्थ्यमा समस्या | • बृक्षारोपण<br>• तटबन्धन समन्वय<br>• ढल निकास<br>• मापदण्ड कानुन निति नियम निर्माण गरि कार्य गर्न लगाउने |

| | | | | |
|---|---|---|---|---|
| २ | आगलागी | • लापरवाही<br>• अव्यवस्थीत वस्ती निर्माण<br>• फुसको छानो<br>• जनचेतनाको कमी<br>• गरिवि | • धनजनको क्षती<br>• चौपाया नष्ट<br>• खानेपानी तथा स्वास्थ्यमा समस्या | • जनचेतना अभिवृद्धी<br>• फुसको छानो विस्तापन<br>• मापदण्ड निर्माण |
| ३ | हावाहुरी | • प्रकृती<br>• जलवायु परिर्वतन<br>• मापदण्ड निर्माणमा कमी | • धनजनको क्षती<br>• चौपाया नष्ट<br>• खानेपानी तथा स्वास्थ्यमा समस्या<br>• विद्यालयको पठनपाठन अवरुद्ध | • जनचेतना अभिवृद्धी<br>• फुसको छानो विस्तापन<br>• मापदण्ड निर्माण |
| ४ | महामारी | • जनचेतनाको कमी<br>• लापरबाही<br>• स्वास्थ्य मापदण्ड पुरा नहुनु | • मृत्यु<br>• अपाङ्ग<br>• आर्थिक नोक्सानी | • स्वास्थ्य मापदण्डको पालना<br>• सरसफइमा ध्यान दिनु<br>• |
| ५ | जगली जनावरको आक्रमण | • जगल नजिक बस्ति हुनु<br>• जनचेतनाको कमी<br>• जनावरको खानेकुरा नष्ट गर्नु<br>• तारबेर नहुनु<br>• जनावरलाइ जिस्काउनु | • खाद्यन्न नोक्सानी<br>• मृत्यु<br>• घाइते<br>• विद्यालयको पठनपाठन अवरुद्ध | • जनचेतना गर्नु<br>• तारबेर गर्नु<br>• जनावरलाइ नजिस्काउने |
| ६ | सडक दुर्घटना | • लापरबाही<br>• ट्राफिक नियमको पालना नगर्नु<br>• सडक साघुरो तथा धेरै मोड हुनु<br>• संकेत नहुनु | • घाइते<br>• मृत्यु<br>• आर्थिक नोक्सानी | • ट्राफिक नियमको पालना गर्नु |
| ७ | भुकम्प | • कमजोर घर संचरना<br>• भन निमार्ण संहिताको पालना नगर्नु<br>• दक्ष जनशक्तिको कमी<br>• पुर्व सुचना नहुने | • घाइते<br>• मृत्यु<br>• अपाङ्ग | • बलियो घर निमार्ण<br>• खोज तथा उद्धारको तयारी<br>• पुर्व तयारीका कार्यहरु |

## २.९ गाउँपालिकाको क्षमता विश्लेषण :

विपद् पूर्व, विपद्को समय र विपद् पश्चातका गतिविधिहरुमा सहयोग, प्रयोग र परिचालन गरि प्रभाव वा असरलाई कम गर्ने, जोखिम न्यूनिकरण गर्ने र पूर्वतयारीका उपायहरुको जोहो नै विपद् व्यवस्थापन तथा जलवायु अनुकुलनका लागि क्षमताका रुपमा लिने गरिन्छ । क्षमतालाई भौतिक क्षमता, सामाजिक क्षमता र धारणगत क्षमताका रुपमा विभाजन गरी विश्लेषण गरिएको छ ।

हिमाली गाँउपालिका जिल्लाको उत्तर हिमाली क्षेत्रमा अवस्थित कृषिमा आश्रित गाउंपालिका हो । उत्तर तर्फ हुम्ला संग जोडिएको यस गाँउपालिका उल्लेख्य जलाधार क्षेत्र समेत रहेको छ । साना ठुला खोला खोल्सा रहेको यस गाँउपालिका कृषीको उर्वर भूमीको रुपमा परिचित छ । हिमाली क्षेत्र भएको हुँदा स्याउ खेतीको प्रचुर सम्भावना रहेको छ । यातायातको सञ्जाल विस्तार हुदै गरेको यस गाँउपालिकामा भएका पुल पुलेसा र सडकमार्गले कूनैपनि विपदका घटनाहरुको तत्काल प्रतिकार्य गर्न, विपद् जोखिम न्यूनिकरणका गतिविधिहरु संचालन गर्न र पूर्व तयारीका सामाग्री तथा उपायहरुको परिचालन गर्न सहज हुने देखिन्छ । यस गाँउपालिकामा साना ठूला गरी जम्मा ७ वटा पुल, पुलेसाहरु रहेका छन् जसले मानीसहरुलाई आवतजावत तथा समाग्री ढुवानी र यातायातका लागि सहज बनाएको छ । यस गाँऊपालिका क्षेत्रभित्र करिब ६० कि.मी. कच्ची सडक सञ्जाल रहेको छ जसले विपद्

व्यवस्थापनका गतिविधिहरुलाई संचालन गर्न सहज बनाउदछ । गाँउपालिका रहेको तथा कच्ची सडकले विपद्को समयमा सुरक्षित स्थानमा स्थानन्तरण गर्न, सुरक्षित स्थानमा बसोबास गराउन, राहत तथा पुनर्निर्माणका गतिविधिहरु संचालन गर्न तथा विपद् जोखिम न्यूनिकरणका लागि सहयोग मिल्ने देखिन्छ । गाँउपालिकाको मूख्य प्रकोप बाढी तथा कटान न्यूनिकरणका लागि गरिएको तटवन्धन र सिंचाई व्यवस्थापनको राम्रो क्षमताका रुपमा रहेको छ । सरकारी तथा संस्थागत विद्यालयहरु गरेर २२ र निजी विद्यालयहरु ३ वटा गर्ा जम्मा २५ शैक्षिक संस्थाहरु रहेको यस गाँउपालिकामा विद्यालयहरुको खुला चौरहरु अल्पकालिन अस्थायी आश्रयस्थलको रुपमा प्रयोग गर्न सकिने देखिन्छ । यस्तै विद्यालयका शिक्षक शिक्षिका मार्फत अतिरिक्त कार्यकलापका रुपमा विद्यार्थि शिक्षा कक्षाका माध्यमबाट जोखिम न्यूनिकरणका सचेतना मूलक गतिविधिहरु संचालन गर्न सकिने छ भने विद्यालय जोखिम न्यूनिकरणका गतिविधिहरु संचालनका लागि गतिलो स्रोतको रुपमा रहेको देखिन्छ । विपद्को समयमा अस्थायी आश्रयका लागि सामुदायिक भवनहरु, सार्वजनिक खुल्ला जमीन र विभिन्न स्नाथमा भएका मठ मन्दिर भवनहरु भौतिक क्षमताका रुपमा रहेको छ । यी स्थानहरुमा १००० भन्दा बढी परिवारहरुलाई विपद्को समयमा अस्थायी बसोबास गराउन सकिने देखिन्छ तथापी मर्मत सम्भार, पहिचान र व्यवस्थापन गनुपर्ने अवस्था रहेको छ । गाँउपालिका उपलब्ध सशस्त्र प्रहरी, नेपाल प्रहरी, र यिनीहरुसँग उपलब्ध जनशक्ति तथा आर्थिक र भौतिक स्रोत गाँउपालिकाको विपद् जोखिम न्यूनिकरण, विपद् प्रतिकार्य र पूर्नलाभका लागि गतिलो स्रोतका रुपमा लिन सकिन्छ भने उपलब्ध सरकारी तथा अर्धसरकारी र नीजि स्वास्थ्य संस्था, स्वास्थ्य सेवा र जनशक्ति भौतिक क्षमताका रुपमा रहेको छ । गाँउपालिकामा उपलब्ध एम्बुलेन्स र अन्य खोज तथा उद्धारका सामाग्रीहरु विपद् प्रतिकार्यका लागि भौतिक क्षमताका रुपमा रहेको छ भने गाँउपालिकाले बारुण यन्त्रको व्यवस्थापन गर्नुपर्ने देखिन्छ । गाँउपालिका अन्तर्गत गठन भएका महिला स्वास्थय स्वयंसेबिका, क्रियाशिल आमा समूह, युवा तथा बाल क्लब, धार्मिक तथा सामाजिक संघ संस्था समाजिक क्षमताको रुपमा रहेको छ । यस्ता क्षमताहरुलाई जोखिम न्यूनिकरणका लागि परिचालन तथा प्रयोजन गर्न सकिने देखिन्छ। बाढी तथा पहिरो जोखिम न्यूनिकरणका लागि स्थानिय सामाग्रीहरुको प्रयोग र परिचालन तथा प्रदेश स्तरिय निकाय देखि स्थानिय निकायहरुको सहभागितामा न्यूनिकरणका उपायहरुको अवलम्वन गर्न सकिने अवस्था रहेको छ । विभिन्न अन्तरार्ष्ट्रिय मानविय संघसंस्थाहरु तथा सयुक्त राष्ट्र संघको विशिष्टकृत निकायहरुको उपस्थिती गाँउपालिकामा रहेकोले बहुप्रकोप न्यूनिकरण तथा पूर्वतायरीका कार्यहरु गर्न सक्ने क्षमतामा रहेको छ। स्वास्थ्य तथा सरसफाईमा गाँउपालिकाले अभियानको रुपमा कार्यक्रम तय गरी स्थानिय टोल विकास समिति, युवा क्लब तथा अन्य सरकारी तथा गैह्र सरकारी निकायहरुको परिचालनमा गाँउपालिकामा सरसफाईका अभावले हुन सक्ने स्वास्थ्य समस्याको न्यूनिकरण गर्न सकिन्छ। गाँउपालिकामा परम्परागत सिपहरु रहेता पनि सामाग्रीगत पूर्वतयारी र सिप तथा क्षमता विकास गर्नुपर्ने देखिन्छ भने पूर्वतयारीका लागि वडागत सिप तथा सामाग्री व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ । गाँउपालिकामा रहेका औपचारिक तथा अनौपचारिक समूहहरु आमा समूह, कृषि समूह, बाल क्लब, निगरानी समूह, किशोरी समूह तथा आय आर्जनमा सक्रिय समूहहरु सामाजिक स्रोतका रुपमा रहेका छन् । सुख्खा खडेरीको न्यूनिकरणका लागि उपलब्ध नदीनालाको प्रभावकारी व्यवस्थापन र प्रयोजनकाा लागि यो राम्रो क्षमताका रुपमा लिन सकिन्छ ।

**स्रोतको उपलब्धता तथा पहुँच**

**१. वडा कार्यालयको विवरण**

| क्र.सं. | नाम | पद | सम्पर्क नं | क्षमताहरु |
|---|---|---|---|---|
| १ | जोख्या भण्डारी | वडा अध्यक्ष १ | ९८६९५०६०४८ | वडा कार्याल्य, वडा समिति, योजना, बजेट, ऐन, कानुन, जनशक्ति, परिचालन तथा व्यवस्थापन |
| २ | रण बहादुर बुढा | वडा अध्यक्ष २ | ९८६८९६७८८४ | वडा कार्यालय, वडा समिति, योजना, बजेट, ऐन, कानुन, जनशक्ति, परिचालन तथा व्यवस्थापन |

| | | | | |
|---|---|---|---|---|
| ३ | मंगल बहादुर बुढा | वडा अध्यक्ष ३ | ९८६९९०७७२१ | वडा कार्यालय, वडा समिति, योजना, बजेट, ऐन, कानुन, जनशक्ति, परिचालन तथा व्यवस्थापन |
| ४ | भिमानन्द पाण्डे | वडा अध्यक्ष ४ | ९८५११८७११९ | वडा कार्यालय, वडा समिति, योजना, बजेट, ऐन, कानुन, जनशक्ति, परिचालन तथा व्यवस्थापन |
| ५ | प्रदिप थापा | वडा अध्यक्ष ५ | ९८६८०४५०८४ | वडा कार्यालय, वडा समिति, योजना, बजेट, ऐन, कानुन, जनशक्ति, परिचालन तथा व्यवस्थापन |
| ६ | प्रेमलाल भण्डारी | वडा अध्यक्ष ६ | ९८४३४८२२६५ | वडा कार्यालय, वडा समिति, योजना, बजेट, ऐन, कानुन, जनशक्ति, परिचालन तथा व्यवस्थापन |
| ७ | तपेन्द्र कुमार शाही | वडा अध्यक्ष ७ | ९८४९१६७५५० | वडा कार्यालय, वडा समिति, योजना, बजेट, ऐन, कानुन, जनशक्ति, परिचालन तथा व्यवस्थापन |

**४. गाउँपालिकाको क्षमताहरु**

| **क.स.** | **क्षमताका तत्वहरु** | **एकाई विवरण** |
|---|---|---|
| १ | विपद कोष रकम | रु ४५ लाख |
| २ | सुरक्षित स्थान | ७ वटा |
| ३ | आमा समुहहरु | २७ वटा |
| ४ | युवा तथा बाल क्लबहरु | ७ वटा |
| ५ | विद्यालयहरु | २५ वटा |
| ६ | स्वास्थ्य संस्थाहरु | १३ वटा |
| ७ | स्वास्थ्यकर्मी | ५३ जना |
| ८ | सुरक्षाकर्मी | २२ जना |
| ९ | मनोसामाजिक परामर्शकर्ता | २ जना |
| १० | शिक्षक तथा कर्मचारी | २३० जना |
| ११ | खोज तथा उद्धारका सामाग्रीहरु | भएको (अनुसुचीमा उल्लेख गरिएको छ) |
| १२ | सामुदायिक बन समितिहरु | १४ वटा |

**प्राकृतिक स्रोत :**

गाउंपालिकाका खेतीयोग्य भूमिमा अन्नवाली, तरकारी र फलफुल उतपादन हुने गर्दछ। प्रयाप्त सिचाई नभएको कारण उत्पादनमा कमी भैरहेको छ। गाउँपालिका भित्र ५ वटा खानेपानी का प्रकृतिक धाराहरु रहेका जसमा २ वटा जिर्ण अबस्तामा रहेका छन्। गाउँपालिका नदीनाला (खोला, खहरे, कुलो) पनि रहेका छन्। गाउंपालिकामा रहेका नदी तथा खोलाहरुमा रहेका ढुंगा, गिट्टी, वालुवा, सिचाई ताल तथा पोखरी स्रोतको रुपमा रहेका छन् विभिन्न सामुदायिक बनहरुमा करिश १९०० हेक्टर वनजंगल काठ तथा फर्निचरका लागि प्रयोग गर्न सकिने अबस्था रहेको छ। वन फडानी तिव्र रुपमा भैरहेकोले र खेर गएको जमिनमा वृक्षारोपण तथा बन संरक्षण गर्नुपर्ने अबस्था रहेको छ।

**२.१० जोखिम पहिचान तथा विश्लेषण :**

यस गाँउपालिकामा भएको बहुप्रकोपको जोखिम समुदाय तथा बस्तीको संकटासन्नता र उपलब्ध क्षमताको आधारमा फरक फरक रहेको छ। गाँउपालिकामा प्रकोपको जोखिम निर्धारण समुदायको भौगोलिक अवस्था, भू धरातल, समाजिक, भौतिक र आर्थिक अवस्था अनुसार फरक फरक रहेको देखिन्छ हिमाली गाँउपालिकामा रहेको संकटासन्न अवस्थाले यहाँका वडाहरु प्रकोपगत जोखिमको अवस्था समेत फरक फरक रहेको छ। जसलाई जोखिम न्यूनिकरणका गतिविधिहरु तथा क्षमता विकासका माध्यमबाट पूर्वतयारीका उपायहरुको अवलम्वन गर्नुपर्ने देखिन्छ। प्रत्येक वडाहरुमा रहेको संकटासन्न अवस्था अनुसारका न्यूनिकरणको उपायहरुको अवलम्वन र पूर्वतयारीका उपायहरुले नै यस गाँउपालिकालाई उत्थानशिल गाँउपालिकाको रुपमा रुपान्तरण गर्न सहयोग मिल्दछ। प्राय सबै वडाहरुमा भुकम्प, पहिरो, बाढी आगलागी, स्वास्थ्य समस्या (झाडापखला, छाला, आँखा संक्रमण, श्वासप्रश्वास समस्या ) खडेरी, सडक दुर्घटना, हिमपात जस्ता समस्याले उच्च जोखिम सिजर्ना गरेको छ भने हावाहुरी, असिना जस्ता समस्याले मध्यम जोखिम स्थिती सिर्जना गरेको देखिन्छ। बाढी र पहिरोको जोखिमलाई कम गर्नका लागि नीतिगत तह देखि नै छलफल तथा समस्याको समाधानको पहल हुनपर्ने देखिन्छ जसका लागि, गाँउपालिकाले प्रदेश सरकार, मन्त्री परिषद तथा संघिय सरकारको ध्यान आर्कषण तथा पहलको जरुरी देखिन्छ। यस्तै आन्तरिक तहबाट सरकारी तथा गैह्र सरकारी निकायहरुको समन्वय र सहकार्यमा भएका बाँधहरुको पून निर्माण तथा थप गर्नेकार्य, थप बाँधहरुको निर्माण, पानी निकासका लागि उचित प्रवन्ध, वृक्षरोपण, मौसमी सुचना संम्प्रेषण, वडा स्तरमा पूर्व तयारीका लागि सिप र सामाग्रीको जोहो, वडा विपद् ब्यवस्थान समिति तथा समुदायहरुको क्षमता अभिवृद्धि गतिविधीहरु अविलम्ब गर्नुपर्ने देखिन्छ। यसरी नै आगलागी जोखिम न्यूनिकरणका लागि सचेतना अभिवृद्धिका गतिविधिहरु, शिक्षामूलक सुचनाहरुको सम्प्रेषण, आगो नियन्त्रक यन्त्रहरुको ब्यवस्थापन र परिचालन, वडा स्तरमा आगलागी नियन्त्रणका लागि दक्ष जनशक्तिको ब्यवस्थापन, वडा स्तरमा पूर्वतयारीको लागि सिप र सामाग्रीको ब्यवस्थापन गर्नुपर्ने देखिन्छ। स्वास्थ्य तथा सरसफाईको समस्या गाँउपालिकाको प्रमुख समस्याको रुपमा आएको छ यस समस्याले वडा तथा वस्तीहरुलाई उच्च जोखिम पारेको छ। जलाधार क्षेत्रहरुको नियमीत सरसफाई, सरसफाई अभियानमा समुदायको भूमिकालाई जिम्मेवारी गराई अभियानको रुपमा संचालन, आवश्यकताको आधारमा गाँउपालिका भित्र सार्वजनिक शौचालयहरुको निर्माण र उचित ब्यवस्थापन, मूख्य मूख्य स्थानहरुमा फोहोर संकलन केन्द्र को स्थापना र फोहोर संकलन र विर्सजनको उचित प्रवन्ध, सडक खाद्य निर्माण तथा विक्री र प्रयोजनमा प्रतिवन्ध, खाद्य पदार्थ गुणस्तरको आवश्यकता अनुसार अनुगमन, गुणस्तरिय स्वास्थ्य सेवामा सबैको समान पहुँचको शुनिश्चिता, प्रजनन स्वास्थ्य सम्वन्धि विद्यालय तथा सामुदायिक सचेतना कक्षा संचालन, सार्वजनिक स्थल, कार्यालय तथा विद्यालयहरुमा बाल, किशोरी, महिला र अपाङ्ग मैत्री संरचना तथा सेवा प्रवाहको शुनिश्चिता जस्ता गतिविधिहरु अभिलम्ब गर्नुपर्ने देखिन्छ। यस्तै नियमीत खानेपानी परिक्षण तथा शुद्धिकरण अभियान र निशुल्क प्रजनन स्वास्थ्य तथा अन्य स्वास्थ्य शिविरहरुको संचालन गर्नुपर्ने देखिन्छ। स्वास्थ्य समस्याहरुले जुनसुकै बेला पनि महामारीको रुप लिन सक्ने भएकाले तथा अन्य विपद्को समयमा पनि स्वास्थ्य समस्याहरु (झाडापखला, छाला तथा आँखा संक्रमण, डेन्गु, प्रजनन स्वास्थ्य समस्या), सिर्जना हुने हुदाँ स्वास्थ्यसँग सम्वन्धित सबै सेवाहरुका लागि पूर्वतयारी अति आवश्यक भएको हुनाले पूर्वयारी अन्गार्ततका सिप तथा साधनहरुको ब्यवस्थापन गाँऊपालिकाले तत्कालै गर्नुपर्ने देखिन्छ। समुदाय तथा विद्यालयमा विपद पुर्वतयारी सम्बन्धि संचेतनामुलक कक्षाहरु संचालन, सुचना शिक्षा तथा संचार सामाग्रीको विकास र वितरण, सुचना वोर्डहरुको ब्यवस्थापन गर्नुपर्ने देखिन्छ। वाताबरणमा आएको परिवर्तनले विगतको दशक देखी असिना, चट्याङ्ग, हावाहुरी जस्ता जोखिमहरु वर्षेनी बढ्दै गएको छ

यसका लागि मौसमी सुचना सम्प्रेषण गर्ने, पूर्वतयारीका लागि समुदायको परिचालन गर्ने तथा वडास्तरमा पूर्वतयारीका सामाग्रीहरुको व्यवस्था अपरिहार्य देखिन्छ ।

## २.११ संस्थागत विश्लेषण : रोटी चित्र

गाउँपालिकाको संस्थागत विश्लेषणबाट यस गाउँपाीलकामा विभिन्न सरकारी तथा गैहसरकारी लगायत सामुदायिक संघ संस्थाहरु क्रियाशिल भएको देखिन्छ । विशेष गरेर विपद् व्यवस्थापन कार्यका लागि सरकारी निकायहरुको अगुवाईमा अन्य राष्ट्रिय तथा अर्न्तराट्रिय संघ संस्थाहरु बिच आपसी समन्वय र सहकार्य गर्ने परिपाटी रहेको देखिन्छ । आगामी दिननमा पालिका मातहतका विभिन्न विषयगत शाखाहरु तथा सामुदायिक संघ संस्थाहरुको सहभागिता एवं भुमिकामा वृद्धि गर्न सके स्थानिय विपद पुर्वतयारी तथा प्रतिकार्यमा सहज हुन सक्दछ ।



**२. स्थानिय सरोकारवला निकायहरुको विवरण :**

| क्र. सं. | संघ संस्थाहरुको नाम | प्रमुख/ प्रतिनिधको नाम | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | गाँउपालिका प्रमुख | गोविन्द बहादुर मल्ल | ९८५८०२१५२१ |
| २ | गाँउपालिका उप-प्रमुख | राजकला सार्की | ९८६६८११५१४ |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | राजबहादुर भण्डारी | ९८५६०७७५२३ |
| ४ | वडा अध्यक्ष १ | जोख्या भण्डारी | ९८६९५०६०४८ |
| ५ | वडा अध्यक्ष २ | रण बहादुर बुढा | ९८६८९६७८८४ |
| ६ | वडा अध्यक्ष ३ | मंगल बहादुर बुढा | ९८६९९०७७२१ |
| ७ | वडा अध्यक्ष ४ | भिमानन्द पाण्डे | ९८५११८७११९ |
| ८ | वडा अध्यक्ष ५ | प्रदिप थापा | ९८६८०४५०८४ |
| ९ | वडा अध्यक्ष ६ | प्रेमलाल भण्डारी | ९८४३४८२२६५ |
| १० | वडा अध्यक्ष ७ | तपेन्द्र कुमार शाही | ९८४९१६७५५० |
| ११ | प्रहरी प्रतिनिधि | धूबराज न्यौपाने | ९८६४९४९२०८ |
| १२ | उद्योग वाणिज्य संघ प्रतिनिधि | हस्त बहादुर मल्ल | ९८६८५२२५१५ |
| १३ | नेपाल रेडक्रस सोसाइटी | के.आई सिंह मल्ल | ९८४८४८१२४२ |
| १४ | आई एन एफ, बाजुरा | सम्झना परियार | ९८४८०१५७५१ |
| १५ | सेतो गुँरास | | |
| १६ | फेज नेपाल | दिनेश सुनार | ९८४८४८३६३१ |
| १७ | जीआईजेट | धर्मराज बुढ्थापा | ९८६९२२१९१४ |
| १८ | लि वर्ड | कैलाश भट्ट | ९८४८४१३२३९ |
| १९ | रुपान्तरण | | |
| २० | गिफ्ट नेपाल | लक्ष्मी पाण्डे | |
| २१ | EABL | कलुवा लुहार | ९८४८४१९८६४ |
| २२ | दलित संजाल | सिर्जन चदाँरा | ९८४६४४८८६९ |
| २३ | WFP/IDS NEPAL | भिम पाण्डे | ९८६८५०१२९६ |
| २४ | सृजनशलि महिला संजाल | | |
| २५ | महिला अकिर मञ्च | कल्पना मल्ल | ९८४८४८११३९ |
| २६ | प्रगतिशिल महिला संजाल | | |

## २.१२ जोखिम न्यूनिकरण तथा प्रतिकार्यका लागि पूर्वतयारी आवश्यक उपायहरु :

| क्षेत्र | संकटासन्नता न्यूनिकरणका तत्वहरु |
|---|---|
| प्रकोप अल्पिकरण, पुर्वतयारी, प्रतिकार्य र रोकथाम | ● स्थानिय विपद् तथा जलवायु उत्थानशिल समिति (वडा तह समेत) लाई विपद् व्यवस्थापन ज्ञान तथा क्षमता विकास<br>● स्थानिय विपद् तथा जलवायु उत्थानशिल समिति (वडा तह समेत) मा पूर्वतायरीको सिप तथा सामाग्रीको भण्डारण र अद्यावधिक (राहत सामाग्री अस्थायी आवासका सामाग्रीहरु, सरसफाई तथा स्वच्छता सम्वन्धि न्यूनतम आधारभूत  सामाग्री, स्वास्थ्य तथा संरक्षण सम्वन्धि न्यूनतम आधारभूत सामाग्री,<br>● विपद् व्यवस्थापन कोष स्थापना (वडा तह समेत),<br>● प्राथमिक उपचार तालिम र सामाग्री,<br>● खोज तथा उद्धार तालिम र सामाग्री,<br>● प्रकोपगत सुरक्षित स्थानको पहिचान, ब्यवस्थापन र सो को जानकारी,<br>● वहु प्रकोप जोखिम न्यूनिकरणका लागि सुचना, शिक्षा तथा संचार सामाग्रीको विकास र प्रचार प्रसार,<br>● समुदाय तथा विद्यालय सचेतना कक्षा संचालन (भूकम्प, बाढी, आगलागी, स्वास्थ्य समस्या, हिउं पहिरो, चट्याङ, हावाहुरी),<br>● भूकम्प प्रतिरोधि संरचना निर्माणका लागि सिप विकास,<br>● भवन निर्माण आचार संहिता पालनाका लागि सचेतना, नीतिको कार्यान्वयन र अनुगमन,<br>● भूकम्प प्रतिरोधि नमूना संरचनाको निर्माण ( अस्याथी आश्रय स्थलको रुपमा प्रयोग गर्न सकिने),<br>● सार्वजनिक भौतिक संरचनाहरुको भूकम्प प्रतिरोधी क्षमताको विश्लेषण र सवलीकरण गर्ने,<br>● वस्ती स्थान्तरणका लागि सम्बनिधत निकायमा पहल र समन्वय गर्ने<br>● बाढी तथा पहिरो जोखिम न्यूनिकरणका लागि वृक्षारोपण, स्पर एवं तटबन्ध निर्माण (विभिन्न स्थानहरुमा),<br>● सम्पूर्ण नदी तथा खोला प्रभावित क्षेत्रलाई संरक्षण गर्ने दिर्घकालिन योजना संचालन गर्ने र जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरू सञ्चालन गर्ने,<br>● स्थानिय विपद् तथा जलवायु उत्थानशिल समिति (वडा तह समेत) मा वहु प्रकोप प्रतिकार्यको लागि सिप र सामाग्रीको ब्यवस्था र प्रतिकार्य प्रणालीको स्थापना,<br>● मौसमी सुचना प्रणालीको विकास र प्रचार प्रसार,<br>● अगालागी नियन्त्रणका लागि समूहको गठन, तालिम र सामाग्रीको ब्यवस्थापन,<br>● बारुण यन्त्रको ब्यवस्थापन,<br>● आगलागी नियन्त्रणका लागि पोखरीहरुको निर्माण<br>● विद्यालय सुरक्षा योजना निमार्ण<br>● विद्यालय सुरक्षाका लागि सुरक्षा पर्खालको (ताल, पोखरी) निर्माण,<br>● विद्यालय प्राथमिक उपचार तालिम तथा सामाग्रीको ब्यवस्थापन,<br>● विद्यालय प्रजनन स्वास्थ्य शिक्षा कक्षा संचालन,<br>● सवारी चालक, सहचालक, सामुदायिक तथा विद्यालय शिक्षा कक्षा संचालन,<br>● गाँऊपालिका आपत्कालिन केन्द्रको स्थापना र संचालन,<br>● नियमित कृतिम घटान अभ्यास,<br>● स्थानिय तथा वाह्य निकायहरु सँगको नियमीत समन्वय र सहकार्य,<br>● अपाङ्गता भएकाहरुका लागि आवश्यक सहयोग सामाग्री तथा सिप विकासमा सहयोग, |
| खानेपानी | ● पानीको मुहान, जलधार क्षेत्रको संरक्षण, |

| क्षेत्र | संकटासन्नता न्यूनिकरणका तत्वहरु |
|---|---|
| | • पानी जम्मा गर्ने, बितरण गर्ने प्रणालीको स्थापना तथा सुरक्षित खानेपानी वितरण,<br>• खानेपानी योजनाको लागि सिप र सामाग्रीको व्यवस्था,<br>• नियमीत खानेपानी परिक्षण तथा शुद्धिकरण अभियान, |
| सरसफाई र स्वच्छता | • व्यक्तिगत, सामुदायिक र वातावरणिय सरसफाई सचेतना अभिवृद्धिका लागि सामुदायिक तथा विद्यालय शिक्षा कक्षा,<br>• सरसफाई सम्बन्धि बिभिन्न सुचना शिक्षा तथा संचारका सामाग्रीको विकास र वितरण,<br>• बजार तथा बाक्लो बस्ति भएको क्षेत्रमा ढल निर्माण तथा नियमित निकासको ब्यवस्था,<br>• शौचालय निर्माण र प्रयोगमा सचेतना तथा नीतिगत कडाई,<br>• प्लाष्टिक जन्य सामाग्रीहरु प्रयोगमा प्रतिवन्ध,<br>• सरकारी तथा नीजि ताल तलैयाहरुको नियमीत सरसफाई, सरसफाई अभियान,<br>• आवश्यकताको आधारमा गाँऊपालिका भित्र सार्वजनिक शौचालयहरुको निर्माण र उचित ब्यवस्थापन,<br>• सुधारिएको चुलो वा धुँवा रहित चुलाको प्रयोगमा उत्प्रेरणा,<br>• पानीजन्य रोगहरुको बारेमा सचेतना,<br>• फहोर पानी व्यवस्थापनको लागि ढल निकास,<br>• मूख्य मूख्य स्थानहरुमा फोहरु संकलन केन्द्र को स्थापना र फोहर संकलन र विर्सजनको उचित प्रवन्ध र परिचालन,<br>• पशु तथा पक्षीजन्य मासु विक्री वितरणका लागि निश्चित क्षेत्रको ब्यवस्था र सरसफाई प्रोत्साहन, |
| स्वास्थ्य | • मातृशिशु स्वास्थ्य र रोगको रोकथामका उपाय र उत्प्रेरणा<br>• यौन रोग र स्वासप्रश्वास सम्बन्धि रोगको रोकथाम र उपचारको लागि सचेतना<br>• गर्भवती, सुत्केरी र सुत्केरी पछिको स्वास्थ्य ब्यवस्थापनको बारेमा सचेतनामुलक कार्य<br>• स्वास्थ्य सम्बन्धि गतिविधि कार्यान्वयनको लागि बिभिन्न समुदायमा आधारित समुहहरुको परिचालन,<br>• आंखा पाक्ने रोगको उच्च जोखिम रहेका क्षेत्रहरुमा प्रतिरोधि औषधी छर्ने तथा झुल वितरण,<br>• खुला सडक खाद्य निर्माण तथा विक्री र प्रयोजनमा प्रतिवन्ध, खाद्य पदार्थ गुणस्तरको आवश्यकता अनुसार अनुगमन,<br>• प्रजनन स्वास्थ्य सम्वन्धि विद्यालय तथा सामुदायिक सचेतना कक्षा संचालन,<br>• द्रुत प्रतिकार्य समूहको ठगन र क्षमता विकास,<br>• रणनैतिक स्थानहरुमा आवश्यकताका आारमा औषधिहरु तथा प्रजनन स्वास्थ्य सामाग्रीको भण्डार<br>• लैगिकतामा आधारित हिंसा रोकथाम तथा न्यनिकरणका लागि सचेतना अभिवृद्धि तथा प्रतिकार्य निर्माण र कार्यान्वयन,<br>• सामुदायिक लैगिकतामा आधारित हिंसा रोकथाम,  तथा संरक्षण सम्वन्धि सचेतना अभिवृद्धि,<br>• मनोसामाजिक हेरचाहका गतिविधिहरु,<br>• आर्थिक सवलीकरण, मनोसामाजिक परार्मश, प्रेषण र कानूनी सहायता समेतको  बहु क्षेत्रगत रो तथा प्रतिकार्य संयन्त्रको विकास र कार्यान्वयन,<br>• लैगिकतामा आधारित हिंसा तथा संरक्षण को लेखाजोखा,<br>• संरक्षण राहात सामग्री (Dignity kits, post rape kits), बिभिन्न उमेर समुहका महिला तथा बालबालिकाहरूको लागि कपडा आदि) बितरण, |

| क्षेत्र | संकटासन्नता न्यूनिकरणका तत्वहरु |
|---|---|
| | • मनोसामाजिक सहयोग तथा मनोबिमर्श सेवा प्रदान गर्ने तथा जटिल किसिमको मानसिक स्वास्थ्य समस्या भएकाहरूलाई थप उपचारको लागि प्रेशण, • स्थानीय स्तरमा महिला सहकारी, लैङ्गिक हिंसा निगरानी समुह, गाउँ बाल संरक्षण समिति आदि समुहको परिचालन गर्न सहयोग, • संरक्षणसँग सम्बन्धित सन्देश मुलक सामग्री, आदि सूचना तथा सञ्चार (पोष्टर, चेतनामुलक कार्यक्रमको माध्यमबाट प्रवाह, • जोखिममा रहेका समुह (असाहाय/बिछोडिएका महिला, बालबालिका अशक्त, अपाङ्ग, बृद्ध आदि) क खोज तथा पुनर्मिलनको लागि सहयोग, • आधारभुत राहत सामग्रीको संकलन, भण्डारण र बितरण गर्ने, • राहत सामग्रीको न्यूनतम मापदण्डको सूचि तयार गर्ने, • संरक्षण पुर्वतयारी तथा प्रतिकार्यका लागि बिपद् राहत कोष को गठन, • संरक्षण जाँचसूची सबै क्लष्टरलाई जानकारी गराउने, • सार्वजनिक स्थल, कार्यालय तथा विद्यालयहरुमा बाल, किशोरी, महिला र अपाङ्ग मैत्री संरचना तथा सेवा प्रवाको शुनिश्चिता, • किराजन्य, पानी जन्य रोगको कमिको लागि कार्य, • निशुल्क प्रजनन स्वास्थ्य तथा अन्य स्वास्थ्य शिविरहरुको संचालन, |
| जिविकोपार्जन | • नयाँ वा बैकल्पिक आयआर्जनको श्रोतको खोजी र उपलब्धता, • खडेरीको असर कम गर्ने खालको खेति प्रणालीको खोजी र ब्यवस्था, • भईरहेको खेतियोग्य जमिनमा उत्पानशिलता बढाउनका लागि प्रविधि र प्राविधकको ब्यवस्थापन, • खेति तथा अन्नमा लाग्ने रोगहरुको पहिचान गरि रोकथामको उपायको लागि सरोकारवालासंग समन्वय, • भू ब्यवस्थापनको नीति निर्माण तथा कार्यान्वयन, • कृषि क्षेत्रको विकासका लागि आवश्यक सिँचाई योजनाहरुको विकास र विस्तार, • स्थानिय उत्पादनलाई प्रोत्साहन, • मौसमी, कृषी तथा पशुपालन सम्वन्धि सुचना, शिक्षा संप्रेषणको ब्यवस्था, • यूवा स्वरोजगार तथा सिप विकास कार्यक्रमहको संचालन र बजार ब्यवस्थापन, • बाली झारजन्य (धाँन र गँहुको परालको घरायसी सामाग्री निर्माण तथा प्राङगारिक मल निर्माण तथा प्रयोगका लागि सिप विकास र अनुदानको ब्यवस्था, • स्याउ खेतीमा प्रोत्साहन तथा अनुदानको ब्यबस्था, |

### २.१३ गाँउपालिकाको संस्थागत विश्लेषण :

| क्र. सं. | कार्यालय सङ्घसंस्था | ठेगाना | विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|---|
| क | गाँऊपालिका भित्र | | *विपद् पूर्व* | *विपद्को समयमा* | *विपद् पश्चात* |
| १ | वडा कार्यालय | ७ वटा वडाहरु | • जोखिम न्यूनिकरणका कार्यहरु • पूर्वतयारीका गतिविधिहरु | • प्रारम्भिक विपद्को सुचना गर्ने • क्षतीको लेखाजोखा कार्यमा सहयोग | • पूर्नलाभका गतिविधिहरु मा सहयोग |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ● राहत वितरण तथा व्यवस्थापनमा सहयोग | |
| २ | स्वास्थ्य चौकी | वडा नं. १ देखि ५ | ● जोखिम न्यूनिकरण गतिविधिहरु<br>● विपद् पूर्वतयारीका गतिविधिहरु (आपत्कालिन स्वास्थ्य सामाग्री तथा दक्ष जनशक्तिको तयारी) | ● राहत वितरण तथा व्यवस्थापन<br>● स्रोत व्यवस्थापन<br>● समन्वय र सहकार्य | ● राहत तथा स्वास्थ्य पूर्नलाभको गतिविधिहरु |
| ३ | विद्यालय | सबै वडाहरु | ● सचेनामूलक गतिविधिहरुको संचालन<br>● विद्यालय जोखिम न्यूनिकरणका कार्यहरु<br>● प्राथमिक उपचार सेवा | ● स्वंयमसेवक हरुको परिचालन<br>● खुल्ला चौरहरुमा अस्थायी आवासमा सहयोग | ● शिक्षक, शिक्षिका, विद्यार्थीहरु मार्फत क्षतीको लेखाजोखा, रहात वितरणमा सहयोग |
| ४ | सशस्त्र प्रहरी | मार्तडी | ● विपद् पूर्व तयारीका गतिविधिहरु<br>● विपद् जोखिम न्यूनिकरणमा सहयोग | ● राहत वितरण व्यवस्थापन<br>● खोज तथा उद्धार<br>● संरक्षण र समन्वय | ● पूर्नलाभका गतिविधिहरु मा सहयोग |
| ५ | नेपाल प्रहरी | पालिका क्षेत्र | ● विपद् पूर्व तयारीका गतिविधिहरु<br>● विपद् जोखिम न्यूनिकरणमा सहयोग | ● राहत वितरण व्यवस्थापन<br>● खोज तथा उद्धार<br>● संरक्षण र समन्वय | ● पुर्नलाभका गतिविधिहरु मा सहयोग |
| ६ | आमा समूह | सबै वडा | ● जोखिम न्यूनिकरणका कार्यहरु तथा पूर्वतयारीका गतिविधिहरु सहयोग | ● राहत वितरण तथा व्यवस्थापनमा सहयोग | ● पुर्नलाभका गतिविधिहरु मा सहयोग |
| ७ | सहकारी | सबै वडा | ● जोखिम न्यूनिकरणका कार्यहरु तथा पूर्वतयारीका गतिविधिहरु सहयोग | ● राहत वितरण तथा व्यवस्थापनमा सहयोग | ● पुर्नलाभका गतिविधिहरु मा सहयोग |
| ८ | खानेपानी उपभोक्ता समिति | सबै वडा | ● विपद् संग सामना गर्ने पूर्वतयारी<br>● विपद् समबंधि जन चेतना मुलक कार्यक्रम | ● शुद्ध खानेपानी वितरण व्यवस्थापन<br>● सरसफाई तथा स्वच्छता सेवा प्रवाह | ● खानेपानी शुद्धि करण तथा सरसफाइ सामग्री वितरण |
| ९ | कृषि सेवा केन्द्र | पालिका | ● जोखिम न्यूनिकरण गतिविधिहरु | ● राहत व्यवस्थापन | ● आजिविका सम्वन्धि गतिविधिहरु मा सहयोग |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | महिला समूह | सबै वडा हरु | • जोखिम न्यूनिकरणका कार्यहरु तथा पूर्वतयारीका गतिविधिहरु सहयोग | • राहत वितरण तथा व्यवस्थापनमा सहयोग | • पूर्नलाभका गतिविधिहरु मा सहयोग |
| १२ | मठ मन्दिर | सबै वडा | | • अस्थायी आश्रयमा सहयोग | |
| १४ | यूवा क्लब | सबै वडा | • जोखिम न्यूनिकरणका कार्यहरु तथा पूर्वतयारीका गतिविधिहरु सहयोग | • राहत वितरण तथा व्यवस्थापनमा सहयोग | • पूर्नलाभका गतिविधिहरु मा सहयोग |
| १५ | बाल क्लब | सबै वडा | • जोखिम न्यूनिकरणका कार्यहरु तथा पूर्वतयारीका गतिविधिहरु सहयोग | • राहत वितरण तथा व्यवस्थापनमा सहयोग | • पूर्नलाभका गतिविधिहरु मा सहयोग |
| १६ | आई.एन एफ नेपाल | पालिका स्तरमा | • जोखिम न्यूनिकरण गतिविधिहरु<br>• विपद् पूर्वतयारीका गतिविधिहरु | • क्षतीको लेखाजोखा, गैह्र खाद्य तथा खाद्य सामाग्री, अस्थायी आवास अन्य राहत वितरण तथा व्यवस्थापन<br>• खोज तथा उद्धार, प्राथमिक उपचार<br>• पारिवारिक सर्म्पक<br>• समन्वय र सहकार्य | • राहत तथा पूनरलाभको गतिविधिहरु |
| ख | गाँउपालिका बाहिर | | | | |
| १ | नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा | मार्तडी | • जोखिम न्यूनिकरण गतिविधिहरु<br>• विपद् पूर्वतयारीका गतिविधिहरु | • क्षतीको लेखाजोखा, गैह्र खाद्य तथा खाद्य सामाग्री, अस्थायी आवास अन्य राहत वितरण तथा व्यवस्थापन<br>• खोज तथा उद्धार, प्राथमिक उपचार<br>• पारिवारिक सर्म्पक<br>• समन्वय र सहकार्य | • राहत तथा पूनरलाभको गतिविधिहरु |
| २ | जिल्ला विपद् व्यवस्थापन समिति ( जिल्ला प्रशासन कार्यालय) | मार्तडी | • विपद् पूर्वतयारीका गतिविधिहरु | • क्षतीको लेखाजोखा, गैह्र खाद्य तथा खाद्य सामाग्री, अस्थायी आवास अन्य राहत वितरण तथा व्यवस्थापन<br>• खोज तथा उद्धार, प्राथमिक उपचार<br>• समन्वय र सहकार्य | • राहत तथा पूर्नलाभका गतिविधिहरु |
| ३ | जिल्ला समन्वय समिति | मार्तडी | • जोखिम न्यूनिकरण गतिविधिहरु<br>• विपद् पूर्वतयारीका गतिविधिहरु | • राहत वितरण तथा व्यवस्थापन<br>• स्रोत व्यवस्थापन<br>• समन्वय र सहकार्य | • राहत तथा पूर्नलाभको गतिविधिहरु |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | कृषि ज्ञान केन्द्र | मार्तडी | • जोखिम न्यूनिकरण गतिविधिहरु | • राहत ब्यवस्थापन | • आजिविका सम्वन्धि गतिविधिहरु मा सहयोग |
| ५ | स्वास्थ्य कार्यालय | मार्तडी | • जोखिम न्यूनिकरण गतिविधिहरु<br>• विपद् पूर्वतयारीका गतिविधिहरु (आपत्कालिन स्वास्थ्य सामाग्री तथा दक्ष जनशक्तिको तयारी) | • राहत वितरण तथा ब्यवस्थापन<br>• स्रोत ब्यवस्थापन<br>• समन्वय र सहकार्य<br>• उपचार सेवा | • राहत तथा स्वास्थ्य पूर्नलाभको गतिविधिहरु |
| ६ | भवन तथा शहरी विकास डिभिजन सघन शहरी बिकास तथा भवन निर्माण डिभिजन कार्यालय | मार्तडी | • जोखिम न्यूनिकरण गतिविधिहरु<br>• विपद् पूर्वतयारीका गतिविधिहरु (भूकम्प प्रतिरोधि निर्माणका लागि दक्ष जनशक्तिको ब्यवस्थापन, सुरक्षित स्थानको पहिचना र ब्यवस्थापन) | • भौतिक संरचना क्षतीको लेखाजोखा<br>• भग्नावशेषहरुको सरसफाई<br>• अस्थायी आवासमा सहयोग | • पूर्ननिर्माणका गतिविधिहरु को संचालन |
| ७ | शिक्षा सवन्वय ईकाइ कार्यालय | मार्तडी | • सचेनामूलक गतिविधिहरुको संचालन<br>• विद्यालय जोखिम न्यूनिकरणका कार्यहरु<br>• प्राथमिक उपचार सेवा | • स्वंयमसेवक हरुको परिचालन<br>• खुल्ला चौरहरुमा अस्थायी आवासमा सहयोग | • शिक्षाा सम्वन्धि पूनरलाभका गतिविधिहरु संचालन |
| ८ | भेटेनरी तथा पशु सेवा बिज्ञ केन्द्र | मार्तडी | • पशु सम्वन्धि जोखिमहरुको न्यूनिकरणका गतिविधिहरु | • मृत पशु ब्यवस्थापन | • जिविकोपार्जनका गतिविधिहरु मा सहयोग |
| ९ | हिमाली उद्योग वाणीज्य संघ | मार्तडी | • जोखिम न्यूनिकरणका कार्यहरु तथा पूर्वतयारीका गतिविधिहरु सहयोग | • राहत वितरण तथा ब्यवस्थापनमा सहयोग | • पूर्नलाभका गतिविधिहरु मा सहयोग |
| १० | घरेलु कार्यालय | मार्तडी | • सिप विकासका गतिविधिहरु | | • जिविकोपार्जनका गतिविधिहरु मा सहयोग |
| ११ | ब्यापार संघ | मार्तडी | • जोखिम न्यूनिकरणका कार्यहरु तथा पूर्वतयारीका गतिविधिहरु सहयोग | • राहत वितरण तथा ब्यवस्थापनमा सहयोग | • पूर्नलाभका गतिविधिहरु मा सहयोग |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | यातायात व्यवसायी संघ | मार्तडी | • जोखिम न्यूनिकरणका कार्यहरु तथा पूर्वतयारीका गतिविधिहरु सहयोग | राहत वितरण तथा व्यवस्थापनमा सहयोग | • पूर्नलाभका गतिविधिहरु मा सहयोग |
| १३ | निर्माण व्यवसायी संघ | मार्तडी | • जोखिम न्यूनिकरणका कार्यहरु तथा पूर्वतयारीका गतिविधिहरु सहयोग | • राहत वितरण तथा व्यवस्थापनमा सहयोग | • पूर्नलाभका गतिविधिहरु मा सहयोग |
| १४ | होटल व्यवसायी संघ | मार्तडी | • जोखिम न्यूनिकरणका कार्यहरु तथा पूर्वतयारीका गतिविधिहरु सहयोग | • राहत वितरण तथा व्यवस्थापनमा सहयोग | • पूर्नलाभका गतिविधिहरु मा सहयोग |
| १५ | नेपाल विद्युत प्राधिकरण | मार्तडी | • जोखिम न्यूनिकरणका कार्यहरु (विद्युत लाईन व्यवस्थापन) | • अस्थायी आवासका लागी बत्ती उर्जाको व्यवस्थापन | • पूर्नलाभका गतिविधिहरु संचालनका लागि उर्जाको सहयोग |
| १६ | नेपाली सेना | मार्तडी | • विपद् पूर्व तयारीका गतिविधिहरु<br>• विपद् जोखिम न्यूनिकरणमा सहयोग | • राहत वितरण व्यवस्थापन<br>• खोज तथा उद्धार<br>• संरक्षण र समन्वय | • पूर्नलाभका गतिविधिहरु मा सहयोग |
| १७ | शसस्त्र प्रहरी वल | मार्तडी | • विपद् पूर्व तयारीका गतिविधिहरु<br>• विपद् जोखिम न्यूनिकरणमा सहयोग | • राहत वितरण व्यवस्थापन<br>• खोज तथा उद्धार<br>• संरक्षण र समन्वय | • पूर्नलाभका गतिविधिहरु मा सहयोग |
| १९ | जिल्ला प्रहरी कार्यालय | मार्तडी | • विपद् पूर्व तयारीका गतिविधिहरु<br>• विपद् जोखिम न्यूनिकरणमा सहयोग | • राहत वितरण व्यवस्थापन<br>• खोज तथा उद्धार<br>• संरक्षण र समन्वय | • पूर्नलाभका गतिविधिहरु मा सहयोग |
| २० | जल उत्पन्न प्रकोप तथा सिंचाई डिभिजन कार्यालय | मार्तडी | • पूर्वतयारी तथा जोखिम न्यूनिकरणका कार्यहरुमा सहयोग | • राहत व्यवस्थापन तथा वितरणमा सहयोग | • पूर्नलाभका गतिविधि हरु संचालनमा सहयोग |
| | | मार्तडी | • पूर्वतयारी तथा जोखिम न्यूनिकरणका कार्यहरुमा सहयोग | • राहत व्यवस्थापन तथा वितरणमा सहयोग | • पूर्नलाभका गतिविधि हरु संचालनमा सहयोग |
| २१ | स्थानीय तहहरु | अन्य ७ वटा स्थानीय तहहरु | • पूर्वतयारी तथा जोखिम न्यूनिकरणका कार्यहरुमा सहयोग | • राहत व्यवस्थापन तथा वितरणमा सहयोग | • पूर्नलाभका गतिविधि हरु संचालनमा सहयोग |

**२.१३　तापक्रम र वर्षाको विश्लेषण :**

बाताबरणमा आएको परिवर्तनका कारण विगत दशकदेखि समुदायमा हिपात, अनावृष्टि, अतिवृष्धि, खण्डवृद्धि, तापक्रममा वृद्धि, गर्मी तथा जाडोको समयमा परिवर्तन, खाद्य उत्पादनमा कमी, अस्वभाविक रुपमा विपद्का घटनाहरुमा वृद्धि, नयाँ रोगहरु, पानीका मुहानहरु सुक्ने, नयाँ बाली तथा पशुरोगहरुको महशुस गरेका छन् । यस्ता परिवर्तनका कारणले प्रत्यक्ष मानिसहरुको स्वास्थ्य तथा आजिविकामा प्रत्यक्ष प्रभाव गरेको छ । जल तथा मौषम बिज्ञान बिभाग, मध्य तथा सुदुरपश्चिम मौषम तथा जलवायु मापन कार्यालयको बिगत १५ बर्षको तथ्यांक हेर्दा यस क्षेत्रको न्यूतम तापक्रम १० देखी २१.८ डिग्रिसेल्सीयस र अधिकतम तापक्रम २०.५ देखी ३१.० डिग्रिसेल्सीयस र जस अनुसार विगत १० वर्षको आँकडा हेर्दा सरदर बार्षिक बर्षात १२६६.३ देखी १७७९.५ मिलिमिटर रहेको पाईन्छ । बढ्दो विश्व्यापीकरणको प्रभाव, ईन्धनको प्रयोग, उद्योग कलकारखानाको वृद्धि, प्लाष्टिकजन्य सामाग्री प्रयोग, अत्याधिक रासायनिक मलहरुको प्रयोगले जलवायु र तापक्रममा असर गरिरेहको पाईन्छ ।

**२.१४. लक्षित समूह छलफल :** (गाँउपालिकाका सबै वडाहरु)

| क्र.सं. | क्षेत्रगत विषयहरु | ३० वर्ष अगाडिको अवस्था | हाल महसुस गरिएको प्रभाव | कारण | कारक तत्व | सम्भावित समाधानका उपाय |
|---|---|---|---|---|---|---|
| १ | विपद् र विपद्का सवाल | जनसंख्यामा कमी, प्राकृतिक स्रोतको प्रयाप्तता, सामुदायिक संलग्नतामा विभिन्न न्यूनिकरण का कार्यहरु र जनसहभागिता जस्ता कारणले | विप्दको संख्या र प्रकार र बारम्बारतामा वृद्धि, प्रभावमा वृद्धि, समुदायको जोखिम थप वृद्धि हुदै छ भने बहुप्रकोपको संकटासन्नतामा समेत वृद्धि भएको छ । | जनचेतनामा कमी, पूर्वतयारी तथा जोखिम न्यूनिकरणका कार्यमा कमी, अब्यवस्थित विकास निमार्ण, परम्परात अभ्यास, अस्थिर सरकार, आर्थिक कमजोरी, सेवा पहँचको | जनसंख्यामा वृद्धि, प्राकृतिक साधनको दोहन, मौसममा आएको फेरवदल पूर्व तयारीको अभाव, अनुकुलन तथा सचेतनमा कमी | सचेतना अभिवृद्धि, जोखिमको लेखाजोखा, एकिकृत विकास निर्माण, समुदायको क्षमता अभिवृद्धि, समुदाय केन्द्रीत सिप र सामाग्रीको ब्यवस्थापन, जनकेन्द्रीत नीति |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | विपदका घटनाहरु कम थिए भने प्रभाव पनि कम रहेको पाइन्छ साथै आजिविका पक्ष समेत राम्रो रहेको देखिन्छ | | अवाभ, नीतिगत कमजोरी | | तथा योजना निर्माण र कार्यान्वयन । सुरक्षित स्थानको पहिचान संरक्षण । वस्ती स्थान्तरण योजना निमार्ण तथा सहयोग । |
| २ | जीविकोपार्जनतथा खाद्य सुरक्षा | बालीहरुको उत्पादनशिलता धेरै भएकोले खाद्यान्नमा प्रयाप्तता थियो, प्राङगारिक मलको प्रयोग र सिंचाई र मौसमी पानीले उत्पादनमा सहज थियो | सिंचाईको अभाव, मौसमी वर्षमा कमी, खेती लगाउने तथा भित्राउने समयमा ढिलाई तथा फरपना, उत्पादनमा कमी | पानी पर्ने मौसममा परिवर्तन, आवश्यकता अनुसार पानी नपर्नु, रासायनिक मलको बढी प्रयोग, माटो को उर्वरा शत्ति कमजोर भएको | रसायनिक मल प्रयोग तथा पानि समयमा नपर्नु | सिंचाईको प्रवन्ध, सिप विकासमा जोड, बैकल्पिक खेती प्रणालीको विकास, नयाँ उन्त जातको प्रजातिका विउ मल, विषादी, कृषि प्राविधिक को सहयोग लिनु पर्ने |
| ३ | मानव स्वास्थ्य, खानेपानी, सरसफाइ तथा महामारी | पहिले झाडा पखाला, दादुरा, कुष्ठ रोग | पानिज्नय रोग हैजा कम हुनु ,छाला को रोग ग्यासटिक, पेटको रोग लाग्नु, क्यान्सर, मृगौलाको रोगमा बृद्धि | स्थानिय उत्पालनको प्रयोग नगर्नु, आयातित खाना खानु, बाढी का कारण पानी तथा बातावरण दुसीत हुनु | वडा मा निमार्ण गरीएका नाला हरु समयमा सफा नहुनु, नाला छोपेको न हुनु , समुदायका ब्यत्ति हरु जता ततै पोहर फाल्नु | वडा स्तरका नाला हरु छोप्ने, समुदायले जता ततै फोहर मैला न फालने पोहर मैला हरु बेबस्थीत ठाउमा फाल्ने तथा सरसफाइमा ध्यान दिनु पर्ने |
| ४ | वन तथा जैविक विविधता | पुराना परजाति हरु लोप हुदै गइ रहेको छ जस्तै गिध, चिल, बगेडी ,सुगा को संख्या, हिले तथा साना किसिममो माछा साथै जडिबुटीमा धेरै पाइन्थ्यो | गिद्ध लोप हुदा मरेको पशु हरु सिनो जता ततै फाल्ने भएको ले बातावरण दुषित भएको, बगेडी लोप हुदा बाली नालिमा लागेको किडा फट्याग्रा हरु किसान लाइ धेरै दुख दिदा किसानले बाली जोगाउन विषादी प्रयोग गदा जमिनमा बसने गगैटो, घोगि, | अत्याधिक विषाधी प्रयोग, चिसोमा चिसो धेरै हुनु, गर्मी मा गर्मी धेरै हुनु, समयमा पानी नपर्नु, बन जंगलमा डडेलो लाग्नु | अनावश्यक कल कारखाना र सवारी साधन चलाइ गर्मी, धुवा धुलो अत्याधिक मात्रामा उडाउनु, अत्याधिक सावरी साधान, प्लाष्टिक जन्य सामाग्रीको प्रयोग, | कलकारखानाहरु मानव बस्ती बाट टाढा, बेबस्थीत तरीकाले संचालन गर्ने, निमार्ण कार्य गर्दा निमार्ण सामग्री हर छोपेर ढुवानी गराउने ,छोपेर राखने, खुखरा फर्म हरु ब्यवस्थीत संचालन गर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | गडयौला, हिले माछा, शर्प हरु नष्ट भइ रहेको छ साथै जडीबुटी उत्पादनमा कमी | | अत्याधिक उर्जाको प्रयोग, भौतिक संरचानाको अत्याधिक निर्माणका कारण प्राकृतिक साधानका दोहन, ठुलो ठुलो घर निमार्ण | |
| ५ | जलश्रोत तथा उर्जा | शुद्धपानीको प्रयाप्तता, सिंचाई तथा अन्य प्रयोजनका लागि प्रशस्त पानीको उपलब्धता | पानीको स्रोतहरुमा सुक्दै जानु, खानेपानीको अभाव, सिंचाई अभाव, पानी जन्य रोगहरुमा वद्धि, बेमौसमी अतिवृष्टि, अनावृटि, खण्डवृष्टि | खेत बारीमा विभिन्न किसिमको विषादी को प्रयोग, खुला दिशा पिशाब तथा फोहर मैला गर्नु, प्लाष्टिकजन्य सामाग्रीको प्रयोग, पानीका मुहानहरु सुक्दै जानु, अब्यवस्थित पानीको प्रयोग, वन फडानी | अनावृष्टी, तापक्रममा वृद्धि, पानीका मूहानहरु सुक्दै जानु, अत्याधिक उर्जाको खपत, सिंचाई सुविधानको अभाव, असन्तुलित विकास निर्माण, वन फडानी | व्यवस्थित खानेपानीको योजना, जल तथा जलाधारको संरक्षण, वृक्षरोपण, आकासेपानीको प्रयोग, बैपल्पिक खेती प्रणालीको विकास, प्रविधि र प्राविधिक ब्यवस्थापन, भूमिगत पानीको ब्यवस्थापन र पानीको डिर्स्चाज पद्दतीमा जोड । पानी खपत बानीको विकास, पानी जन्य रोगहरु न्यूनिकरण उपायहरुको कार्यान्वियन |

**२.१५ स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधिको लेखाङ्कन : (सामानाको अपायहरु)**

| क्र. सं. | विपद् / प्रकोपको प्रकार | विपद् पहिले गरिएका पूर्वतयारी तथा जोखिम न्यूनीकरणका कार्य | | विपद्को सामनाका लागि विपद्को समय र पछि अपनाइएका विधि | |
|---|---|---|---|---|---|
| | | व्यक्तिगत रूपमा | सामुहिक रूपमा | व्यक्तिगत रूपमा | सामुहिक रूपमा |
| १ | बाढी/पहिरो | घरायसी सचेतना घर तथा खेतवारीमा कुलेसो काट्ने, भल पानी तर्काउने | स्पर तथा बाँधरुको निर्माण | खाना तथा आवासको ब्यवस्था, पानी निकासको प्रवन्ध, सहयोगको याचना | राहत ब्यवस्थापन, बाँध तथा स्परहरुको निर्माण, उद्धार कार्य, प्रभावितहरुलाई सहयोग |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | आगलागी | आगो लागने प्रजलन शिल सामाग्री सलाइ ,इन्धन, बच्चा हरुको पहुच बाट टाढा राख्ने, | जनचेतना मुलक गतिविधिहरु रेडियो, टिभी बाट प्रसारण, | आगो लागे पछी प्रहरी, विद्युत कार्यालयलाई फोन गरी बोलाउने, समुदायमा खवर गर्ने, प्रजलनशिल सामाग्री, इन्धन, आगोको को पहुच बाट टाढा राख्ने, नजिकमा रहेको पानी को स्रोत बाट आगो निभाउने, बालुवा, धुलो, हरियो झारहरु बाट आगो लाई नियन्त्रण गर्ने, घर भित्र रहेको ब्यक्ती, धन माल बाहिर निकाल्ने सुरक्षित ठाँउ तथा घाइते भएको लाइ अस्पताल मा पुऱ्याउने | जनचेतना मुलक गतिविधिहरु रेडियो, टिभी बाट प्रसारण, स्थानिय सुरक्षा कर्मी, समुदाय मिली आगो निभाउने गरेको |
| ३ | माहामारी | घर आँगन सरसफाई | – | अस्पताल लगि उपचार गराएको | – |
| ४ | भुकम्प | घरायसी र सामुदायिक सुरक्षाका उपायहरु अपनाउने | – सुरक्षित स्थानको पहिचान तथा पुर्वतयारी | विपद् परि रहेको बेलामा पशु चौपाया ब्यत्ति हरु सुरक्षित स्थान जानको लागि खवर गर्ने । खोज तथा उद्धारकार्यको लागि तयारी | आवश्यकताको आधारमा राहत वितरण । विभिन्न निकायसंग समन्वय |
| ५ | स्वास्थ्य समस्या | सरसफाई | – | झारफुक तथा हेल्थपोष्ट लैजाने | – |
| ६ | असिना | बाली बिरुवा ढाक छोप गर्ने | | | |
| ७ | सडक दुर्घटना | संचेतना, सावधानी अपनाउने | – | सुरक्षाकर्मीलाई सुचना दिने, अस्पताल लैजाने | – |
| ८ | सुक्खा खडेरी | बैकल्पिक सिंचाईको खोजी | – | – | – |

# खण्ड - ३ : दिर्घकालिन सोंच, परिदृश्य, लक्ष्य, नीति तथा रणनीति

## ३.१ दिर्घकालिन सोंच :

हिमाली गाँउपालिकाको विपद् जोखिम न्यूनीकरण तथा जलावयुजन्य जोखिम व्यवस्थापनका कार्यलाई संस्थागत गरि विपद् उत्थानशील समुदाय तथा गाँउपालिकाको रुपमा निर्माण गर्ने यसको दिर्घकालिन सोंच हुनेछ । उत्थानशिल गाँउपालिका निर्माणका लागि सचेतना अभिवृद्धि, पूर्वतयारी र जोखिमहरुको पहिचान तथा प्राथमिकताको आधारमा जोखिम न्यूनिकरणका गतिविधीहरु गाँउपालिकाको वार्षिक विकास योजनामा मूलप्रवाहीकरण गर्दै संचालन गर्ने दिर्घकाललिक सोच रहेको छ । यस योजनाले सिफारिश गरेका गतिविधहरुलाई अल्पकालिन (तत्कालिन गर्नुपर्ने), मध्यकालिन र दिर्घकालिन योजनामा विभाजन गरी वार्षिक कार्यायोजनाको निर्माण गरी कार्यान्वयनमा ल्याईने छ ।

## ३.२ परिदृश्य :

हिमाली गाँउपालिकाको विपद् जोखिम न्यूनीकरणका तथा जलवायुजन्य जोखिम व्यवस्थापनका क्रियाकलापहरुमा वडा तथा समुदायको अधिकतम सहभागिता मार्फत हरेक वडा तथा समुदायको विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरि कार्यान्वयन गर्ने र विपद्बाट हुने मानविय, सामाजिक, आर्थिक, भौतिक तथा जीविकोपार्जनका साधनहरुमा हुने क्षतिमा कम गर्दै समुदायको उत्थानशीलतालाई सुदृढ गर्नु यस स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजनाको परिदृश्य हुनेछ ।

## ३.३ लक्ष्य :

हिमाली गाँउपालिकामा रहेको विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता विश्लेषण गर्न र सोही बमोजिम विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्दै गाँउपालिका तथा समुदायको विकास प्रक्रियामा मुलप्रवाहीकरण गरी विपद् तथा जलवायु उत्थानशील समुदायको निर्माण गर्न योगदान पु-याउनु यस योजनाको मुख्य लक्ष्य रहेको छ ।

## ३.४ उद्देश्य :

- स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गर्न न्यूनतम आधार तथा साझा मापदण्ड निर्धारण गर्नु ।
- स्थानीय तहमा रहेको विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता विश्लेषण गर्न र सोही बमोजिम विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्दै स्थानीय विकास प्रक्रियामा मुलप्रवाहीकरण गरी विपद् तथा जलवायु उत्थानशील गाँऊपालिकाको निर्माणमा योगदान गर्नु ।
- विपद् जोखिम न्यूनिकरण, पूर्वतयारी र विपद् प्रतिकार्यमा स्थानिय तथा वाह्रय स्रोतको पहिचान तथा परिचालनबाट गाँउपालिकालाई उत्थानशिन नगरको रुपमा स्थापित गर्नु ।
- स्थानीय तहका नीति तथा विकास कार्यक्रममा सबै क्षेत्र र वर्ग (महिला , बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू, दलित, आदिवासी, जनजाति, प्रकोप प्रभावित, जलवायुजन्य प्रभावित वा सङ्कटासन्न समुदाय तथा व्यक्तिहरू, नेपाल सरकारले लक्षित समूह भनी परिभाषित गरेका वर्ग) को समानुपातिक सहभागिता सुनिश्चित गरी विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनलाई संस्थागत गर्न मार्ग प्रशस्त गर्नु ।

## ३.४ नीति :

स्थानीय तहमा रहेका सरकारी, गैह्सरकारी तथा निजी तथा सार्वजनिक निकाय तथा संघसंस्थाहरुसँगको समन्वय तथा सहकार्यमा गाँऊपालिका स्तरमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिहरुको गठन गर्ने तथा उक्त समिति मार्फत समितिका सदस्य तथा पदाधिकारी एवं समुदायका व्यक्तिहरुलाई विपद् तथा जलवायु सम्बन्धिका गतिविधिहरुमा सहभागिता गराई क्षमता विकास गराउने, स्थानिय तथा वाह्य स्रोतको

पहिचान तथा परिचालनका माध्यमबाट जोखिम न्यूनिकरण, विपद् पूर्व तयारी र आवश्कता अनुसारको विपद् प्रतिकार्यका कार्यहरु गर्नु गराउनु यस योजनाको मूल नीति हुनेछ ।

**३.५ रणनीति :**

यस स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजनालाई कार्यान्वयनका लागि गाँऊपालिका स्तरिय विभिन्न कार्यदलहरुको गठन क्षमता विकास, आन्तरिक स्रोतको व्यवस्थापन, बाह्य सरोकारवाला निकायहरुसँगको समन्वयमा जोड दिइने छ । सामुदायिक सचेतना अभिवृद्धि बढाउदै सामुदायिक सहभागितामा न्यूनिकरणका उपायहरुको कार्यान्यन गर्ने र सामुदायिक क्षमताको अभिवृद्धि तथा सामाग्रीगत व्यवस्थापन सहितको पुर्वतयारीको माध्यमबाट विपद् प्रतिकार्य गर्ने मूल रणनीति लिइने छ । संघिय सरकार, प्रदेश सरकारसँगको समन्वयमा जोखिम न्यूनिकरण प्रयास गर्ने रणनीति अंगिकार गरिएको छ । वर्तमान समयमा अनावृष्टिका कारण बढ्दै गएको शुख्खा खडेरीको समस्या समाधानका लागि प्रदेश सरकारीको समन्व्यमा कृषि उब्जनीका लागि प्रविधि र प्राविधिकको व्यवस्थापन तथा भूमिगत सिंचाईका लागि समुदायलाई प्रोत्साह गर्ने योजनाको विकास गर्ने रणनीति लिइएको छ । आगलागी समस्या तथा भैपरी आउने भवितव्य घटनाहरुमा तत्काल स्वास्थ्य सुरक्षा तथा जिवन रक्षाका लागि गाँउपालिकामा बारुणयन्त्र र एम्बुलेन्स व्यवस्थापन गर्ने योजना गरिएको छ । आंखा पाक्ने रोग, झाडापखला, प्रजनन स्वास्थ्य समस्याले जोखिममा रहको समुदायहरुमा विभिन्न निकायहरुको सहकार्य तथा समन्वयमा सचेतनामूलक गतिविधिहरु, आपत्कालिन स्वास्थ्य सामाग्रीहरुको भण्डारण र स्वास्थ्य शिविरहरु संचालन गरिने छ ।

- गाँउपालिकामा रहेका सरोकारवाला निकाय तथा संघसंस्थाहरुसँगको समन्वय तथा सहकार्यमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिहरुको गठन गर्ने, स्थानीय विपद् तथा जलवायू उत्थानशिल योजना निर्माण गर्ने तथा उक्त समिति मार्फत समितिका सदस्य तथा पदाधिकारी एवं समुदायका व्यक्तिहरुलाई विपद् तथा जलवायु सम्बन्धिका गतिविधिहरुमा सहभागिता गराई क्षमता विकास गराउने ।
- उक्त योजनाको कार्यान्वयनका लागि स्थानीय तहले आफ्नो स्थानीय स्तरमा उपलब्ध साधन, स्रोत, साँस्कृतिक तथा पर्यावरणीय संरचना अनुकुल विभिन्न रणनीतिहरु अवलम्वन गर्न सक्नेछ ।
- समुदायमा रहेका प्रकोप तथा जोखिमको पहिचान तथा क्षमताको लेखाजोखा, योजना निर्माणका सबै प्रक्रियामा वडा तथा समुदायका अति जोखिममा रहेका समूह तथा वर्गको समानुपातिक सहभागितालाई सुनिश्चित गरि योजनाको कार्यान्वयन गर्ने ।
- **स्थानीय विपद् जोखिम लेखाजोखा तथा नक्साङ्कन गर्दा अति जोखिम तथा संवेदनशिल स्थानमा रहेका बस्तीहरुलाई सुरक्षित स्थानमा स्थान्तरणको लागि प्रोत्साहन गर्ने ।**
- आगलागी, बाढी तथा पहिरोबाट हुने मानविय तथा भौतिक क्षतिलाई रोक्नका लागि पुर्वसूचना प्रणालीको स्थापनाका लागि समन्वय तथा सहकार्य गरि पहल गर्ने ।
- वडा तथा समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरु कार्यान्वयन गर्दा स्थानीय ज्ञान, सीप, श्रोत र साधनको उपयोग गर्ने ।
- स्थानीय तहमा विपद् जोखिम तथा जलवायु अनुकुलनका कार्यक्रमहरुलाई स्थानीय बार्षिक तथा आवधिक विकासका योजनाहरुमा मूलप्रवाहिकरण गर्दै लैजाने ।

# खण्ड - ४ : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना

विपद् जोखिम व्यवस्थापनका कार्यक्रमलाई मूलभूत रूपमा मानव संसाधन तथा संस्थागत विकास योजना, भौतिक पूर्वाधार विकास, प्राक्रितिक स्रोत संरक्षण, जीविकोपाजनमा सुधार, नीतिगत क्षेत्रमा गर्नुपर्ने कार्यहरू तथा विकास कार्यमा विपद् जोखिम न्यूनीकरणका विधिको मूलप्रवाहीकरण गर्ने जस्ता प्रमुख क्रियाकलापलाई आधार मानेर स्थानीय समस्या समाधान गर्ने क्रियाकलापलाई निम्न बमोजिको प्राथमिकीकरण गरिएको छ ।

## ४.१ विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी, रोकथाम, अल्पीकरण र अनुकूलनका योजनाहरु :

विपद्को सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषणबाट प्राप्त परिणाम बमोजिम अत्याधिक जोखिम रहेका समुदाय वा वडामा जोखिम न्यूनीकरणका लागि सञ्चालन गर्नु पर्ने क्रियालापलाई विपद् पहिले गरिने क्रियाकलापको रूपमा प्राथमिकीकरण गरिएको छ । यस चरणमा गर्नु पर्ने कार्यलाई निम्न दुई खण्डामा विभाजन गरी प्राथमिकता निर्धारण गरिएको छ ।

### ४.१.१ नीतिगत व्यवस्था तथा निर्णय :

गाउँपालिकाले विपद् जोखिम व्यवस्थापनका कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यकता अनुसार जिम्मेवारी सहित कार्यदलहरू (समन्वय, सञ्चार तथा पूर्वचेतावनी, खोज तथा उद्धार, राहत व्यवस्थापन तथा पुनःस्थापन, क्षति तथा आवश्यकता विश्लेषणजस्ता कार्यदल) गठन गरिएको छ । त्यसैगरी प्रचलित नेपाल कानुन बमोजिम आवश्यकताका आधारमा नीतिगत निर्णय समेत गरी रणनीतिक कार्यहरू निर्धारण गरी उपयुक्त ढाँचामा उल्लेख गरिने छ ।

### ४.१.२ जनचेतना तथा क्षमता अभिवृद्धि :

विपद् जोखिम व्यवस्थापनको आधारशिला नै यस प्रतिको समुदायको सजगता र जिम्मेवारीको बोध हो । जब सम्म विप्द व्यवस्थापनमा समुदायको सचेतना अभिवृद्धि हुदैन त्यस क्षेत्रमा जति नै योजनाहरु संचालन गरेता पनि दिगो तथा प्रतिफल प्राप्त गर्न सकिदैन तसर्थ गाँउपालिकाले आफ्नो क्षेत्रमा विपद् प्रति रहेको अज्ञानता हटाएर जोखिम व्यवस्थापनमा समुदायको सचेतना अभिवृद्धि गर्न जनचेतना र क्षमता अभिवृद्धिका निम्न गतिविधिहरु संचालन गर्नेछ ।

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | अनुमानित बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| १ | विपद सम्बन्धी जनचेतनाको अभाव | १) गाँऊपालिका स्तरमा कम्तिमा ५ दिनको विपद व्यवस्थापन प्रशिक्षक प्रशिक्षण संचालन गर्ने,<br>२) प्रशिक्षक प्रशिक्षण प्राप्त ब्यक्तिहरुको परिचालनमा गाँउपालिकाका ५ वडामा (एक वडाका कम्तिमा १-२ स्थानमा) विपद जोखिम न्यूनीकरण, जलवायू परिवर्तन असर तथा अनुकुलनका उपायहरु सम्बन्धी ज्ञान विद्यालय तथा समुदायलाई अभिमुखिकरण गर्ने ।<br>३) विपद ब्यवस्थापन सम्वन्धि विभिन्न सुचना, शिक्षा तथा संचारका सामाग्रीको विकास तथा वितरण गर्ने,<br>४) विपद् ब्यवस्थापन सम्वन्धि विद्यालय कक्षा संचालन गर्ने गराउने,<br>५) विपद ब्यवस्थापन सम्वन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय दिन, दिवस सबै क्षेत्रमा मनाउनलाई प्रेरित गर्ने,<br>६) विपद् जोखिम व्यवस्थापन सम्वन्धि सुचना शिक्षा, संचार सामाग्रीको विकास र वितरण । | स्था.वि.तथा ज.उ समिती/ गाँउपालिका | ७ लाख | गाँऊपालिका तथा गाँउपालिका का विषयगत शाखा | विकास साझेदार सरकारी तथा गैह्र सरकारी निकायहरु | १ वर्ष भित्र |
| २ | वडा स्तरमा विपद व्यवस्थापन | १) गाँउपालिकाका सवै वडाहरुमा वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन भएता पनि किन के का लागि र कसरी भन्ने जानकारीका | वडा कार्यलय | ४ लाख | स्था.वि.तथा ज.उ | विकास साझेदार सरकारी | १ वर्ष भित्र |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | समिति क्षमता तथा योजना नहुनु | लागि क्षमता विकासका तालिम तथा कार्यशाला संचालन गर्ने,<br>२) वडामा विपद जोखिम व्यवस्थापन योजना निर्माण गराई वडा सभाबाट अनुमोदन गरी कार्यान्वयनमा ल्याउने,<br>३) वडाहरुमा प्रकोप, जोखिम तथा संकटासन्नता तथा सुरक्षित स्थानको पहिचान गरी सचेतना अभिवृद्धि गर्ने गराउने, | | | समिती/ गाँउपालिका | तथा गैह्सरकारी संघसस्था, | |
| ३ | निति नियमहरुको प्रचार प्रसारमा कमी | १) विपद् पूर्व, विपद्को समय र विपद् पश्चात गर्नुपर्ने र यस क्षेत्रका सरोकारवालाहरुको बारेमा सचेतना अभिवृद्धि गर्ने,<br>२) भवन निर्माण आचार संहिता, सडक सजकता जस्ता विषयमहरुमा सामुदायिक तथा विद्यालय शिक्षा कक्षाको व्यवस्था गर्ने,<br>३) भुकम्पीय सुरक्षाका लागी सचेताना अभियान संचालन गर्ने,<br>४) संघिय सरकार, प्रदेश सरकार र स्थानिय तहको विपद् व्यवस्थापन सम्वन्धि रहेका नीति, कानून तथा योजना बारे स्थानिय विपद् व्यवस्थापन समिति तथा वडा विपद् व्यवस्थापन समितिलाई जानकारीमूलक गोष्ठी संचालन गर्ने, | स्था.वि.तथा ज.उ समिति/ गाँउपालिका | १ लाख | शहरी विकास डिभिजन, जिल्ला ट्राफिक कार्यालय | विकास साझेदार सरकारी तथा गैह्सरकारी संघसस्था, | नियमित |
| ४ | बस्ती, भौतिक संरचना, स्वास्थ्य संथा, विद्यालयहरु सुरक्षित स्थानमा नहुनु र समुदाय का व्यक्ति तथा बालवाकिलाहरु विपद्को प्रभावको वारेमा सचेत नहुनु | १) गाँउपालिका भित्रका सवै वडाहरु बस्तीहरु तथा नीजि तथा सार्वजनिक भौतिक संरचनाहरु र विद्यालयहरुको जोखिम नक्सांकन गर्ने र विद्यालय सुरक्षा योजना निर्माण गर्ने,<br>२) वडाहरु बस्तीहरु तथा नीजि तथा सार्वजनिक भौतिक संरचनाहरु र विद्यालयहरुको जोखिम पहिचान, सुरक्षित स्थानको पहिचान गर्ने र सोको सचेताना अभिवृद्धि गर्ने,<br>३) विपद्को अवस्थामा आवश्यक सुरक्षाका लागी झटपट झोला र कृतिम घटना अभ्यास गराउने,<br>४) विद्यालय सुरक्षाका लागि प्रत्येक दिन विहानी शत्रको समयमा विपद सम्बन्धीको सन्देश प्रभाव गर्ने,<br>५) औपचारिक तथा अनौपचारिक स्थानिय समूहहरु तथा विद्यार्थीहरुका माध्यमबाट मौसमी सुचना र अपनाउनु पर्ने सजगताको सुचना सम्प्रेषण गर्ने गराउने, | वडा स्तरी विपद व्यवस्थापन समिती तथा गाँउपालिका को शिक्षा शाखा | २ लाख | स्था.वि.तथा ज.उ समिती/ गाँऊपालिका विद्यालय सुरक्षा कार्यक्रम | विकास साझेदार सरकारी तथा गैह्सरकारी संघसस्था, | २ वर्ष भित्र । |
| ५ | विपद समयमा आपतकालीन ज्ञानको अभाव | गाँउपालिकाका सवै वडामा भुकम्प, बाढी, पहिरो, हावाहुरी, आगलागी, चट्यांग, स्वास्थ्य समस्या, शितलहर लगायतका विपद्को समयमा गर्नेपर्ने आपतकालीन पुर्वतयारीका बारेमा सचेतना अभियान सुरु गर्ने र नियमित कृतिम घटना अभ्यास गर्ने, | स्था.वि.तथा ज.उ समिती/ गाँउपालिका | २ लाख | वडा तथा गाँउपालिका | विकास साझेदार सरकारी तथा गैह्सरकारी संघसस्था, | प्रत्येक वर्ष |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | समन्वय तथा सहकार्यको अभाव | १) जिल्ला स्तरीय विपद समबन्धी सरोकारवाला निकाय संग प्रभावकारी समन्वय सहकार्यको विकास गर्ने,<br>२) विपद् सूचना प्रणाली लाई संस्थागत रुपमा स्थापित गर्ने,<br>३) सुरक्षा निकाय संगको समन्वयलाई प्रभावकारी बनाउने, | स्था.वि.तथा ज.उ समिती/ गाँउपालिका | १ लाख | जिल्ला विपद् व्यस्वाथापन समिती | विकास साभ्रेदार सरकारी तथा गैह्सरकारी संघसस्था, | आवश्य कता अनुसार |
| ७ | प्रकोपगत सचेतनामा कमी | १) आपतकालिन स्वास्थ्य जस्तै भूकम्प, बाढी, पहिरो, सडक दुर्घटना, आगलागी, भ्राडाापखला, खडेरी, हावाहुरी, प्रजनन स्वास्थ्य, सरुवा रोगका बारेमा गाँउपालिकाका सवै वडामा सचेतीकरण गर्ने,<br>२) सवै वडा कार्यालय तथा विद्यालयहरुमा आवश्यकताको आधारमा २ थान स्टेचर र २ प्राथामिक उपचार तालिम र किटको व्यवस्था गर्ने,<br>३) विपद् जन्य सुचनाहरुको होडिङ्ग बोर्ड र सडक सुरक्षा सचेतना अभियान गर्ने,<br>४) मदिरा तथा लागू पदार्थ नियन्त्रणका लागी अभियन संचालन गर्ने,<br>५) विपद्को समयमा महिला तथा बालवालिकाहरुलाई र अपाङ्गको संरक्षणलाई प्रथामिकता गर्ने,<br>६) विपद् व्यवस्थापनमा सामाजिक समावेशीका आधारमा सबैको अर्थपुर्ण सहभागिता सुनिश्चित गर्ने,<br>७) मौसममा हुन सक्ने परिवर्तन तथा हुन सक्ने विपद्का घटनाहरुका बारेमा अग्रीम जानकारी मार्फत सुरक्षा उपायहरुको अवलम्वनका लागि विद्युतिय सञ्चारको विकास र विस्तार गर्ने,<br>८) घरबाट निस्कने तरल तथा ठोस फोहर ब्यवस्थापनका बारेमा सैद्धान्तिक तथा ब्यवहारीक ज्ञानको अभिवृद्धि गर्ने,<br>९) वाली जन्य पदार्थको उचित ब्यवस्थापन र विर्सजनको ब्यवस्था (घरयासी सामाग्री निर्माण तथा प्राङ्गारिक मल वनाउने सिप र सामाग्री),<br>१०) विद्यालय सुरक्षाका लागि सुरक्षीत पर्खाल (ताल तथा पोखरी), | स्था.वि.तथा ज.उ समिती/ गाँउपालिका | २ लाख | जिल्ला विपद् व्यस्थाथापन समिती,<br>नेपाल दुर संञ्चार<br>घरेलु विकास<br>कृषि र पशु विकास,<br>शिक्षा शाखा | विकास साभ्रेदार सरकारी तथा गैह्सरकारी संघसस्था | २ वर्ष मौसम अनुसार नियमीत |
| ८ | | गाँउपालिका भित्र विपद् प्रतिकार्यका लागी माथी उल्लेखित रणनिती अनुरुप निम्नानुसार कार्यदल गठन गर्ने :<br>● समन्वय तथा सूचना कार्यदल<br>● खोज तथा उद्धार कार्यदल<br>● प्राथामिक उपचार कार्यदल<br>● क्षति विश्लेषण कार्यदल<br>● राहत वितरण तथा व्यवस्थापन कार्यदल<br>● कृषि तथा खाद्य सुरक्षा कार्यदल<br>● संरक्षण कार्यदल( महिला बालवालिका तथा अपाङ्ग) | स्था.वि.तथा ज.उ समिती/ गाँउपालिका | २ लाख | जिल्ला विपद व्यवस्थापन समति तथा अन्य सरोकारवाला निकाय | विकास साभ्रेदार सरकारी तथा गैह्सरकारी संघसस्था, | १ वर्ष भित्र |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • स्वास्थ्य तथा पोषण कार्यदल<br>• शिक्षा कार्यदल<br>• गैर खाद्य तथा आपतकालिन आवास कार्यदल | | | | | |
| ९ | सुरक्षित स्थानको वारेमा जानकारी नहुनु | गाँउपालिकाका सवै वडामा विद्को समयमा आवश्यक पर्ने आपत्कालिन व्यवस्थापनका लागि सुरक्षित स्थानको पहिचान गर्ने, सुरक्षित स्थान प्रयोग सम्बन्धी योजना बनाउने, | वडा स्तरीय विपद् व्यवस्थापन समिती | २ लाख | स्था.वि.तथा ज.उ समिती/ गाँउपालिका तथा रेडक्रस जिल्ला विपद् व्यवस्थान समिति जिल्ला स्थित सुरक्षा निकाय | विकास साझेदार सरकारी तथा गैह्सरकारी संघसस्था, | १ वर्ष भित्र |
| १० | मापदण्ड विपरीत भवन निर्माण तथा भवन निर्माण आचार संहिता पालना नहुनु | १) भवन निर्माण गर्दा मापदण्ड पुराउन लगाउने,<br>२) भवन निर्माण आचार सहिँता कडा रुपमा पालना गराउन लगाउने,<br>३) सडक मापदण्ड र प्राकृतिक स्रोतको मापदण्ड अनुसार संरचना बने नबनेको नियमित अनुगमन गर्ने गराउने, | स्था.वि.तथा ज.उ समिती/ गाँउपालिका | ३ लाख | सहरी विकास तथा भवन डिभिजन कार्यलय | विकास साझेदार सरकारी तथा गैह्सरकारी संघसस्था, | नियमित |
| ११ | आपतकालीन अवस्थाका आधारभूत आवश्यकता बारेमा सचेतना कमी | विपद्का समयमा अति आवश्यक तथा आधारभूत आवश्यकता परिपूर्तिका लागि चाहिने सामाग्रीको (आवास, स्वच्छता तथा सरफाई, खानेपानी, स्वास्थ्य र संरक्षण) बारेमा सम्भावित प्रतिकार्यमा संलग्न हुने जनशक्तिलाई अभिमुखिकरण गर्ने तथा सामाग्रीको भण्डार गर्ने गराउने, | स्था.वि.तथा ज.उ समिती,गाँउपालिका को सामाजिक सेवा, महिला तथा बालबालिका, स्वास्थ्य शाखा | १ लाख | वडा स्तरीय विपद व्यवस्थापन समिती रेडक्रस, सुरक्षा निकाय, जिल्ला विपद् व्यवस्थापन समिति, अन्य सरोकारवालाहरु | विकास साझेदार सरकारी तथा गैह् सरकारी निकायहरु | २ वर्ष भित्र |

### ४.१.३ जोखिम न्यूनीकरण :

हिमाली गाउँपालिका भित्र रहेका विपद्जन्य सङ्कटासन्नता तथा जोखिम कम गर्न वडा तथा समुदायहरुको क्षमता अभिवृद्धि गर्नुपर्ने अवस्था रहेको छ । विशेषत गाँउपालिकामा भूकम्प, बाढी तथा पहिरो, आगलागी, स्वास्थ्य समस्या आँखा तथा छालाजन्य संक्रमण, सडक दुर्घटना, खडेरी, समस्याको उच्च जोखिम रहेको छ भने हावाहुरी, चट्याङ र जोखिम मध्यम रहेको छ तसर्थ जोखिमताको आधारमा न्यूनिकरणका उपायहरुलाई गाँउपालिकाको विकास योजनासँग एकिकृत गरि संचालन गर्नुपर्ने देखिन्छ । जोखिम न्यूनिकरणका लागि गाँउपालिकाको स्थानिय स्रोत तथा बाह्य निकायहरुसँगको समन्वय तथा आर्थिक सहकार्यमा जोड दिनुपर्ने देखिन्छ । जोखिम न्यूनिकरणका लागि निम्न गतिविधिहरुलाई प्राथमिकताको आधारमा संचालन गर्दै अगाडी बढ्नुपर्ने आवश्यकता रहेको छ ।

**जोखिम न्यूनीकरण योजना :**

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा बजेट | आन्तरिक | बाह्य (सहयोगी) | |
| १ | भूकम्प | १) कम्तिमा ५० परिवारलाई व्यवस्थापन गर्न सक्ने २ वटा भुकम्प प्रतिरोधात्मक सुरक्षित आवस केन्द्रको निर्माण,<br>२) हरेक भौतिक पूर्वाधार निर्माण गर्दा भुकम्पीय दृष्टिकोणबाट सुरक्षित गर्ने,<br>३) भूकम्प प्रतिरोधी निर्माणका लागि दक्ष जनशक्ति उत्पादन गर्ने (डकर्मी तथा सिकर्मी तालिम ४ वटा),<br>४) सार्वजनिक भौतिक संरचनाहरुको भूकम्प प्रतिरोधी क्षमताको लेखाजोखा तथा विश्लेषण गरी, आवश्यकता अनुसार सवलीकरण गर्ने ।<br>५) वस्ती स्थानतणका लागि समन्वय र सहयोग गर्ने । | स्था.वि.तथा ज.उ समिती, गाँउपालिका | ५० लाख | भवन डिभिजन कार्यालय, निर्माण व्यवसायी संघ, उद्योग बाणीज्य संघ र अन्य पेशागत संघ संगठनहरु | प्रदेश सरकार, दातृ निकायहरु, विकासका साझेदार निकायहरु तथा गैह्र सरकारी संस्थाहरु | २ वर्ष |
| २ | बाढी/पहिरो | १) पूरानो तटबन्धनहरुको अनुगमन,<br>२) नयाँ तटबन्धन र स्परहरुको निर्माण,<br>३) पहिरो जाने स्थान तथा बाढी जाने खोला किनारमा वृक्षारोपण गर्ने,<br>४) बाढी तथा पहिरो पूर्वचेतावनी प्रणालीको स्थापना,<br>५) सुरक्षित स्थानको पहिचान र व्यवस्थापन | स्था.वि.तथा ज.उ समिती/ गाँउपालिका | ५० लाख | गाँउपालिका जिल्ला विपद् व्यवस्थापन समिति | प्रदेश सरकार, दातृ निकायहरु, विकासका साझेदार निकायहरु तथा गैह्र सरकारी संस्थाहरु | १ वर्ष |
| ३ | आगलागी | १) मौसमी सुचना सम्प्रेषण,<br>२) पूर्वतयारीका लागि सिप तथा सामाग्रीको व्यवस्था,<br>३) पानी संकलन ट्याङ्की निर्माण,<br>४) दमकलको सेवाको व्यवस्था,<br>५) आगो नियन्त्रण टोली गठन, दक्षता वृद्धि तथा परिचालन | स्था.वि.तथा ज.उ समिती/ गाँउपालिका वडा विपद् व्यवस्थापन समिति | १० लाख | गाँउपालिका जिल्ला स्थित सुरक्षा निकाय | प्रदेश सरकार, दातृनिकायहरु, विकासका साझेदार निकायहरु तथा गैह्र सरकारी संस्थाहरु | २ वर्ष |
| ४ | हावाहुरी | १) हावाहुरी प्रतिरोधि संरचना निर्माण सिप विकास,<br>२) बैकल्पिक बालीको विकास,<br>३) मौसमी सुचना प्रणलीको विकास, सुरक्षित उपायहरुको प्रचार प्रसार,<br>४) सुचना शिक्षा, संचार सामाग्रीको विकास र विस्तार,<br>५) प्राथमिक उपचार सिप र सामग्रीको व्यवस्था,<br>६) हावा चल्ने खुल्ला डांडाहरुमा बृक्षारोपण | स्था.वि.तथा ज.उ समिती/ गाँऊपालिका वडा विपद् व्यवस्थापन समिति | ७ लाख | गाँउपालिका, कृषि शाखा | प्रदेश सरकार, दातृनिकायहरु, विकासका साझेदार निकायहरु तथा गैह्र सरकारी संस्थाहरु | २ वर्ष |
| ५ | स्वास्थ्य समस्या | **<u>झाडापखला</u>**<br>१) शौचालय निर्माणमा सहयोग<br>२) आवश्यकता अनुसार सार्वजनिक शौचालयको निर्माण र प्रयोग व्यवस्थापन<br>३) खानेपानी परिक्षण तथा शुद्धिकरण<br>४) खुला सडक खाद्य निर्माण तथा विक्री र प्रयोजनमा प्रतिवन्ध, | स्था.वि.तथा ज.उ समिती/ गाँउपालिका स्वास्थ्य शाखा, वडा विपद् व्यवस्थापन समिति | ५ लाख | गाँउपालिका | प्रदेश सरकार, दातृनिकायहरु, विकासका साझेदार निकायहरु तथा गैह्र सरकारी संस्थाहरु | २-५ वर्ष |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ५) खाद्य पदार्थ गुणस्तरको आवश्यकता अनुसार अनुगमन,<br>६) ब्यक्तिगत, वाताबरणीय तथा घरायसी सरसफाई अभियान | | | | | |
| | | **आँखा तथा श्वासप्रश्वास संक्रमण**<br>१) ब्यक्तिगत, वातवरणीय तथा घरायसी सरसफाई अभियान,<br>२) स्वास्थ्य शिविर संचालन,<br>३) किराजन्य, पानी जन्य रोगको कमिको लागि कार्य, | स्था.वि.तथा ज.उ समिती/ गाँऊपालिका स्वास्थ्य शाखा, वडा विपद् ब्यवस्थापन समिति | ३ लाख | गाँउपालिका | जिल्ला विपद् ब्यवस्थापन समिति, प्रदेश सरकार,<br>दातृनिकायहरु, विकासका साझेदार निकायहरु तथा गैह्र सरकारी संस्थाहरु | १ वर्ष |
| | | **प्रजनन स्वास्थ्य समस्या**<br>१) मातृशिशु स्वास्थ्य र रोगको रोकथामका उपाय र उत्प्रेरणा,<br>२) यौन रोग र स्वासप्रश्वास सम्बन्धि रोगको रोकथाम र उपचारको लागि सचेतना,<br>३) गर्भवती, सुत्केरी र सुत्केरी पछिको अवस्थाको बारेमा सचेतनामुलक कार्य,<br>४) स्वास्थ्य सम्बन्धि गतिविधि कार्यान्वयनको लागि बिभिन्न समुदायमा आधारित समुहहरुको परिचालन,<br>५) प्रजनन स्वास्थ्य सम्वन्धि विद्यालय तथा सामुदायिक सचेतना कक्षा संचालन,<br>६) सार्वजनिक स्थल, कार्यालय तथा विद्यालयहरुमा बाल, किशोरी, महिला र अपाङ्ग मैत्री संरचना निर्माण,<br>७) निशुल्क प्रजनन स्वास्थ्य तथा अन्य स्वास्थ्य शिविरहरुको संचालन, | स्था.वि.तथा ज.उ समिती/ गाँउपालिका स्वास्थ्य शाखा, वडा विपद् ब्यवस्थापन समिति | १० लाख | गाँउपालिका | प्रदेश सरकार,<br>दातृनिकायहरु, विकासका साझेदार निकायहरु तथा गैह्र सरकारी संस्थाहरु | ३ वर्ष |
| ६ | सडक दुर्घटना | १) सामुदायिक तथा विद्यालय कक्षा,<br>२) सुचना शिक्षा समाग्रीको विकास र वितरण, रेडियो तथा मोवाइल सुचना प्रणालीको विकास,<br>३) नीतिगत कार्यान्वयनमा कडाई,<br>४) सडक स्तरोन्ती तथा नयाँ निर्माण,<br>५) सडक सुरक्षा संकेतहरुको मर्मत तथा निर्माण र स्थापना,<br>६) पुर्व तयारी (सिप, साधान र स्रोत) प्राथमिक उपचार,<br>७) सेवा प्रदायक सम्वन्धि आकास्मिक सम्पर्कको प्रचार प्रसार, | स्था.वि.तथा ज.उ समिती/ गाँउपालिका, वडा विपद् ब्यवस्थापन समिति, शहरी विकास डिभिजन | ६ लाख | गाँउपालिका र जिल्ला ट्राफिक कार्यालय | प्रदेश सरकार,<br>दातृनिकायहरु, विकासका साझेदार निकायहरु तथा गैह्र सरकारी संस्थाहरु | ४ वर्ष |
| ७ | सुक्खा खडेरी | १) बृक्षारोपण, वन जंगलको संरक्षण अभियान,<br>२) आवश्यकताको पहिचान अनुसार को सिचाई योजना निर्माण र संचालन,<br>३) बैकल्पिक खेती प्रणालीको विकास र विस्तार,<br>४) प्रविधि र प्राविधिक सहितको बेमौसमी खेतीमा प्रोत्साहन,<br>५) पानीका स्रोतहरुको पहिचान र संरक्षण,<br>६) कृषकहरुका लागि सहुलियतमा भूमिगत सिचाई योजना वितरण, | स्था.वि.तथा ज.उ समिती/ गाँउपालिका, वडा विपद् ब्यवस्थापन समिति | १५ लाख | गाँउपालिक, कृषि शाखा | प्रदेश सरकार,<br>दातृनिकायहरु, विकासका साझेदार निकायहरु तथा गैह्र सरकारी संस्थाहरु | नियमित |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | खानेपानी | १) खानेपानीको श्रोतहरुको संरक्षण र वितरण प्रणालीमा सुधार ल्याउने<br>२) खानेपानीको परिक्षण गर्ने | गाउँपालीका, खा.पा.उ.स. | ५ लाख | गाउँपालीका योजना शाखा | खापाउस, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | २ बर्ष भित्र |

### ४.१.४ आपत्कालीन पूर्वतयारी :

हिमाली गाँऊपालिका भित्र कुनै पनि विपद्को घटना भएमा त्यसको सामना गर्नका लागि विपद् हुनु भन्दा अगावै व्यवस्थापन गरिएको सिप, स्रोत, सामाग्री, र दक्ष जनशक्तिको उचित व्यवस्थापन नै पूर्व तयारी अन्तर्गत पर्दछ । विपदका घटनाहरुको प्रकार अनुसार नै विपद प्रतिकार्य क्षमता फरक फरक हुने भएकोले विपद् पूर्व तयारी पनि सोही बमोजिम गनुपर्ने हुन्छ । जति सवल पूर्वतयारीका कार्यहरु हुन्छ विपद्को प्रभाव त्यही अनुसार कम गर्न सकिन्छ भने प्रभावितको आधारभूत आवश्यकताको पनि सहि समय, गुणस्तर र परिमाणमा परिपूर्ति हुन्छ । यही यर्थाथलाई मध्येनजर गरी गाँऊपालिकाको बहुप्रकोप जोखिमका आधारमा गर्नुपर्ने विपद् पूर्वतयारीका गतिविधिहरुलाई प्राथमिकताको आधारमा तल उल्लेख गरिएको अनुसार संचालन गरिनेछ ।

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | अनुमानित बजेट | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| १ | प्रभावितहरुका लागि तत्कालीन आधारभूत आवश्यकता परिपूर्तिको समस्या | गाँउपालिका र वडा स्तरमा आपत्कालिन कोषको स्थापना, परिचालन नीतिको तर्जुमा र आवश्यकता अनुसार कोषको परिचालन तथा व्यवस्थापन | ५ लाख | स्था.वि.तथा ज.उ समिती/ वडा विपद व्यवस्थापन समिति | गाँउपालिका जिल्ला विपद् व्यवस्थापन समति | मानविय सहयोग क्षेत्रमा कार्यरत निकायहरु | १ वर्ष (बार्षिक नियमीत) |
| २ | विपद् प्रतिकार्यका लागी दक्ष जनशक्तिको अभाव | सुरक्षा निकायका प्रतिकार्य कर्ता बाहेक समुदाय स्तरमा पनि निम्नानुसार संख्यामा दक्ष जनशक्ति तयार गर्ने :<br>१) गाँउपालिका सवै वडाको प्रतिनिधित्व (प्रति वडा ६ जना) हुने गरी मा कम्तीमा ३० जना सामुदायीक खोज तथा उद्धार कर्ता, ३० जना प्रथामिक उपचारक र अन्य आपत्कालीन सरसफाई तथा स्वच्छता, खानेपानी व्यवस्थापन, स्वास्थ्य र संरक्षण सम्वन्धि स्वंयम सेवक समूह तयार गर्ने | ५ लाख | स्था.वि.तथा ज.उ समिती/ गाँउपालिका | जिल्ला विपद् व्यवस्थापन समति तथा नेपाल रेडक्रस सोसाइटी, अन्य सरोकारवाला निकाय र गाँउपालिकाको सामाजिक विकास र स्वास्थ्य शाखा | मानविय सहयोग क्षेत्रमा कार्यरत निकायहरु | २०८१ भित्र |
| ३ | विपद् प्रतिकार्य सामाग्री व्यस्थापन तथा राहत भण्डारण नहुन | गाँउपालिका तह र सवै वडामा विपद् प्रतिकार्य सामाग्री राख्ने र राहत व्यवस्थापनका लागी गाँउपालिकाको उपयुक्त स्थान पहिचान गरी सामाग्री सहित गोदाम घरको व्यस्थापन गर्ने | २ लाख | स्था.वि.तथा ज.उ. समिती/ गाँउपालिका | सुरक्षा निकाय/ नेपाल रेडक्रस सोसाइटी र गाँउपालिका | मानविय सहयोग क्षेत्रमा कार्यरत निकायहरु | १ वर्ष भित्र |
| ४ | राहतको आवश्यकता | १) राहत व्यवस्थापनलाई प्रवाभकारी बनाउने,<br>२) कम्तीमा ५० परिवारका लागी आवश्यक खाद्य तथा गैर खाद्य सामाग्री, अस्स्थायी आवास सामाग्री, स्वच्छता तथा सरसफाई सामाग्री, खानेपानी व्यवस्थापन सामाग्री, स्वास्थ्य र संरक्षणका सामाग्रीहरुको भण्डारण गर्ने | ५ लाख | स्था.वि.तथा जलवायू उत्थानशिल समिती | जिल्ला विपद् व्यवस्थापन समिति तथा नेपाल रेडक्रस सोसाइटी | मानविय सहयोग क्षेत्रमा कार्यरत निकायहरु | १ वर्ष भित्र |
| ४) | आवासमा क्षती | आपतकालिन आवस सामाग्रीको व्यवस्था गर्ने | ५ लाख | स्था.वि.तथा जलवायू | जिल्ला विपद् व्यवस्थापन समिति तथा | मानविय सहयोग क्षेत्रमा | २ वर्ष |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | उत्थानशिल समिती | नेपाल रेडक्रस सोसाइटी | कार्यरत निकायहरु | |
| ५) | समन्वयमा समस्या | जिल्ला विपद् व्यवस्थापन समिति तथा अन्य सरोकारवाला निकाय संग समन्वयका संयन्त्र निर्माण गर्ने | ५० हजार | स्था.वि.तथा जलवायू उत्थानशिल समिती | जिल्ला विपद् व्यवस्थापन समिति | मानविय सहयोग क्षेत्रमा कार्यरत निकायहरु | नियमित |
| ६) | क्षमता विश्लेषण समस्या | गाँउपालिकामा क्षेत्र भित्र कार्यरत निजी क्षेत्र, उद्योग वाणिज्य संघ,उद्योगी व्यापारीको लागत संकलन गर्ने र उनीहरु संहयोगका लागी अपिल गर्ने | ५ लाख | स्था.वि.तथा जलवायू उत्थानशिल समिती | जिल्ला विपद् व्यवस्थापन समिति | मानविय सहयोग क्षेत्रमा कार्यरत निकायहरु | १ वर्ष भित्र |
| ७ | आपत्कालीन आश्रयस्थलको समस्या | गाँउपालिकामा भएको सामुदायिक भवन, खुल्ला चौर, अग्लो स्थान, धर्मशाला, मठमन्दिरहरुको क्षमता विश्लेषण गरी आपत्कालिन आश्रयस्थलको रुपमा विकास प्रचार प्रसार र व्यवस्थापन गर्ने | १० लाख | स्था.वि.तथा जलवायू उत्थानशिल समिती, वडा विपद् व्यवस्थापन समिति | जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा निकायहरु, सामाजिक अगुवहरु | मानविय सहयोग क्षेत्रमा कार्यरत निकायहरु | १ वर्ष भित्र |
| ८ | आपतकालिन कार्य संचालन केन्द्रको स्थापना | गाउँपालिकामा स्थापना गर्ने | ५ लाख | स्था.वि.तथा जलवायू उत्थानशिल समिती, वडा विपद् व्यवस्थापन समिति | जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा निकायहरु, सामाजिक अगुवहरु | मानविय सहयोग क्षेत्रमा कार्यरत निकायहरु | १ वर्ष भित्र |

## ४.१.५. गाँउपालिकाको विपद् प्रतिकार्य योजना :

| समयावधि | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | प्रक्रिया | प्रतिफल | स्रोतको व्यवस्था | |
|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | वाह्य |
| ० देखि १ घण्टा भित्र | प्रकोपको पूर्व सूचना र विपद्को सूचना सम्प्रेषण | पूर्व सूचना कार्यदल, प्रभावित समुदाय र स्थानीय र सामुदायिक विपद् तथा जलवायू उत्थानशील समिति | पूर्व सूचना कार्यदलले समुदाय, वर्षा तथा नदी अवलोकन केन्द्र, जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र, सञ्चारमाध्यम, जल तथा मौसम विज्ञान विभाग र मातहतका कार्यालय, सुरक्षा निकाय, विपद् सम्बन्धी कार्य गर्ने संघ संस्थाहरु, राष्ट्रिय भूकम्प मापन केन्द्र लगायतका विभिन्न माध्यमबाट प्रकोपको सूचना तथा पूर्व सूचना प्राप्त गरी स्थानीय र सामुदायिक विपद तथा जलवायु उत्थानशील समिति, खोज उद्धार र प्राथमिक उपचार कार्यदल, जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र तथा संकटासन्न समुदायहरुलाई विभिन्न सञ्चार माध्यम (जस्तैः हाते माइक, साइरन, फोन, एस्.एम.एस्. आदि)को प्रयोग गरी खबर आदान प्रदान गर्ने | सङ्कटासन्न समुदाय र जिल्लाका सरोकारवालाहरुद्धारा विपद् सम्बन्धी सूचना प्राप्त गर्ने, सूचना प्राप्त गरिसके पश्चात् सुरक्षित स्थानमा आश्रय लिने | स्था.वि.ज.उ. समिति | गाँउपालिका |
| ० देखि १ घण्टा भित्र | स्थानीय तथा सामुदायिक विपद् तथा जलवायू उत्थानशील समितिको वैठक | समितिका पदाधिकारीहरु | यो प्रकोपको जोखिम सम्बन्धी पूर्व सूचना तथा घटनाको सूचना प्राप्त गरेपश्चात् स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति/सामुदायिक विपद् व्यवस्थापन समितिले केही आपत्कालीन निर्णयहरु गर्न बस्ने बैठक हो | प्राथमिक उपचार कार्यदल र खोज तथा उद्दार कार्यदल परिचालन गर्ने निर्णय, समुदायलाई साइरन, मेगाफोन र अन्य साधन प्रयोग गरी नियमित जानकारी दिने निर्णय | स्था.वि.ज.उ. समिति | गाँउपालिका |
| ० देखि २४ घण्टा भित्र | स्थानीय र सामुदायिक कार्यदलहरुबाट उद्दार कार्य | खोज उद्धार तथा प्राथमिक उपचार कार्यदल | विपद् भएको सूचना प्राप्त गरेपछि प्राथमिक उपचार कार्यदल र खोज तथा उद्दार कार्यदल समुदायमा गई आफ्नो कार्य सुरु गर्नेछ। आगलागीको घटना भएमा आगलागी नियन्त्रणको प्रयास गर्ने | लक्षित ५० प्रतिशत समुदायलाई उद्दार गरी सुरक्षित स्थलमा ल्याइने चोटपटक लागेका विरामीहरुलाई प्राथमिक उपचार प्रदान गरिने | स्था.वि.ज.उ. समिति, गाँउपालिका | जिल्ला विपद व्यवस्थापन समिति, सुरक्षा निकाय, रेडक्रस |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | महामारी विपद्का सम्वन्धमा मानिसमा हुने महामारी अवस्थाको जानकारी दिने तथा प्रतिकार्य सुरु गर्ने | | | |
| ० देखि २४ घण्टा भित्र | खोज उद्धार र प्राथमिक उपचारका लागि थप सहयोग आवश्यक भएमा जिल्ला विपद् व्यवस्थापन समिति , रेडक्रस, सुरक्षा निकाय लगायत सँग समन्वय गर्ने | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समितिको अनुरोध तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्देशनमा खोज तथा उद्दार विषयगत क्षेत्रले विभिन्न साधन तथा स्रोतको उपयोग गरी उद्दार कार्य गर्नेछ ।<br>खोज तथा उद्दारका लागि स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति, सामुदायिक विपद् व्यवस्थापन समिति र कार्यदलको सहायता लिनेछ | समुदायलाई उद्दार गरी सुरक्षित स्थलमा ल्याइने चोटपटक लागेका विरामीहरुलाई प्राथमिक उपचार प्रदान गरिने सघन घाइतेहरुलाई अस्पताल पठाउने | स्था.वि.ज.उ. समिति, गाँउपालिका | जिल्ला विपद व्यवस्थापन समिति, सुरक्षा निकाय, रेडक्रस |
| ० देखि २४ घण्टा भित्र | घाइते, हराइरहेका तथा विस्थापितको सूची अद्यवधिक राख्ने तथा द्रुत सर्वेक्षण तथ्याङ्क संकलन | जिल्ला विपद् व्यवस्थापन समिति, | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति र सामुदायिक विपद् व्यवस्थापन समितिले घाइते, हराइरहेका तथा आन्तरिक विस्थापितको सूची अद्यवधिक गर्ने, सूची तयार गर्दा स्थान, उमेर, लिङ्ग, जाति, अपाङ्गता आदि पनि खुलाउने<br>जिल्ला विपद् व्यवस्थापन समिति, खटाएको द्रुत सर्वेक्षण टोलीलाई द्रुत सर्वेक्षण फाराममा चाहिने जानकारी संकलन गर्न मद्धत गर्ने<br>(द्रुत सर्वेक्षण फाराम ) । | पहिलो चरणको क्षती, घाइते र मृत्यु हुनेको संख्या संकलन गर्ने | स्था.वि.ज.उ. समिति, गाँउपालिका, जिल्ला विपद व्यवस्थापन समिति, सुरक्षा निकाय, रेडक्रस, स्थानिय सरोकारवालाहरु | मानविय सहायताको क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरु |
| ० देखि २४ घण्टा भित्र | विपद् प्रभावित र आन्तरिक विस्थापितका लागि आधारभूत खाद्य सामग्री तथा अस्थायी वसोवासको प्रबन्ध गर्ने | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति | स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले आफूसँग भएको श्रोत परिचालन गर्ने तथा अपुग स्रोतका लागि जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय र जिल्ला स्थित दातृ संस्थाहरुको वा व्यक्तिहरुलाई अनुरोध गर्ने | विपद् प्रभावित र आन्तरिक विस्थापितका लागि आधारभूत खाद्य सामग्री र अपाङ्गता, वालवालिका, जेष्ठ नागरिक तथा लैङ्गिक मैत्री अस्थायी वसोवासको बन्दोवस्त हुने | स्था.वि.ज.उ. समिति, गाँउपालिका, जिल्ला विपद व्यवस्थापन समिति, सुरक्षा निकाय, रेडक्रस, स्थानिय सरोकारवालाहरु | मानविय सहायताको क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ० देखि २४ घण्टा भित्र | समुदायलाई सचेत गराउन जिल्ला विपद् व्यवस्थापन समिति, कार्यदलहरु, समुदाय, प्रकोपसँग सम्बन्धित सरकारी गैरसरकारी निकायहरु, सञ्चार माध्यम आदिबाट प्राप्त तथ्यगत पूर्वसूचना, आपत्कालीन चेतावनी, जोखिम बढेको वा घटेको, भएगरेका उद्धार प्रयासहरु, अपनाउनु पर्ने सावधानीहरु तथा सार्वजनिक आह्वान विषयक सूचनाहरु आवश्यकता अनुसार नियमित प्रवाह गर्ने | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति | जिल्ला विपद् व्यवस्थापन समिति, कार्यदलहरु, समुदाय, प्रकोपसँग सम्बन्धित सरकारी गैरसरकारी निकायहरु, सञ्चार माध्यम आदि लगायत विभिन्न माध्यमबाट जानकारी प्राप्त गरी माइकिंग, फोन जस्ता माध्यम प्रयोग गरी समुदायलाई सूचित गर्ने | समुदायमा अफवाह फैलनबाट रोक्ने, जिवन उपयोगी सन्देशहरु प्रवाह हुने | स्था.वि.ज.उ. समिति, गाँउपालिकामा , जिल्ला विपद व्यवस्थापन समिति, सुरक्षा निकाय, रेडक्रस, स्थानिय सरोकारवालाहरु | मानविय सहायताको क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरु |
| २४ घण्टा देखि ४८ घण्टा भित्र | प्रभावित परिवार को दर्ता तथा खोजी कार्य, प्रभावित परिवारलाई पहिचान पत्र ( टोकन) वितरण र तथ्यांक व्यवस्थापन | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति | समुदाय विपद् व्ययस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी लगायतका अन्य निकायको सहयोगमा स्थानीय विपद् तथा जलवायु उत्थानशिल समितिले प्रभावित परिवार दर्ता गर्नेछ। यस सुचीलाई सुरक्षा निकायले (नेपाल प्रहरी) प्रमाणित गर्नेछ | राहत प्याकेजको आवश्यकता मूल्यांकन, वितरण र प्रतिकार्यका लागि प्रभावित परिवारको तथ्यांक व्यवस्थापन | स्था.वि.ज.उ. समिति, गाँउपालिका, जिल्ला विपद व्यवस्थापन समिति, सुरक्षा निकाय, रेडक्रस, स्थानिय सरोकारवालाहरु | मानविय सहायताको क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरु |
| २४ घण्टा देखि ४८ घण्टा भित्र | आवास तथा गैरखाद्य सम्बन्धी प्रतिकार्य | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति | जिल्ला विपद् व्यवस्थापन समिति मिति मातहतको आवास तथा गैर खाद्य विषयगत क्षेत्रसँग समन्वय गर्दै समुदाय विपद् व्यवस्थापन समितिको मद्धतमा तथा विस्थापित संख्याको आधारमा अस्थायी वासस्थानको व्यवस्थापन गर्ने । वासस्थान व्यवस्थापन गर्दा स्फेयर मापदण्ड अपनाइनुपर्ने | विस्थापित समुदायका लागि अस्थायी वासस्थानको तथा अन्य आधारभूत गैर खाद्य सामग्रीको व्यवस्था | स्था.वि.ज.उ. समिति, गाँउपालिका, जिल्ला विपद व्यवस्थापन समिति, सुरक्षा निकाय, रेडक्रस, स्थानिय सरोकारवालाहरु | मानविय सहायताको क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ घण्टा देखि ४८ घण्टा भित्र | खानेपानी तथा सरसफाइ सम्बन्धी प्रतिकार्य | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति | प्रभावित संख्याको सूचीको आधारमा जिल्ला विपद् व्यवस्थापन समिति अन्तर्गतको खानेपानी तथा सरसफाई विषयगत क्षेत्रसँग समन्वय गर्दै तथा समुदाय विपद् व्यवस्थापन समिति समेतको मद्धतमा वितरण गर्नुपर्ने सामाग्री संख्या निर्धारण गरी वितरण गर्नेछ ।<br>जैविक, ठोस तथा प्रकोपजन्य फोहोरको उचित प्रबन्ध मिलाउने वा नष्ट गर्ने सम्बन्धी जनचेतना फैलाउने | स्वास्थ्य सामाग्री, पानी शुद्धिकरणका लागि सामाग्री लक्षित जनसमुदायलाई वितरण गर्ने,<br>हात धुने तरिका र महत्व सम्बन्धी जानकारी,<br>महिलालाई चाहिने सरसफाइ तथा प्रजनन स्वास्थ्य सम्वन्धि सामाग्रीको व्यवस्था,<br>अस्थायी शौचालय र फोहोर मैलाको व्यवस्थापन | स्थाविजउ समिति, गाँउपालिका, जिल्ला विपद व्यवस्थापन समिति, सुरक्षा निकाय, रेडक्रस, स्थानिय सरोकारवालाहरु | मानविय सहायताको क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरु |
| २४ घण्टा देखि ४८ घण्टा भित्र | खाद्य व्यवस्थापन सम्बन्धी प्रतिकार्य | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति | प्रभावित संख्याको सूचीको आधारमा जिल्ला विपद् व्यवस्थापन समिति अन्तर्गतको खाद्य विषयगत क्षेत्रसँग समन्वय गर्दै आवश्यक तयारी खाद्य सामाग्री आँकलन गर्ने<br>सामुदायिक विपद् व्यवस्थापन समितिको सहयोग लिई खाद्य सामाग्री वितरण गर्नेछ । | प्रभावित जन समुदायलाई तयारी खाद्य सामाग्री वितरण | स्थाविजउ समिति, गाँउपालिका, जिल्ला विपद व्यवस्थापन समिति, सुरक्षा निकाय, रेडक्रस, स्थानिय सरोकारवालाहरु | मानविय सहायताको क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरु |
| २४ घण्टा देखि ४८ घण्टा भित्र | गुनासा, लैङ्गिक हिंसा तथा विवाद व्यवस्थापन सम्बन्धी प्रतिकार्य | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति र संरक्षण कार्यदल | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समितिको निर्देशनमा फिल्डमा परिचालित टोलीले आवास तथा गैरखाद्यसँग सहकार्य गरी संकटासन्न वर्गको आवश्यकता अनुसार अस्थायी वासस्थानको व्यवस्थापन गर्नेछ । | महिला, वृद्ध वृद्धा र वालवालिकाको आवश्यकताअनुसार अस्थायी बासस्थान व्यवस्थापन गर्ने | स्थाविजउ समिति, गाँउपालिका, जिल्ला विपद व्यवस्थापन समिति, सुरक्षा निकाय, रेडक्रस, स्थानिय सरोकारवालाहरु | मानविय सहायताको क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरु |
| २४ घण्टा देखि ४८ घण्टा भित्र | स्वास्थ्य तथा पोषणसम्बन्धी प्रतिकार्य | स्थानीय र सामुदायिक विपद् व्यवस्थापन समिति | प्रभावित संख्याको सूचीको आधारमा जिल्ला विपद् व्यवस्थापन समिति अन्तर्गतको स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रसँग समन्वय गर्दै स्वास्थ्य तथा पोषण सम्बन्धी प्रतिकार्यका लागि आवश्यक सामग्री संख्या आँकलन गरी वितरण गर्नेछ । | प्रभावित परिवारलाई सुरक्षित सामाग्री वितरण,<br>प्रभावित क्षेत्रमा आवश्यकता अनुसार अस्थायी अस्पताल स्थापना | स्थाविजउ समिति, गाँउपालिका, जिल्ला विपद व्यवस्थापन समिति, सुरक्षा निकाय, रेडक्रस, स्थानिय सरोकारवालाहरु | मानविय सहायताको क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | आवश्यकता अनुसार अस्थायी अस्पताल स्थापना | | | |
| ४८ देखि ७२ घण्टा भित्र | पानी शुद्धिकरणका लागि अपुग सामग्रीको लेखाजोखा र व्यवस्थापन | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समितिले सामुदायिक विपद् व्यवस्थापन समिति र जिल्ला जिल्ला विपद् व्यवस्थापन समिति अन्तर्गतको खानेपानी तथा सरसफाई विषयगत क्षेत्रसँग समन्वय गर्दै पानी शुद्धिकरणका लागि अपुग सामाग्रीको लेखाजोखा गर्नेछ ।<br>पानीको सुविधा विभिन्न स्थानमा गराउनेछ । | विभिन्न ठाउँमा पानीको व्यवस्थापन<br>पानी शुद्धिकरणका लागि थप सामाग्री वितरण | स्थाविजउ समिति, गाँउपालिका, जिल्ला विपद व्यवस्थापन समिति, सुरक्षा निकाय, रेडक्रस, स्थानिय सरोकारवालाहरु | मानविय सहायताको क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरु |
| ४८ देखि ७२ घण्टा भित्र | महामारी नियन्त्रणका लागि फोहर व्यवस्थापन | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समितिले सामुदायिक विपद् व्यवस्थापन समिति र जिल्ला विपद् व्यवस्थापन समिति, अन्तर्गतको खानेपानी तथा सरसफाई विषयगत क्षेत्र तथा सुरक्षा निकायसँग समन्वय गर्दै मरेका पशुका शवहरु संकलन तथा व्यवस्थापन गर्ने | मरेका पशुका शवहरु संकलन तथा व्यवस्थापन हुने | स्थाविजउ समिति, गाँउपालिकामा, जिल्ला विपद व्यवस्थापन समिति, सुरक्षा निकाय, रेडक्रस, स्थानिय सरोकारवालाहरु | मानविय सहायताको क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरु |
| ४८ देखि ७२ घण्टा भित्र | स्फियर मापदण्डअनुसार खाना बनाउने भाँडावर्तन, इन्धन, लुगाफाटो, कम्बल, परिवार, बालबालिका, महिलाका लागि आवश्यक पर्ने स्वास्थ्य प्रबर्द्धन सामग्रीजस्ता गैरखाद्य सामग्रीको सेट वितरण गर्ने | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति | स्थानीय विपद् तथा जलवायु उत्थानशिल समितिले जिल्ला विपद् व्यवस्थापन समिति अन्तर्गतको आवास तथा गैर खाद्य विषयगत क्षेत्रसँग समन्वय गर्दै निरन्तर आवास व्यवस्थापनमा लागिरहने छ । | प्रभावित परिवारलाई गैरखाद्य सामाग्री वितरण | स्थाविजउ समिति, गाँउपालिका, जिल्ला विपद व्यवस्थापन समिति, सुरक्षा निकाय, रेडक्रस, स्थानिय सरोकारवालाहरु | मानविय सहायताको क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरु |
